कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

ARUN VALLEY HYDROPOWER DEVELOPMENT CO. LTD
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT
ESTD. 1997 A.D.


**अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड**

दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा , वडा नं. ११ थापाथली, काठमाण्डौं

फोन न. ०१–५१११०९३, फ्याक्स नं. ०१–५१११०३५,

इमेल : arunvalley2054@gmail.com वेभसाइट : www.arunhydro.com.np


**को**

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- का दरले शत प्रतिशत भुक्तानी माग गरिएको।

रु. १,०४,८२,३९,४०० बराबरको प्रति शेयर रु.१०० /- अंकित दरका १०,४८,२३९४ कित्ता साधारण शेयरको १ :०.५ (अर्थात विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा रु. ५२,४१,१९,७००/- बराबरको प्रति शेयर रु १००/- अंकित दरका ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

## निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषणः

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस कम्पनीले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक , काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई पुष १५, २०७७ (डिसेम्बर ३०, २०२०) मा "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औषत जोखिम रहेको "(Issuers with this rating are considered to have moderate risk of default)" भन्ने जनाउँछ । सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) मा उल्लेख गरिएको छ ।

| | |
|---|---|
| रेटिङ्ग प्रदान गरेको मितिः | पुष १५, २०७७ (डिसेम्बर ३०, २०२०) |
| रेटिङ्ग बहाल रहने अवधि मितिः | पुष १४, २०७८ (डिसेम्बर २९, २०२१) |

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७७/११/२५

**निष्काशन खुल्ला हुने मिति :**२०७८/०१/०६

**निष्काशन बन्द हुने मिति :**२०७८/०१/२६ (**बैंकिङ्ग समय पश्चात**)

**निष्काशन तथा बिक्री प्रबन्धक**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
Formerly Known as VIBOR CAPITAL LIMITED


**मुक्तिनाथ क्यापिटल लिमिटेड**

हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं ।

फोन नं.: ४५४६१०८, ४५४६१०९

Email: info@muktinathcapital.com

Website: www.muktinathcapital.com

**क) संगठित संस्थाको नाम :** अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Arun Valley Hydropower Development Company Limited).

**ख) संगठित संस्थाको रजिष्ट्र्ड कार्यालय :** कम्पनीको रजिष्टर्ड ठेगाना का. म. न. पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग) कारोवार स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्ट्र्ड कार्यालय का. म. न. पा., वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल प्रदेश नं.१, संखुवासभा जिल्ला, चैनपुर न.पा. वडा नं. ७ (पिलुवाखोला जलविद्युत आयोजना) र प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउ पालिका वडा नं. १ (काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना) मा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(अ) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड २०५४ साल फागुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा कम्पनीमा जनसहभागीता बिस्तार गर्ने हेतुले २०६२ साल भाद्र ८ गतेका दिन पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

(आ) कम्पनीमा स्थापना कालमा ८२ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको थियो । मिति २०६९ भाद्र ०१ गते देखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

(इ) कम्पनीले पिलुवाखोलाको पानी उपयोग गरी ३,००० किलोवाट क्षमताको पिलुवाखोला जलविद्युत आयोजना निमार्ण गर्न २०५७ साल कात्तिक महिना देखि कार्य सुरु गरी मिति २०६० श्रावणमा निर्माण कार्य सम्पन्न गरी २०६० साल आश्विन १ गते देखि व्यवसायिक उत्पादन गरिरहेको छ । यस आयोजनाले प्रदेश नं. १ को कोशी अंचलका पहाडी जिल्लाहरुमा लोडसेडिंग हटाई भरपर्दो, उपयुक्त भोल्टेजको विद्युतशक्ति आपुर्ति गरी देश निमार्णमा सहयोग गरीरहेको छ । कम्पनीले निर्माण गरेको पिलुवाखोला आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०५६ साल माघ ९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि २५ वर्ष सम्मका लागि कायम रहेकोछ । सम्झौताको अवधि पुरा भएपछी दुवै पक्षको सहमतिबाट सम्झौता नविकरण गर्न सकिने व्यवस्था छ ।

(ई) कम्पनीले काबेली खोलाको पानी उपयोग गरि प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउ पालिका वडा नं. १ मा ९९४० किलोवाट क्षमता भएको काबेली बी १ क्यासकेड परियोजना मिति २०७६ पुष देखि निर्माण कार्य सुरु गरि रहेको छ। उक्त आयोजनाको निर्माण कार्य २०७८ साल भाद्र मसान्त सम्ममा सम्पन्न गरि २०७८ साल आश्विन १ गते देखि राष्ट्रिय प्रसारण लाईनमा जोडिने लक्ष्य रहेको छ।

**कम्पनीका उद्देश्यहरु :**

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत विक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरु लिजमा लिई पूनः संचालन गरी, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युत संग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारकको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(च) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक वस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

इ) विद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने।

ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।

उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

ऊ) देशमा बढ्दै गइरहेको सिमेन्टको मागलाई दृष्टिगत गरी आधुनिक सिमेन्ट उद्योगको स्थापना गरी गुणस्तरयुक्त सिमेन्ट उत्पादन गरी बिक्रि वितरण गर्ने ।

ए) स्वीकृति लिनु पर्नेमा लिई खानी खोजतलास गरी उत्खनन गर्ने ।

(छ) कम्पनीको व्यवसाय विस्तार गर्नको लागि जलविद्युतको अतिरिक्त (१) बैंक तथा वित्तिय संस्था, (२) सिमेन्ट उद्योग, (३) खानी तथा खनिज उद्योग तथा (४) भवन निमार्ण आदि क्षेत्रमा लगानी गर्ने ।

## ङ) शेयर पूँजीको संरचना :

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (अक्षरेपी दुई अर्व पचास करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु. १,८६,६०,२४,६००/- (अक्षरेपी एक अर्व छयासी करोड साठ्ठी लाख चौबीस हजार छ सय)) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,८६,६०,२४६ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु. १,०४,८२,३९,४००/- (अक्षरेपी रु. एक अर्व चार करोड बयासी लाख उनान्चालिस हजार चार सय) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,०४,८२,३९४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत रु. ५२,४१,१९,७००/- ( अक्षेरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- (अक्षेरुपी एक अर्व सन्ताउन्न करोड तेइस लाख उनान्न साठ्ठी हजार एक सय मात्र) हुनेछ ।

## च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. १,०४,८२,३९,४०० /- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- कायम हुनेछ ।

## छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

मिति २०६९ भाद्र ०१ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भएको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । हाल कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागी कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

**२०७७ माघ मसान्त सम्मको आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

| सि.नं. | नाम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | अमर राजा ताम्राकार | काठमाण्डौं-२६ | ३७७३२४ | |
| २. | जिबन राज शाक्य | काठमाण्डौं-१५ | ३१४५४४ | |
| ३. | सुमित्रा देवी न्यौपाने | नया बानेश्वर-३४ | ३९३३७४ | |
| ४. | गोर्खाज फाईनान्स लि. | डिल्लीबजार -३३ | १८७९०७ | |
| ५. | गगन विर सिंह कंसकार | कालिमाटी-१६ | १४६१११ | |
| ६. | गुरु प्रसाद न्यौपाने | नया बानेश्वर-३४ | १७८८०२ | |

## ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- को १ शेयर बराबर शुन्य दशमलब पाँच (१ :०.५) को अनुपातमा (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ । विद्युत नियमन आयोगबाट रु.९९,८३,२३,२००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन

गर्ने मिति २०७७/०४/१६ गतेमा कम्पनीले पूर्व स्विकृति प्राप्त गरेको र सोहि पूर्व स्विकृति बमोजिम कम्पनीले रु १००/- अंकित दरका ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताको हुन आउने रु ५२,४१,१९,७००/- (अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजारसात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीको मिति २०७७/०९/०८ गतेमा बसेको २३ औं वार्षिक साधारण सभाबाट पारित आर्थिक वर्ष २०७६/०७७ को ५ प्रतिशत बोनश शेयर समेत थप गरे पश्चात् कायम हुने कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४०० को एक कित्ता बराबर शुन्य दशमलब पाँच (१:०.५) को अनुपातमा हुन आउने जम्मा कित्ता ५२,४१,१९७ बराबर रु.५२,४१,१९,७००/-को हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागी निवेदन गरिएको छ । धितोपत्र निष्काशन गर्नु अघि विद्युत नियमन आयोगबाट पुर्व स्विकृति लिनु पर्ने नियम बनेर लागू भएपछि कम्पनीले आयोग समक्ष निवेदन गरेको थियो । विद्युत नियमन आयोगबाट मिति २०७७/०४/१६ गते रु. ९९ करोड ८३ लाख २३ हजार २ सय चूक्ता पूँजीलाई १:१ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सहमति प्रदान भए बमोजिम कम्पनीले रु १००/- अंकित दरको ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताले हुन आउने ५२,४१,१९,७००/-(अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारणसभा सम्पन्न भएको मिति** :

कम्पनीको २३औं वार्षिक साधारणसभा मिति २०७७/०९/०८ मा सम्पन्न भई हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको छ ।

**ञ) सञ्चालकहरुको परिचय**

**सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

यस कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिबन राज शाक्य | अध्यक्ष | ६४ | नेपाली | बि. ए. | १२२/४१ डल्लु, काठमाण्डौ | -सञ्चालक अरुण भ्याली हाइड्रो पावर डे. कम्पनी लिमिटेड<br>-संस्थागत प्रतिनिधि सञ्चालक अरुण काबेली पावर लि. समेत गरि जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव ।<br>-म्यानेजर पार्टनर-People to People Gmbh,Germany & Namaste B.V.B.A,Belgium<br>महा सचिव-Nepal Sri-Lanka friendship & Cultural Association- (२ वर्ष)<br>-सचिव- Buddhist SAARC - (३ वर्ष) | सर्वसाधारण |
| २. | रमेश प्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ४८ | नेपाली | एम.बि.एस | कोशी अञ्चल,मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं.११ | -अरुण काबेली पावर लि.-सञ्चालक<br>-जनता बैंक नेपाल लि., -सञ्चालक (१ वर्ष)<br>-रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड- आयोजना संयोजक<br>-अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेडमा विभिन्न पदमा रहि जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव । | सर्वसाधारण |
| | | | | | | | नेपाल विद्युत प्राधिकरण-सञ्चालक (१ वर्ष) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | बिबेक तातेड | सञ्चालक | ४४ | नेपाली | एम.बि.ए | थापाथली, काठमाण्डौ | रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड-प्राविधिक सञ्चालक (५ वर्ष) प्रबन्ध निर्देशक- विशाल पलास्टोक्याब इन्डष्ट्रिज प्रा.लि. २००५ देखि हाल सम्म व्यवसाय विकास प्रबन्धक- एस.टि.एम. टेलिकम संचार कं.प्रा.लि.( ६ महिना) व्यवसाय विकास प्रबन्धक- एच.जी.इन्ट. प्रा.लि.(२ वर्ष) जलविद्युत क्षेत्रमा ५ बर्षको अनुभव । | सर्वसाधारण |
| ४. | सतिश न्यौपाने | सञ्चालक | ४२ | नेपाली | बि ए | का.म.न.पा.३१, काठमाण्डौ | -अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड-सञ्चालक -अपि पावर कम्पनी लिमिटेड- संस्थागत प्रतिनिधि सञ्चालक -कंचनजङ्गा हाउजिङ्ग लि. -सञ्चालक -अपि हाईड्रो मेकानिकल प्रा.लि प्रबन्ध निर्देशक जलविद्युत क्षेत्रमा १० बर्षको अनुभव । | सर्वसाधारण |
| ५. | मिलन खड्का | सञ्चालक | ३१ | नेपाली | बि.बि.एस | लगनखेल, ललितपुर | -अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड-सञ्चालक (२०१७ देखि हाल सम्म) -अरुण काबेली पावर लि. -.संस्थागत प्रतिनिधि सञ्चालक - अपि हाईड्रो मेकानिकल प्रा.लि- प्रमुख कार्यकारी अधिकृत (२०१७ देखि हाल सम्म) तथा वित्त व्यावस्थापक (२०१४ देखि २०१७ सम्म) जलविद्युत क्षेत्रमा ३ बर्षको अनुभव । | सर्वसाधारण |

**नोट** : कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन ।

यस कम्पनीका सञ्चालकहरु श्री रमेश प्रसाद न्यौपाने, श्री जिवनराज शाक्य र श्री सतिश न्यौपाने समान उद्धेश्यका अर्को कम्पनीमा संचालक पदमा आवद्ध रहनु भएकोले यस कम्पनीको आगामी वार्षिक साधारणसभा गर्दा संचालक पदमा नदोहोरिने प्रतिवद्धता पत्र श्री नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ।

"सूचिकृत संङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ।

**कम्पनीको प्रबन्ध सञ्चालकको विवरण :**

नाम : श्री रमेश प्रसाद न्यौपाने

ठेगाना : कोशी अञ्चल, मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं.११

अनुभव : -अरुण काबेली पावर लि.-संचालक,
-जनता बैंक नेपाल लि.-संचालक -१ वर्ष,
-रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड -परियोजना संयोजक -३ वर्ष,
-अरुण भ्याली हाइड्रोपावर डे.कम्पनी लिमिटेड- कार्यकारी अध्यक्ष
जलविद्युत कम्पनीमा परियोजना व्यवस्थापक देखि कार्यकारी अध्यक्षको पदमा २० बर्षको अनुभव कार्यरत

**ट) सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । मिति २०६९।०५।०१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीमा हाल विशेषज्ञ संचालक नियुक्त गरिएको छैन । कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलब पाँच(१:०.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को अधिनमा रहि सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**लेखापरिक्षण भएको विगत तीन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण**

**वासलात**

| **विवरण** | **(आ.व. २०७४/०७५)** | **(आ.व. २०७५/०७६)** | **(आ.व. २०७६/०७७)** |
|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४५,१७,७०,००५.०० | ४७,४४,५४,७४०.०० | ४९,१४,८४,५४७.०० |
| ह्रास कट्टी | (१८,८२,९६,१६१.००) | (२०,३१,५५,५०८.००) | (२२,०३,६६,३०५.००) |
| **खुद सम्पत्ती** | **२६,३४,७३,८४४.००** | **२७,१२,९९,२३२.००** | **२७,११,१८,२४२.००** |
| परियोजना कार्यप्रगति | ४,७५,२२,०२९.०० | १०,७२,४१,२३६.०० | २०,२८,८७,२१६.०० |
| लगानी | ५५,११,३०,९६४.०० | ५३,०८,४८,९८५.०० | ४२,६७,३०,९७१.०० |
| **कुल स्थीर सम्पत्ति** | **८६,२१,२६,८३७.००** | **९०,९३,८९,४५३.००** | **९०,०७,३६,४२९.००** |
| **चालू सम्पत्ति** | | | |
| प्राप्त हुन बाँकी | २,९५,७८,७०९.०० | १,०७,२८,७१३.०० | ९९,७८,५०९.०० |
| ऋण, पेश्की तथा जम्मा | १३,६२,५२,२२२.०० | १७,४२,४१,२०९.०० | २८,८२,१३,७४६.०० |
| नगद तथा बैकमा जम्मा रकम | १२,५८,२४०.०० | ७१,०६,४३४.०० | १,०१,६३,६१३.०० |
| **कुल चालू सम्पत्ति** | **१६,७०,८९,१७१.००** | **१९,२०,७६,३५६.००** | **३०,८३,५५,८६८.००** |
| **जम्मा सम्पत्ति** | **१,०२,९२,१६,००८.००** | **१,१०,१४,६५,८०९.००** | **१,२०,९०,९२,२९७.००** |
| **पूँजि र दायित्व** | | | |
| **शेयर पूँजि** | **९३,३०,१२,३००.००** | **९३,३०,१२,३००.००** | **९९,८३,२३,२००.००** |
| जगेडा कोष तथा सञ्चित नाफा | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० | ७,८९,२८,००४.०० |
| **जम्मा** | **९५,७५,७३,०९८.००** | **१,०१,०६,५२,७४४.००** | **१,०७,७२,५१,२०४.००** |

| | | | |
|---|---|---|---|
| अल्पकालिन ऋण | ५,५३,३०,४९५.०० | ५,२४,९४,८२९.०० | ७,६३,४४,५९२.०० |
| अन्य तिर्नुपर्ने | १,६३,१२,४१५.०० | ३,८३,१८,२३६.०० | ५,५४,९६,५०१.०० |
| **ऋण तथा दायित्व** | **७,१६,४२,९१०.००** | **९,०८,१३,०६५.००** | **१३,१८,४१,०९३.००** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,०२,९२,१६,००८.००** | **१,१०,१४,६५,८०९.००** | **१,२०,९०,९२,२९७.००** |

**नाफा नोक्सान हिसाब**

| विवरण | (आ.व. २०७४/०७५) | (आ.व. २०७५/०७६) | (आ.व. २०७६/०७७) |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ५,२०,५९,७५६.०० | ५,४९,७३,०८९.०० | ६,९२,२१,४०२.०० |
| अन्य आम्दानी | १,८९,९१,९८२.०० | ४,१९,८७,३२४.०० | ६,०७,४९,४८८.०० |
| **जम्मा आम्दानी** | **७,१०,५१,७३८.००** | **९,६९,६०,४१३.००** | **१२,९९,७०,८९०.००** |
| रोयल्टी | १३,६०,३९४.०० | ८१,०१,४७२.०० | १,०१,१७,२४७.०० |
| प्रशासकीय खर्च | २,३७,३९,३७३.०० | ३१,८७,६७७.०० | ७८,४७,८३२.०० |
| आयोजना सञ्चालन खर्च | ६५,०१,००४.०० | ३३,०८,९२२.०० | ४४,३६,६४२.०० |
| **सञ्चालन मुनाफा** | **३,९४,५०,९६७.००** | **८,२३,६२,३४२.००** | **१०,७५,६९,१६९.००** |
| ब्याज खर्च | ४१,९३,९२४.०० | ७२,०५,९०७.०० | ९४,९१,७५१.०० |
| ह्रास खर्च | १,२४,७२,४६०.०० | १,३०,४५,१८०.०० | १,२३,२१,३९०.०० |
| **बोनस अघिको नाफा** | **२,२७,८४,५८३.००** | **६,२१,११,२५५.००** | **८,५७,५६,०२८.००** |
| कर्मचारी बोनस | १२,४५,३९५.०० | ११,४८,१७४.०० | ३,३३,०९०.०० |
| **बोनस पछिको नाफा** | २,१५,३९,१८८.०० | ६,०९,६३,०८१.०० | ८,५४,२२,९३८.०० |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **२,१५,३९,१८८.००** | **६,०९,६३,०८१.००** | **८,५४,२२,९३८.००** |
| आय कर | १४,२०,२६६.०० | ७८,८३,४३५.०० | १,४८,५३,२३८.०० |
| **आयकर पछिको नाफा** | **२,०१,१८,९२२.००** | **५,३०,७९,६४६.००** | **७,०५,६९,७००.००** |
| **संस्थागत समाजिक उत्तरदायित्व व्यवस्था** | – | – | **७,०५,६९७.००** |
| **आयकर पछिको खुद नाफा** | २,०१,१८,९२२.०० | **५,३०,७९,६४६.००** | ६९८६४००३.०० |
| चालु वर्षको नाफा नोक्सान | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ६,९८,६४,००३.०० |
| गत वर्षसम्मको सञ्चिती | ९,३४,५९,५१३.०० | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० |
| बोनस शेयर प्रदान | (८,४८,१९,३००.००) | - | (६,५३,१०,९००.००) |
| लाभांस कर | | | (३२,६५,५४३.००) |
| सञ्चितीबाट नगद लाभांस वितरण | (४१,९८,३३७.००) | - | – |
| **मौज्दात जगेडा कोष र सञ्चित सारेको** | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० | ७,८९,२८,००४.०० |

नोटः लेखापरिक्षकले कम्पनीको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम नभएको भनि राय व्यक्त गर्न असमर्थता (Disclaimer of Opinion) उल्लेख गरिएको छ ।

**कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण**

**वासलात**

| विवरण | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|
| | **आ.ब.०७७/०७८** | **आ.ब.०७८/०७९** | **आ.ब.०७९/०८०** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति (क)** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| भुमी, आयोजना संरचना, उपकरण तथा मेसिनरी | ४९,१४,८४,५४७ | २,४७,०६,५१,६८२ | २,४७,०६,५१,६८२ |
| **न्युन** | | | |
| ह्रास कट्टि | (२३,७१,८४,०५०) | (३६,२२,५९,३३३) | (४३,८२,५८,०३१) |

| | | | |
|---|---|---|---|
| **खुद स्थिर सम्पत्ति** | २५,४३,००,४९७ | २,१०,८३,९२,३४९ | २,०३,२३,९३,६५१ |
| निर्माणाधिन परियोजना | १,५१,७२,४०,३९० | १४,८७,७६,००५ | २१,३१,८९,७०२ |
| लगानी | ५४,३७,७१,७१५ | ७७,६७,७१,७१५ | ८९,६७,७१,७१५ |
| **कुल गैर चालु सम्पत्ति (क)** | २,३१,५३,१२,६०२ | ३,०३,३९,४०,०६९ | ३,१४,२३,५५,०६८ |
| **चालु सम्पत्ति (ख)** | | | |
| प्राप्त हुँन बाँकी रकम | ९९,७८,५०९ | ६,८२,१७,२४० | ७,११,२९,१७७ |
| ऋण, सापटी तथा पेश्की | २७,८८,०७,१८० | १५,०१,९५,९१९ | १६,६६,०२,५७३ |
| नगद तथा बैंक मौज्दात | १८,००,१३० | ८३,२९,८६३ | ८५,८३,०३३ |
| **कुल चालु सम्पत्ति (ख)** | २९,०५,८५,८१९ | २२,६७,४३,०२२ | २४,६३,१४,७८३ |
| **जम्मा सम्पती ((क)+(ख))** | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी (क)** | | | |
| शेयर पूँजी | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा तथा कोषहरु | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| **कुल पूँजी (क)** | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| **तिर्न बाँकी ऋण तथा सापटी (ख)** | ८९,५८,५०,८०८ | १,४१,९०,५१,६९६ | १,३५,३०,५८,१६५ |
| **चालु दायित्व (ग)** | | | |
| तिर्न बाँकी दायित्व | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| **कुल चालु दायित्व (ग)** | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| **कुल पूँजी तथा दायित्व ((क)+(ख)+(ग))** | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |

**नाफा नोक्सान हिसाव प्रक्षेपित**

| विवरण | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|
| | **आ.ब.०७७/०७८** | **आ.ब.०७८/०७९** | **आ.ब.०७९/०८०** |
| **आम्दानी :** | | | |
| विद्युत बिक्री आम्दानी | ६,९२,२१,४०२ | ३३,८५,५६,२७५ | ३४,७४,८२,५४१ |
| अन्य आम्दानी | ९,१२,०८,३७९ | ९,१९,५६,७४० | १२,९९,३१,६९२ |
| **कुल आम्दानी** | १६,०४,२९,७८१ | ४३,०५,१३,०१५ | ४७,७४,१४,२३३ |
| **न्यून:** | | | |
| **संचालन खर्च** | | | |
| रोयल्टी | १,०१,२२,१४० | १,६५,०२,८३७ | १,६६,८१,३६३ |
| प्रशासनिक खर्च | ६५,४६,६८८ | ६८,३५,१९६ | ७१,६४,३५७ |
| आयोजना संचालन खर्च | ४८,९२,९८४ | १,२१,६७,०५७ | १,२७,७५,४११ |
| **संचालन मुनाफा** | १३,८८,६७,९६९ | ३९,५०,०७,९२५ | ४४,०७,९३,१०२ |
| **अन्य खर्च** | | | |
| ब्याज खर्च | ८०,१७,१६० | ११,५९,१५,९६५ | १४,६१,२८,८७० |
| ह्रासकट्टी | १,६८,१७,७४६ | १२,५०,७५,२८३ | ७,५९,९८,६९८ |

| | | | |
|---|---|---|---|
| **बोनस अघिको मुनाफा** | **११,४०,३३,०६३** | **१५,४०,१६,६७७** | **२१,८६,६५,५३४** |
| कर्मचारी बोनस व्यवस्था | ३,३६,४०० | ३०,८०,३३४ | ४३,७३,३११ |
| **कर अघिको मुनाफा** | **११,३६,९६,६६३** | **१५,०९,३६,३४३** | **२१,४२,९२,२२३** |
| चालु आयकर | ३,१७६८,६३३ | २,२४,२०,३६९ | २,४३,७२,०५२ |
| स्थगन (डेफर) कर व्यवस्था | - | - | - |
| **कर पछिको मुनाफा** | **८,१९,२८,०३०** | **१२,८५,१५,९७४** | **१८,९९,२०,१७१** |
| संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | ८,१९,२८० | १२,८५,१६० | १८,९९,२०२ |
| **खुद मुनाफा** | **८,११,०८,७५०** | **१२,७२,३०,८१४** | **१८,८०,२०,९६९** |
| **मुनाफा विनियोजना** | | | |
| चालु वर्षको नाफा | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| अघिल्लो बर्षबाट सारेको | ७.८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ |
| शेयरधनीलाई लाभांश | (५,२५,४३,३२६) | - | - |
| **वासलातमा सारेको** | **१०,७४,९३,४२८** | **२३,४७,२४,२४२** | **४२,२७,४५,२११** |

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

**१) विद्युत विक्रीबाट प्राप्त हुने आम्दानी**

देहाय बमोजिमको परियोजनाबाट कम्पनीको आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।

| क्र.सं. | आयोजना | व्यवसायीक उत्पादन शुरु मिति |
|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | २०६०।०६।०१ |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | २०७८।०६।०१ |

पिलुवा खोला साना जलविद्युत आयोजना (३.०० मे.वा.) बाट हुने आम्दानी आ.व. २०७६/७७ सम्मको वास्तविक आधारमा लिइएको छ। सो पश्चात देहाय बमोजिम उत्पादन प्रक्षेपण गरिएको छ भने काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट हुने आम्दानी सोहि नदीमा संचालन भई रहेको कोबली बी १ जलविद्युत आयोजना (Upstream Project) को गत विगत १५ महिना (२०७६ कार्तिक देखि २०७७ पुष सम्म) को उत्पादनको आधारमा गरिएको छ ।

| क्र.स. | आयोजना | आ.व. २०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० |
|---|---|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | क्षमताको ८७ प्रतिशत | क्षमताको ८७ प्रतिशत | क्षमताको ८७ प्रतिशत |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | - | क्षमताको ९० प्रतिशत | क्षमताको ९० प्रतिशत |

उर्जा बिक्री दर : आयोजनाहरुबाट उत्पादन भएको उर्जाको उर्जा बिक्री दर देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आयोजना | दर रु/kWh |
|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | अनुसुची (क) मा उल्लेख भएको उत्पादनमा<br>३.९० (बैशाख-मंसिर)<br>५.५२ (पुष-चैत्र)<br>अनुसुची (ख) मा उल्लखे भएको उत्पादनमा<br>१.९५ (बैशाख-चैत्र) |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना * | ४.८० (बैशाख-मंसिर)<br>८.४० (पुष-चैत्र) |

*माथि उल्लेखति दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको लागि लागू हुनेछ । व्यवसायिक उत्पादन भएको पहिलो ८ वर्षको लागि सुरु कायम दरमा वार्षिक ३ प्रतिशतले बृद्धि हुनेछ । सो पश्चात दरहरु ५.९५/kWh (बैशाख-मंसिर) र रु १०.४२/kWh (पुष-चैत्र) स्थिर रहनेछ ।

**२) अन्य स्रोतबाट आम्दानी**

नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री वाहेक निम्न स्रोतहरुबाट कम्पनीको आम्दानी हुने अनुमान गरिएको छ ।

| क्र.सं. | आयोजना | आ.व. २०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० |
|---|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंकबाट लाभांस आम्दानी | १२,८६,६१६.०० | १,२८,६६,१६०.०० | १,६०,८२,७००.०० |
| २ | अरुण काबेली पावर लि. बाट लाभांस आम्दानी | - | २,८६,५६,५५५.०० | २,८६,५६,५५५.०० |
| ३ | हिमालय उर्जा विकास क.लि.बाट लाभांस आम्दानी | - | २१,७२,८५५.०० | २१,७२,८५५.०० |
| ४ | रिडि हाइड्रोपावर डेभलपमेण्ट कम्पनीबाट लाभांस आम्दानी | - | ३,८०,७२५.०० | ३,८०,७२५.०० |
| ५ | अन्य कम्पनीबाट लाभांस आम्दानी | ३,००,०००.०० | ५०,००,०००.०० | ३,००,००,०००.०० |
| ६ | घर भाडा | ३,३०,०००.०० | ३,६०,०००.०० | ३,९०,०००.०० |
| ७ | ब्याज आम्दानी | १,११,१३,६५०.०० | १,२२,२५,०१५.०० | १,३४,४७,५१७.०० |
| ८ | लगानी बिक्रीबाट आम्दानी | ७,८१,७८,११३.०० | ३,०२,९५,४३०.०० | ३,८८,०१,३४०.०० |
| **जम्मा** | | **९,१२,०८,३७९.००** | **९,१९,५६,७४०.००** | **१२,९९,३१,६९२.००** |

**३) रोयल्टी**

कम्पनीले देहाय बमोजिमको प्रचलित दर बमोजिम उर्जा विक्रीमा रोयल्टी भुक्तानी गर्ने अनुमान गरिएको छ ।

| क्र.सं. | विवरण | रोयल्टी (जडित क्षमताको आधारमा) | रोयल्टी (उत्पादनको आधारमा) |
|---|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | रु. १०००/ कि.वा. | विद्युत विक्री रकमको १०% |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | रु. १००/ कि.वा. | विद्युत विक्री रकमको २% |

**४) वित्तीय खर्च**

कर्जाको व्याज तल उल्लेखित आधारमा अनुमान गरिएको छ ।

| क्र.सं. | कर्जा | व्याज दर |
|---|---|---|
| १ | ओभर ड्राफ्ट | बेस रेट प्लस २% |
| २ | आयोजना ऋण | बेस रेट प्लस २% |

व्यवसायिक उत्पादन हुने सम्मको व्याजलाई आयोजना लागतको रुपमा जनाइएको छ । व्यवसायिक उत्पादन पछिको व्याजलाई नाफा नोक्सान हिसाबमा जनाइनेछ । बेस रेट मासिक/त्रैमासिक आधारमा परिवर्तन भई रहने भएकोले बेस रेट १० प्रतिशत मानि प्रक्षेपण गरिएको छ।

**५) ह्रास कट्टी/परिशोधन**

ह्रास कट्टी/परिशोधन निम्न बमोजिम नीति अवलम्बन गरिएको छ ।

**क. पिलुवा खोला साना जलविद्युत आयोजना**

पिलुवा खोला साना जलविद्युत आयोजनाको हकमा आयोजनाको अनुमति पत्रको अवधी (३७ बर्ष) मानेर समदर (Straight Line Method) मा ह्रासकट्टी गरिएको छ।

**ख. काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना**

काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा आयोजनाको अनुमति पत्रको अवधी (३० बर्ष) मानेर समदर (Straight Line Method) मा ह्रासकट्टी गरिएको छ।

**ग . शेयर निष्काशन खर्चको परिशोधन**

सर्वसाधारणको शेयर निष्काशन खर्च परियोजना अवधी (३० वर्ष) भित्रमा परिशोधन गरिएको छ ।

**घ. अन्य सम्पत्ती**

अन्य सम्पत्तीमा आयकर ऐन, २०५८ मा उल्लेख भएको दर बमोजिम ह्रासकट्टि गरिनेछ ।

**६) आयकर**

प्रचलित आयकर कानुन बमोजिम जलविद्युत आयोजनालाई व्यवसायिक उत्पादन गरेको पहिलो १० वर्षका लागि १००% र त्यसपछिको ५ वर्षको लागि ५०% आयकर छुटको व्यवस्था गरिएको छ। पिलुवा खोला जलविद्युत आयोजनाको हकमा कर छुटको अवधी समाप्त भई सकेको हुनाले प्रचलित दर (२०%) बमोजिम आयकरको व्यवस्था गरिएको छ भने काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्षको लागि आयकर छुटको व्यवस्था भएकाले सो आम्दानीमा आयकरको व्यवस्था गरिएको छैन।

**७) प्रस्तावित बोनश/लाभांश**

सञ्चालक समितिले कम्पनी आ.व. २०७६/७७ को संचित मुनाफाबाट ५% बोनश शेयर र ०.३७ प्रतिशत (कर प्रयोजनका लागि) नगद लाभांशको प्रस्ताव पारित गरेकाले सोहि बमोजिम लाभांशको व्यवस्था गरिएको छ। सो पछिको आ.व.हरुमा कम्पनीले वितरण गर्ने/गर्न सक्ने बोनश/लाभांश हाल अनुमान गर्न नसकिने भएकोले प्रक्षेपित विवरणमा प्रस्तावित लाभांशको लागि कुनै व्यवस्था गरिएको छैन । सो अवधिको आम्दानीलाई जगेडा कोषमा संचित गरी राखिएको छ ।

**८) हकप्रद निष्काशन**

कम्पनीले हकप्रद निष्काशन वापतको रु ५२.४१ करोड देहाय बमोजिम उपयोग हुनेछ ।

| **क्र.सं.** | **विवरण** | **रकम (रु. करोडमा)** |
|---|---|---|
| १ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | ५२.४१ |
| | **जम्मा** | **५२.४१** |

**९. दिर्घकालिन ऋण**

कम्पनीले काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको निर्माणको लागि बैंक आफ काठमाण्डुको अगुवाईकमा सहवित्तियकरण कर्जा रु १३८.५० करोड उपभोग गर्ने अनुमान गरिएको छ।

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | **०७४/०७५** | **०७५/०७६** | **०७६/०७७** | **०७७/०७८** | **०७८/०७९** | **०७९/०८०** |
| चुक्ता पुँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा संचित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| **जम्मा** | **९५,७५,७३,०९८** | **१,०१,०६,५२,७४४** | **१,०७,७२,५१,२०४** | **१,६७,९८,५२,५२८** | **१,८०,७०,८३,३४२** | **१,९९,५१,०४,३११** |
| अपलेखन गर्न बांकी खर्च | - | - | - | - | - | - |
| **जम्मा (नेटवर्थ)** | **९५,७५,७३,०९८** | **१,०१,०६,५२,७४४** | **१,०७,७२,५१,२०४** | **१,६७,९८,५२,५२८** | **१,८०,७०,८३,३४२** | **१,९९,५१,०४,३११** |
| शेयर संख्या | ९३,३०,१२३ | ९३,३०,१२३ | ९९,८३,२३२ | १,५७,२३,५९१ | १,५७,२३,५९१ | १,५७,२३,५९१ |
| प्रति शेयर नेटवर्थ | १०२.६३ | १०८.३२ | १०७.९१ | १०६.८४ | ११४.९३ | १२६.८९ |
| नेटवर्थमा औषत प्रतिफल | २.१० | ४.९८ | ६.४९ | ४.८३ | ७.०४ | ९.४२ |
| प्रति शेयर आम्दानी | २.१६ | ५.४० | ७.०० | ५.१६ | ८.०९ | ११.९६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ६.५५ | | |

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री कंडेल एण्ड एसोसियट्का चार्टड एकाण्टेण्ट श्री नारायण कंडेलले गर्नु भएको हो ।

**त) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

यस कम्पनीको आ.व २०७६/७७ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**आ.व.२०७७ आषाढ मसान्तको वासलात**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४९,१४,८४,५४७.०० |
| ह्रास कट्टी | (२२,०३,६६,३०५.००) |
| **खुद सम्पत्ती** | **२७,११,१८,२४२.००** |
| परियोजना कार्यप्रगति | २०,२८,८७,२१६.०० |

| | |
|---|---|
| लगानी | ४२,६७,३०,९७१.०० |
| **कुल स्थीर सम्पत्ति** | ९०,०७,३६,४२९.०० |
| **चालू सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | ९९,७८,५०९.०० |
| ऋण, पेश्की तथा जम्मा | २८,८२,१३,७४६.०० |
| नगद तथा बैकमा जम्मा रकम | १,०१,६३,६१३.०० |
| **कुल चालू सम्पत्ति** | ३०,८३,५५,८६८.०० |
| **जम्मा सम्पत्ति** | १,२०,९०,९२,२९७.०० |
| **पूँजि र दायित्व** | |
| **शेयर पूँजि** | ९९,८३,२३,२००.०० |
| जगेडा कोष तथा सञ्चित नाफा | ७,८९,२८,००४.०० |
| **जम्मा** | १,०७,७२,५१,२०४.०० |
| अल्पकालिन ऋण | ७,६३,४४,५९२.०० |
| अन्य तिर्नुपर्ने | ५,५४,९६,५०१.०० |
| **ऋण तथा दायित्व** | १३,१८,४१,०९३.०० |
| **जम्मा पूँजि तथा दायित्व** | १,२०,९०,९२,२९७.०० |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ६,९२,२१,४०२.०० |
| अन्य आम्दानी | ६,०७,४९,४८८.०० |
| **जम्मा आम्दानी** | १२,९९,७०,८९०.०० |
| रोयल्टी | १,०१,१७,२४७.०० |
| प्रशासकीय खर्च | ७८,४७,८३२.०० |
| आयोजना सञ्चालन खर्च | ४४,३६,६४२.०० |
| **सञ्चालन मुनाफा** | १०,७५,६९,१६९.०० |
| ब्याज खर्च | ९४,९१,७५१.०० |
| ह्रास खर्च | १,२३,२१,३९०.०० |
| **बोनस अधिको नाफा** | ८,५७,५६,०२८.०० |
| कर्मचारी बोनस | ३,३३,०९०.०० |
| **बोनस पछिको नाफा** | ८,५४,२२,९३८.०० |
| **आयकर कट्टी गर्नु अधिको नाफा** | ८,५४,२२,९३८.०० |
| आय कर | १,४८,५३,२३८.०० |
| **आयकर पछिको नाफा** | ७,०५,६९,७००.०० |
| संस्थागत समाजिक उत्तरदायित्व (CSR) व्यवस्था | ७,०५,६९७.०० |
| **आयकर पछिको खुद नाफा** | ६,९८,६४,००३.०० |
| चलु वर्षको नाफा नोक्सान | ६,९८,६४,००३.०० |
| गत वर्षसम्मको सञ्चिती | ७,७६,४०,४४४.०० |
| बोनस शेयर प्रदान | (६,५३,१०,९००.००) |
| लाभांस कर | (३२,६५,५४३.००) |
| सञ्चितीबाट नगद लाभांस वितरण | – |
| **मौज्दात जगेडा कोष र सञ्चिती सारेको** | ७८,९२८,००४.०० |

**नगद प्रवाहको विवरण (२०७७ आषाढ मसान्त)**

| विवरण | रकम(रु.) |
|---|---|
| चालु वर्षको खुद नाफा (नोक्सानी) | ६,९८,६४,००३.०० |
| **समायोजन :** | |
| ह्रास कट्टी | १,७२,१०,७९५.०० |
| सम्पत्ति बिक्री गर्दाको नाफा (नोक्सान) | – |
| **चालु पूँजि परिवर्तन गर्नु अघिको खुद नाफा** | **८,७०,७४,७९८.००** |
| चालु सम्पत्तिमा भएको कमी/वृद्धि | (११,३२,२२,३३१.००) |
| चालु दायित्वमा भएको कमी/वृद्धि | ४,१०,२८,०२८.०० |
| ब्याज भुक्तानी | ९४,९१,७५१.०० |
| **सञ्चालन गतिविधिबाट  नगद प्रवाह** | २,४३,७२,२४६,०० |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| सम्पत्ति खरिद, प्लाण्ट मेशिनरी | (१,७०,२९,८०७.००) |
| सम्पत्ति बिक्री, प्लाण्ट मेशिनरी | - |
| लगानीमा भएको कमी/वृद्धि | ८४,७२,०३४.०० |
| **लगानीमा खुद नगदको प्रयोग** | **(८,५५,७७३.००)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर निष्काशन | ६,५३,१०,९००.०० |
| लाभांश | (६,८५,७६,४४३,.००) |
| ब्याज भुक्तानी | (९४,९१,७५१.००) |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | **(१,२७,५७,२९४.००)** |
| नगदमा भएको कुल परिवर्तन | ३०,५७,१७९.००) |
| गत वर्षको नगदको अवस्था | ७१,०६,४३४.००) |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | १,०१,६३,६१३.०० |

**त(१) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने :**

आर्थीक वर्ष २०७७/७८ को दोस्रो त्रैमास सम्मको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ।

**आ. व. २०७७ /७८ पुष मसान्तको वासलात**

| विवरण | रकम (रु.) |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ५०,८१,४१,८५७ |
| ह्रास कट्टी | (२३,०२,६४,७६५) |
| **खुद सम्पत्ती** | **२७,८१,७७,०९२** |
| परियोजना कार्यप्रगति | ४०,१९,८०,४४० |
| लगानी | ३३,३२,५६,०४७ |
| **कुल स्थीर सम्पत्ति** | **१,०१,३४,१३,५७९** |
| **चालू सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | **१,१०,६८,१४१** |
| ऋण, पेश्की तथा जम्मा | ३१,६५,३३,१७५ |
| नगद तथा बैकमा जम्मा रकम | १.४०,९०,२५४ |
| **कुल चालू सम्पत्ति** | **३४,१६,९१,५७०** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **१,३५,५१,०५,१४९** |
| **पूँजी र दायित्व** | |
| **शेयर पूँजी** | **९९,८३,२३,२००** |
| जगेडा कोष तथा सञ्चित नाफा | १४,४३,६५,५३८ |
| **जम्मा** | **१,१४,४३,६५,५३८** |
| ऋण | १५,२२,४३,३०१ |
| अन्य तिर्नुपर्ने | ६,०१,७३,११० |
| **ऋण तथा दायित्व** | **२१,२४,१६,४११** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,३५,५१,०५,१४९** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७७ देखि पुष २९, २०७७)**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ३,०४,३३,८५० |
| अन्य आम्दानी | ६,५३,०९,९०७ |
| **जम्मा आम्दानी** | **९,५७,४३,७५७** |
| रोयल्टी | ४३,७०,७७४ |
| प्रशासकीय खर्च | १०,००,०८९ |
| आयोजना सञ्चालन खर्च | २४,३१,५५० |
| **सञ्चालन मुनाफा** | **८,७९,४१,३४४** |
| ब्याज खर्च | ६,५६९ |
| ह्रास खर्च | ५९,७४,३२१ |
| **बोनस अघिको नाफा** | **८,१९,६०,४५४** |
| कर्मचारी बोनस | १,६६,५४६ |
| **बोनस पछिको नाफा** | **८,१७,९३,९०८** |
| आय कर | १,३०,५३,४२१ |
| **आयकर पछिको नाफा** | **६,८७,४०,४८७** |
| संस्थागत समाजिक उत्तरदायित्व (CSR) व्यवस्था | ६,८७,४०५ |
| **खुद मुनाफा** | **६,८०,५३,०८२** |
| चलु वर्षको नाफा नोक्सान | ६,८०,५३,०८२ |
| गत वर्षसम्मको सञ्चिती | ७,८९,२८,००४ |
| बोनस शेयर प्रदान | - |
| लाभांस कर | (२६,१५,५४८) |
| सञ्चितीबाट नगद लाभांस वितरण | - |
| **मौज्दात जगेडा कोष र सञ्चिती सारेको** | **१४,४३,६५,५३८** |

त(२) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित आर्थिक जोखिमहरु :**

**(१) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
–नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

**(२) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने । परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

**(३) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको ।
(कम्पनीको पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको छ । नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

**(४) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :** आयोजना समयमै सम्पन्न नभएमा आयोजनाको निर्माण लगातमा बृद्धि हुने जोखिम रहेको ।

**(५) विदेशी विनिमयको जोखिम :** कम्पनीले काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको लागि चाहिने इलेक्ट्रोमेकानिकल उपकरणको खरिद सम्झौता विदेशी मुद्रा (युरो) मा गरेको र आयोजनाका लागि आवश्यक पाइपको खरिद सम्झौता भारतिय रुपैयामा खरिद गरेकाले युरो र भारतिय मुद्राको दरमा बृद्धि भएमा निर्माणाधीन आयोजनाको निर्माण लागतमा बृद्धि हुनाले गर्दा उल्लेखित विदेशी मुद्राको विनिमयको जोखिम रहेको ।

**(६) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेकोले सो जोखिम नरहेको ।

**(७) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ ।

**(८) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

**(९) सञ्चालन अनुभवको अभावः** कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ६ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको ।

**(१०) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य स्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

**(११) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिमः** कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तैयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको ।

**(१२) अन्य :** दैबिप्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा निर्माणाधिन आयोजनाको लागत बढ्नुका साथै आम्दानीको स्रोतमा असर पर्ने । जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागी परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतनबाट खोलामा पानिको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्तछ ।

**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।** नरहेको ।

**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।**

अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक छ । यो आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि पूँजी बजारमा कम्पनीको शेयरको मुल्यमा बृद्धि हुनेछ ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो स्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ । दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पती र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक सम्पती र लस अफ प्रोफिटको विमा समेत गरिएको छ ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**
कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**
कम्पनीको रजिष्ट्र्र्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौ तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :**
प्रत्याभुत नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**
यो विवरण पत्र तयार पर्दाका बखतसम्ममा कम्पनीको कारोवारमा तात्विक असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिद–प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने छ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछ :-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,

(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था जि. पौड्याल एण्ड एसोसियटस रहेको छ । आर्थिक बर्ष २०७६/०७७ को लेखापरिक्षकको प्रतिवेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ ।

ख) कम्पनीको कम्पनी सचिवमा श्रीमती रञ्जु अधिकारी रहनु भएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ पुरक भएको व्यहोरा व्यवसायीक संस्था श्री कंडेल एण्ड एसोसिएट, चार्टड एकाउण्टेण्टस्ले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१) हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

हकप्रद शेयर मार्फत उपलब्ध भएको रकमलाई कम्पनीले निम्म आयोजनाको निर्माणका लागि आवश्यक पर्ने स्वपुँजीमा लगानी गर्ने

क) कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा प्रदेश नं. १, जिल्ला पाँचथर, हिलिहाङ् गाउँपालिका वडा नं. १ मा ९.९४ मे.वा. जडित क्षमता भएको काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निमार्ण गरिरहेको छ । सो आयोजनाको लागि हकप्रद शेयर मार्फत स्वपूँजी जुटाई काम गर्न आवश्यक भएको ।

**२) हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) कम्पनीले निर्माण गरि रहेको काबेली बी–१ क्यासकेड जलविद्युत आयोजना निर्माणको कुल लागत १९७.९२ करोड रूपैंया रहेकोमा बैंक तथा वित्तिय संस्थाले सो लागतको ७० प्रतिशत अर्थात रू १३८.५० करोड लगानी गर्ने र बाँकी रू ५९.४२ करोड स्वपुँजीको लगानी हुने अनुमान गरिएको छ । हकप्रद शेयरको निष्काशनबाट प्राप्त रू ५२.४१ करोड यस आयोजना निर्माण कार्यमा लगानी गरिने भएकोले यो हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिन्छ ।

**३) निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५२,४१,१९,७००/- ( बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) अरुण भ्याली हाईड्रोपावर डेभ्लपमेन्ट कम्पनी लिमिटेडले निमार्ण निम्न जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ ।

- काबेली बी–१ क्यासकेड जलविद्युत आयोजना निर्माणको लागि - रू ५२.४१ करोड

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र विक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ । |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग,कमलादी, काठमाण्डौ । |
| ३ | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरुः इटहरी, इलाम, पोखरा-नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगंज, धनगढी र जनकपुर । |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्धारा मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री अरुण भ्याली हाईड्रोपावर डेभ्लपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.arunhydro.com.np वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु मुक्तिनाथ क्यापिटल लिमिटेड तथा अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Bankers to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ र गरिमा विकास बैंक लिमिटेडलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**
यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनीको रहेको छ ।
साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संचालकहरु संचालक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**
कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था हाल सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि, पुतलीसडक, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग मिति पुष १५, २०७७ मा प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default) भन्ने जानउंदछ। सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक वर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | २८४ | १४४ | १५३ | ५६०२ |
| २०७५/०७६ | १५४ | ९६ | १११ | ४३८० |
| २०७६/०७७ | १२३ | ८८ | ९३ | ४६८२ |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| मंसिर २०७७ | २७५ | २२० | २२३ | ६२४९ |
| पुष २०७७ | २४० | १९४ | २३४ | ३४०८ |
| माघ २०७७ | २९७ | २२७ | २९१ | ९८८६ |

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री जिवनराज शाक्य | अध्यक्ष | |
| २. | श्री रमेश प्रसाद न्यौपाने | प्रबन्ध संचालक | |
| ३. | श्री विवेक तातेड | संचालक | |
| ४. | श्री मिलन खड्का | संचालक | |
| ५. | श्री सतिश न्यौपाने | संचालक | |

**स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।

# रु रु जलविद्युत परियोजना लिमिटेड
# Ru Ru Jalbidhyut Pariyojana Ltd.

HYDROPOWER

वडा नं. १, हात्तिसार, काठमाडौं, नेपाल, फोन नं. : ९७७-०१-४४१९३९३, ४४१९३९४
वेबसाइटः www.ruruhydro.com इमेलः ruruhydro@gmail.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

रु रु जलविद्युत परियोजना लिमिटेडको प्रति शेयर अंकित मूल्य रु.१००/– दरमा प्रिमियम वापत रु.२०/- थप गरी जम्मा मूल्य रु.१२०/- अंकित दरका ४,०७,७०६ कित्ता शेयर मध्ये ८,१५४ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र २०,३८५ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ३७९,१६७ कित्ता साधारण शेयरहरुको **आज मिति २०७७ चैत्र २० गतेदेखि** सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

**दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता** **दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः ३७९,१६०**

| सि.नं. | विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं, वेबसाइटः www.nmbcl.com.np |
| २. | रु रु जलविद्युत परियोजना लिमिटेड, हात्तिसार, काठमाडौं, वेबसाइट : www.ruruhydro.com |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु। |

**शेयर निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७७ चैत्र २४ गते (बैकिङ्ग समय पश्चात्) ।**

**शेयर निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७८ बैशाख ३ गते (बैकिङ्ग समय पश्चात्) ।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित** (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व.२०७४/०७५ | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ | आ.व.२०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० |
| सञ्चित नाफा/नोक्सान | ३२,६४० | ३५,६७४ | ६१,४४७ | ७७,०६० | ९९,७५१ | १,१६,०८७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११०.०१ | ११०.९४ | ११८.८४ | १२०.९० | १२६.४७ | १३०.४७ |
| प्रति शेयर आम्दानी (रु.) | १०.४६ | १०.९३ | १७.९० | १४.३६ | १५.५७ | १४.०१ |
| नेटवर्थमा प्रतिफल (%) | ९.५१% | ९.८५% | १५.०६% | ११.८७% | १२.३१% | १०.७४% |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:**

संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रू. १४८,९०४,३८२ र आयोजनाको कुल लागत रू. ७४४,५२१,९१० रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:**

अनुमतिपत्र बहाल रहने अवधि मिति २०६९/०४/३० देखि २१०४/०४/२९ सम्म रहेकोले २७ वर्ष बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:**

साधारण लगानी फिर्ता अवधि ५.२४ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि ८.४२ वर्ष रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल लिमिटेड (ICRA Nepal Limited) ले मिति २०७७/०४/१५ गते यस रु रु जलविद्युत परियोजना लिमिटेडलाई "ICRANP-IR BBB" प्रदान गरेको छ र सो को अवधि एक वर्ष रहनेछ। ICRANP-IR BBB pronounced as ICRA NP issuer rating Triple B रेटिङ्गले समयमा नै वित्तीय दायित्व पुरा गर्ने मध्यम रूपको सुरक्षित (Moderate degree of safety regarding timely servicing of financial obligation) जनाउँदछ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७७ चैत्र ११ गतेको "कारोबार"** दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.ruruhydro.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nmbcl.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**भुल सुधारः** मिति २०७७ चैत्र ११ गतेको कारोबार दैनिकमा प्रकाशित आव्हान-पत्रमा दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु. १२०/- प्रति शेयरको दरले हुनुपर्नेमा अन्यथा हुन गएकोले सो भुल सुधार गरिएको छ।

NMB CAPITAL LIMITED

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np

**मिति २०७७ चैत्र २० गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने**

Corrected

प्रति शेयर रु.१००/- अंकित दरको ५२,४१,१९७ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।

ARUN VALLEY
HYDROPOWER DEVELOPMENT CO. LTD
ESTD. 1997 A.D.
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT

# अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड


दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा., वडा नं. ११ थापाथली, काठमाण्डौ
फोन नं. ०१-५१११०९३, फ्याक्स नं. ०१-५१११०३५
इमेलः arunvalley2054@gmail.com वेभसाईटः www.arunhydro.com.np


१ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयरको

# हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

**हकप्रद शेयरको बिक्री खुल्ला अवधि:**
निष्काशन खुल्ला मितिः २०७८/१/६ गते
निष्काशन बन्द हुने मितिः २०७८/१/२६ गते (बैकिङ्ग समय पश्चात्)

**क्रेडिट रेटिङ्ग सम्बन्धी जानकारी**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग मिति पुष १५, २०७७ मा प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default) भन्ने जानउंदछ । सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**कम्पनीको विद्यमान चुक्ता पूँजी रु. १,०४,८२,३९,४००/- मा एक शेयर बराबर नयाँ शुन्य दशमलब पाँच (१ : ०.५) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर मिति २०७७/१२/८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।**

## हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७७/११/२५ ।

### १. कम्पनीको नाम : अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Arun Valley Hydropower Development Company Limited) ।

### २. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

कम्पनीको रजिष्ट्रर्ड ठेगाना का.म.न.पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्ट्रर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

### ३. कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा. वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल प्रदेश नं. १, संखुवासभा जिल्ला, चैनपुर न.पा. वडा नं. ७ (पिलुवा खोला जलविद्युत आयोजना) र प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउँपालिका वडा नं. १ (काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना) मा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

### ४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

**कम्पनीको संक्षिप्त परिचय** : कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(अ) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड २०५४ साल फागुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०६२ साल भाद्र ८ गतेका दिन पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

(आ) कम्पनीमा स्थापना कालमा ८२ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँट गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँट गरिएको थियो । मिति २०६९ भाद्र ०१ गते देखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

(इ) कम्पनीले पिलुवाखोलाको पानी उपयोग गरी ३,००० किलोवाट क्षमताको पिलुवाखोला जलविद्युत आयोजना निमार्ण गर्न २०५७ साल कात्तिक महिना देखि कार्य सुरु गरी मिति २०६० श्रावणमा निर्माण कार्य सम्पन्न गरी २०६० साल आश्विन १ गतेदेखि व्यवसायिक उत्पादन गरिरहेको छ । यस आयोजनाले प्रदेश नं. १ को कोशी अंचलका पहाडी जिल्लाहरुमा लोडसेडिंग हटाई भरपर्दो, उपयुक्त भोल्टेजको विद्युतशक्ति आपुर्ति गरी देश निमार्णमा सहयोग गरीरहेको छ । कम्पनीले निमार्ण गरेको पिलुवाखोला आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०५६ साल माघ ९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि २५ वर्ष सम्मका लागि कायम रहेकोछ । सम्झौताको अवधि पुरा भएपछी दुवै पक्षको सहमतिबाट सम्झौता नविकरण गर्न सकिने व्यवस्था छ ।

(ई) कम्पनीले काबेली खोलाको पानी उपयोग गरि प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउँपालिका वडा नं. १ मा ९९४० किलोवाट क्षमता भएको काबेली बी १ क्यासकेड परियोजना मिति २०७६ पुष देखि निर्माण कार्य सुरु गरि रहेको छ । उक्त आयोजनाको निर्माण कार्य २०७८ साल भाद्र मसान्तसम्ममा सम्पन्न गरि २०७८ साल आश्विन १ गते देखि राष्ट्रिय प्रसारण लाईनमा जोडिने लक्ष्य रहेको छ ।

**कम्पनीका उद्देश्यहरुः** कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आबद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरु लिजमा लिई पुनः संचालन गरी, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(च) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :
- अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।
- आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।
- इ) विद्युत आयोजनाहरुको पूर्व सम्भाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने ।
- ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।
- उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।
- ऊ) देशमा बढ्दै गइरहेको सिमेन्टको मागलाई दृष्टिगत गरी आधुनिक सिमेन्ट उद्योगको स्थापना गरी गुणस्तरयुक्त सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने ।
- ए) स्वीकृति लिनु पर्नेमा लिई खानी खोजतलास गरी उत्खनन गर्ने ।

(छ) कम्पनीको व्यवसाय विस्तार गर्नको लागि जलविद्युतको अतिरिक्त (१) बैंक तथा वित्तीय संस्था, (२) सिमेन्ट उद्योग, (३) खानी तथा खनिज उद्योग तथा (४) भवन निर्माण आदि क्षेत्रमा लगानी गर्ने ।

### ५. शेयर पूँजीको संरचना :

**अधिकृत पूँजी** : कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्व पचास करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।
**जारी पूँजी** : कम्पनीको जारी पूँजी रु.१,८६,६०,२४,६००/- (अक्षरेपी एक अर्व छयासी करोड साठ्ठी लाख चौबीस हजार छ सय) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,८६,६०,२४६ थान साधारण शेयरमा विभाजन गरिएको छ ।
**चुक्ता पूँजी** : कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- (अक्षरेपी रु. एक अर्व चार करोड बयासी लाख उनान्न चालिस हजार चार सय) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,०४,८२,३९४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत रु.५२,४१,१९,७००/- (बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५७,२३,५९,१००/- (अक्षेरुपी एक अर्व सन्ताउन्न करोड तेइस लाख उनान्न साठ्ठी हजार एक सय मात्र) हुनेछ ।

### ६. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४०० /- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- कायम हुनेछ ।

### ७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | अनुभव | समूह |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिबन राज शाक्य | अध्यक्ष | ६४ | नेपाली | बि.ए. | १२२/४१ डल्लु, काठमाण्डौ | • संचालक अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेड - संस्थागत प्रतिनिधि सञ्चालक • अरुण काबेली पावर लि. समेत गरि जलविद्युत क्षेत्रमा १० बर्षको कार्य अनुभव • म्यानेजर पार्टनर - People to People Gmbh,Germany & Namaste B.V.B.A,Belgium • महा सचिव - Nepal Sri-Lanka friendship & Cultural Association - २ वर्ष • सचिव - Buddhist SAARC ३ वर्ष | सर्वसाधारण |
| २. | रमेश प्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ४८ | नेपाली | एम.बि.एस. | कोशी अञ्चल, मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा. वडा नं.११ | • अरुण काबेली पावर लि. - सञ्चालक • जनता बैंक नेपाल लि., - सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड - आयोजना संयोजक • अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेडमा विभिन्न पदमा रहि जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव । | सर्वसाधारण |
| ३. | बिबेक तातेड | सञ्चालक | ४४ | नेपाली | एम.बि.ए. | थापाथली, काठमाण्डौ | • नेपाल विद्युत प्राधिकरण -सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर कम्पनी लिमिटेड - प्राविधिक सञ्चालक (५ वर्ष) • प्रबन्ध निर्देशक - विशाल पलास्टोक्याब इन्डष्ट्रिज प्रा.लि. २००५ देखि हालसम्म • व्यवसाय विकास प्रबन्धक - एस.टि.एम. टेलिकम संचार कं. प्रा.लि. (६ महिना) • व्यवसाय विकास प्रबन्धक - एच.जी.इन्ट. प्रा.लि. (२ वर्ष) • जलविद्युत क्षेत्रमा ५ बर्षको अनुभव । | सर्वसाधारण |
| ४. | सतिश न्यौपाने | सञ्चालक | ४२ | नेपाली | बि.ए. | का.म.न.पा.-३१, काठमाण्डौ | • अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड - सञ्चालक • अपि पावर कम्पनी लिमिटेड - संस्थागत प्रतिनिधि सञ्चालक • कंचनजङ्गा हाउजिङ्ग लि. - सञ्चालक • अपि हाईड्रो मेकानिकल प्रा.लि. - प्रबन्ध निर्देशक • जलविद्युत क्षेत्रमा १० बर्षको अनुभव । | सर्वसाधारण |
| ५. | मिलन खड्का | सञ्चालक | ३१ | नेपाली | बि.बि.एस. | लगनखेल, ललितपुर | • अरुण भ्याली हाईड्रोपावर डे. कम्पनी लिमिटेड - संचालक (२०१७ देखि हालसम्म) • अरुण काबेली पावर लि. - संस्थागत प्रतिनिधि सञ्चालक • अपि हाईड्रो मेकानिकल प्रा.लि. - प्रमुख कार्यकारी अधिकृत (२०१७ देखि हालसम्म) तथा वित्त व्यावस्थापक (२०१४ देखि २०१७ सम्म) • जलविद्युत क्षेत्रमा ३ बर्षको अनुभव । | सर्वसाधारण |

*नोटः* कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन ।

यस कम्पनीका सञ्चालकहरु श्री रमेश प्रसाद न्यौपाने, श्री जिवनराज शाक्य र श्री सतिश न्यौपाने समान उद्धेश्यका अर्को कम्पनीमा सञ्चालक पदमा आवद्ध रहनु भएकोले यस कम्पनीको आगामी वार्षिक साधारणसभा गर्दा संचालक पदमा नदोहोरिने प्रतिवद्धता पत्र श्री नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ ।

"सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ ।

**कम्पनीको प्रबन्ध सञ्चालकको विवरण :**

नाम : श्री रमेश प्रसाद न्यौपाने ठेगाना : कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर उप-म.न.पा. वडा नं.११
अनुभव : • अरुण काबेली पावर लि.-संचालक • जनता बैंक नेपाल लि.-सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड (परियोजना संयोजक (३ वर्ष) • अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेड-कार्यकारी अध्यक्ष • जलविद्युत कम्पनीमा परियोजना व्यवस्थापकदेखि कार्यकारी अध्यक्षको पदमा २० बर्षको अनुभव कार्यरत ।

### ८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । मिति २०६९।०५।०१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन । कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरीद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

### ९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- को १ शेयर बराबर शुन्य दशमलब पाँच (१ :०.५) को अनुपातमा (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ । विद्युत नियमन आयोगबाट रु.९९,८३,२३,२००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न मिति २०७७/०४/१६ गतेमा कम्पनीले पूर्व स्वीकृति प्राप्त गरेको र सोहि पूर्व स्वीकृति बमोजिम कम्पनीले रु.१००/- अंकित दरका ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताको हुन आउने रु.५२,४१,१९,७००/- (अक्षेरपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

### १०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिनसम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव पाँच (१:०.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

### ११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को अधिनमा रहि सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ ।

### १२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताको (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताको दरले आवेदन दिन सक्ने छन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

### १३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

**वासलात**

| विवरण | वास्तविक (रु. मा) | | | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| **स्थिर सम्पत्ति** | | | | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४५,१७,७०,००५ | ४७,४४,५४,७४० | ४९,१४,८४,५४७ | ४९,१४,८४,५४७ | २,४७,०६,५१,६८२ | २,४७,०६,५१,६८२ |
| ह्रास कट्टी | (१८,८२,९६,१६१) | (२०,३१,५५,५०८) | (२२,०३,६६,३०५) | (२३,७१,८४,०५०) | (३६,२२,५९,३३३) | (४३,८२,५८,०३१) |
| खुद सम्पत्ति | २६,३४,७३,८४४ | २७,१२,९९,२३२ | २७,११,१८,२४२ | २५,४३,००,४९७ | २,१०,८३,९२,३४९ | २,०३,२३,९३,६५१ |
| परियोजना कार्यप्रगति | ४,७५,२२,०२९ | १०,७२,४१,२३६ | २०,२८,८७,२१६ | १,५१,७२,४०,३९० | १४,८७,७६,००५ | २१,३१,८९,७०२ |
| लगानी | ५५,११,३०,९६४ | ५३,०८,४८,९८५ | ४२,६७,३०,९७१ | ५४,३७,७१,७१५ | ७७,६७,७१,७१५ | ८९,६७,७१,७१५ |
| कुल स्थीर सम्पत्ति | ८६,२१,२६,८३७ | ९०,९३,८९,४५३ | ९०,०७,३६,४२९ | २,३१,५३,१२,६०२ | ३,०३,३९,४०,०६९ | ३,१४,२३,५५,०६८ |
| **चालु सम्पत्ति** | | | | | | |
| प्राप्त हुन बाँकी | २,९५,७८,७०९ | १,०७,२८,७१३ | ९९,७८,५०९ | ९९,७८,५०९ | ६,८२,१७,२४० | ७,११,२९,१७७ |
| ऋण, पेश्की तथा जम्मा | १३,६२,५२,२२२ | १७,४२,४१,२०९ | २८,८२,१३,७४६ | २७,८८,०७,१८० | १५,०१,९५,९१९ | १६,६६,०२,५७३ |
| नगद तथा बैंकमा जम्मा रकम | १२,५८,२४० | ७१,०६,४३४ | १,०१,६३,६१३ | १८,००,१३० | ८३,२९,८६३ | ८५,८३,०३३ |
| कुल चालू सम्पत्ति | १६,७०,८९,१७१ | १९,२०,७६,३५६ | ३०,८३,५५,८६८ | २९,०५,८५,८१९ | २२,६७,४३,०२२ | २४,६३,१४,७८३ |
| जम्मा सम्पत्ति | १,०२,९२,१६,००८ | १,१०,१४,६५,८०९ | १,२०,९०,९२,२९७ | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |
| **पूँजी र दायित्व** | | | | | | |
| शेयर पूँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा सञ्चित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| जम्मा | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| ऋण | ५,५३,३०,४९५ | ५,२४,९४,८२९ | ७,६३,४४,५९२ | ८९,५८,५०,८०८ | १,४१,९०,५१,६९६ | १,३५,३०,५८,१६५ |
| अन्य तिर्नुपर्ने | १,६३,१२,४१५ | ३,८३,१८,२३६ | ५,५४,९६,५०१ | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| ऋण तथा दायित्व | ७,१६,४२,९१० | ९,०८,१३,०६५ | १३,१८,४१,०९३ | ९२,६०,४५,८९३ | १,४५,३५,९९,७४९ | १,३९,३५,६५,५४० |
| जम्मा पूँजी तथा दायित्व | १,०२,९२,१६,००८ | १,१०,१४,६५,८०९ | १,२०,९०,९२,२९७ | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु. मा) | | | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| विद्युत बिक्रीबाट आम्दानी | ५,२०,५९,७५६ | ५,४९,७३,०८९ | ६,९२,२१,४०२ | ६,९२,२१,४०२ | ३३,८५,५६,२७५ | ३४,७४,८२,५४१ |
| अन्य आम्दानी | १,८९,९१,९८२ | ४,१९,८७,३२४ | ६,०७,४९,४८८ | ९,१२,०८,३७९ | ९,१९,५६,७४० | १२,९९,३१,६९२ |
| जम्मा आम्दानी | ७,१०,५१,७३८ | ९,६९,६०,४१३ | १२,९९,७०,८९० | १६,०४,२९,७८१ | ४३,०५,१३,०१५ | ४७,७४,१४,२३३ |
| रोयल्टी | १३,६०,३९४ | ८१,०१,४७२ | १,०१,१७,२४७ | १,०१,२२,१४० | १,६५,०२,८३७ | १,६६,८१,३६३ |
| प्रशासकीय खर्च | २,३७,३९,३७३ | ३१,८७,६७७ | ७८,४७,८३२ | ६५,४६,६८८ | ६८,३५,१९६ | ७१,६४,३५७ |
| आयोजना सञ्चालन खर्च | ६५,०१,००४ | ३३,०८,९२२ | ४४,३६,६४२ | ४८,९२,९८४ | १,२१,६७,०५७ | १,२७,७५,४११ |
| सञ्चालन मुनाफा | ३,९४,५०,९६७ | ८,२३,६२,३४२ | १०,७५,६९,१६९ | १३,८८,६७,९६९ | ३९,५०,०७,९२५ | ४४,०७,९३,१०२ |
| ब्याज खर्च | ४१,९३,९२४ | ७२,०५,९०७ | ९४,९१,७५१ | ८०,१७,१६० | ११,५९,१५,९६५ | १४,६१,२८,८७० |
| ह्रास खर्च | १,२४,७२,४६० | १,३०,४५,१८० | १,२३,२१,३९० | १,६८,१७,७४६ | १२,५०,७५,२८३ | ७,५९,९८,६९८ |
| बोनस अधिको नाफा | २,२७,८४,५८३ | ६,२१,११,२५५ | ८,५७,५६,०२८ | ११,४०,३३,०६३ | १५,४०,१६,६७७ | २१,८६,६५,५३४ |
| कर्मचारी बोनस | १२,४५,३९५ | ११,४८,१७४ | ३,३३,०९० | ३,३६,४०० | ३०,८०,३३४ | ४३,७३,३११ |
| बोनस पछिको नाफा | २,१५,३९,१८८ | ६,०९,६३,०८१ | ८,५४,२२,९३८ | ११,३६,९६,६६३ | १५,०९,३६,३४३ | २१,४२,९२,२२३ |
| आयकर | १४,२०,२६६ | ७८,८३,४३५ | १,४८,५३,२३८ | ३,१७,६८,६३३ | २,२४,२०,३६९ | २,४३,७२,०५२ |
| आयकर पछिको नाफा | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ७,०५,६९,७०० | ८,१९,२८,०३० | १२,८५,१५,९७४ | १८,९९,२०,१७१ |
| संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | - | - | ७,०५,६९७ | ८,१९,२८० | १२,८५,१६० | १८,९९,२०२ |
| आयकर पछिको खुद नाफा | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ६९८६४००३ | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| चालु वर्षको नाफा नोक्सान | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ६,९८,६४,००३ | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| गत वर्षसम्मको सञ्चिती | ९,३४,५९,५१३ | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ |
| बोनस शेयर प्रदान | (८,४८,१९,३००) | - | (६,५३,१०,९००) | - | - | - |
| लाभांस कर | - | - | (३२,६५,५४३) | - | - | - |
| सञ्चितीबाट नगद लाभांस वितरण | (४१,९८,३३७) | - | - | (५,२५,४३,३२६) | - | - |
| मौज्दात जगेडा कोष र सञ्चित सारेको | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |

**कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| चुक्ता पूँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा संचित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| जम्मा | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| जम्मा (नेटवर्थ) | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| शेयर संख्या | ९३,३०,१२३ | ९३,३०,१२३ | ९९,८३,२३२ | १,५७,२३,५९१ | १,५७,२३,५९१ | १,५७,२३,५९१ |
| प्रति शेयर नेटवर्थ | १०२.६३ | १०८.३२ | १०७.९१ | १०६.८४ | ११४.९३ | १२६.८९ |
| नेटवर्थमा औषत प्रतिफल | २.१० | ४.९८ | ६.४९ | ४.८३ | ७.०४ | ९.४२ |
| प्रति शेयर आम्दानी | २.१६ | ५.४० | ७.०० | ५.१६ | ८.०९ | ११.९६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ६.५५ | | |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री कंडेल एण्ड एसोसियट्का चार्टर्ड एकाण्टेण्ट श्री नारायण कंडेलले गर्नु भएको हो ।

### १४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भाबित आर्थिक जोखिमहरु :

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** :
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : बजारको जोखिम नरहेको । कम्पनीको पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्झौता भै सकेको छ । नेपाल विद्युत प्राधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुंदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम** : आयोजना समयमै सम्पन्न नभएमा आयोजनाको निर्माण लगातमा बृद्धि हुने जोखिम रहेको ।

(५) **विदेशी विनिमयको जोखिम** : कम्पनीले काबेली बी-१ क्यासकेड जल विद्युत आयोजनाको लागि चाहिने इलेक्ट्रोमेकानिकल उपकरणको खरीद सम्झौता विदेशी मुद्रा (युरो) मा गरेको र आयोजनाका लागि आवश्यक पाइपको खरीद सम्झौता भारतिय रुपैयामा खरीद गरेकाले युरो र भारतिय मुद्राको दरमा बृद्धि भएमा निर्माणाधीन आयोजनाको निर्माण लागतमा बृद्धि हुनाले गर्दा उल्लेखित विदेशी मुद्राको विनिमयको जोखिम रहेको ।

(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** : पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेकोले सो जोखिम नरहेको ।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ ।

(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** : कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने ।

(९) **सञ्चालन अनुभवको अभाव** : कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ६ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको ।

(१०) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम** : उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम भएको व्यवसाय हो । तथापी भविष्यमा अन्य स्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

(११) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको ।

(१२) **अन्य** : दैबिप्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा निर्माणाधिन आयोजनाको लागत बढ्नुका साथै आम्दानीको स्रोतमा असर पर्ने । जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतनबाट खोलामा पानीको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्दछ ।
**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु** : नरहेको ।
**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।**
अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक छ । यो आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि पूँजी बजारमा कम्पनीको शेयरको मुल्यमा बृद्धि हुनेछ ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो स्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पत्ति र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक सम्पती र लस अफ प्रोफिटको विमा समेत गरिएको छ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मुल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

### १५. हकप्रद साधारण शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीद प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।

(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँट भई कायम बाँडफाँटमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नुपर्ने छ ।

### १६. कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | २८४ | १४४ | १५३ | ५,६०२ |
| २०७५/०७६ | १५४ | ९६ | १११ | ४,३८० |
| २०७६/०७७ | १२३ | ८८ | ९३ | ४,६८२ |
| **महिना** | **अधिकतम शेयर मूल्य (रु.)** | **न्यूनतम शेयर मूल्य (रु.)** | **अन्तिम बजार मूल्य (रु.)** | **शेयर कारोबार संख्या** |
| मंसिर २०७७ | २७५ | २२० | २२३ | ६,२४९ |
| पुष २०७७ | २४० | १९४ | २३४ | ३,४०८ |
| माघ २०७७ | २९७ | २२७ | २९१ | ९,८८६ |

*द्रष्टव्यः* यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

### १७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

### १८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

### १९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्ट्रर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः
- (क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,
- (ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
- (ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
- (घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
- (ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
- (च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,
- (छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ,
- (ज) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
- (झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।
- (ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

### २०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

**हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना** : हकप्रद शेयर मार्फत उपलब्ध भएको रकमलाई कम्पनीले निम्म आयोजनाको निर्माणका लागि आवश्यक पर्ने स्वपूँजीमा लगानी गर्ने । कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा प्रदेश नं. १, जिल्ला पाँचथर, हिलिहाङ्ग गाउँपालिका वडा नं. १ मा ९.९४ मे.वा. जडित क्षमता भएको काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निमार्ण गरिरहेको छ । सो आयोजनाको लागि हकप्रद शेयर मार्फत स्वपूँजी जुटाई काम गर्न आवश्यक भएको ।

### २१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५२,४१,१९,७००/- (बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले निर्माण निम्न जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ ।
- काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निर्माणको लागि - रू. ५२.४१ करोड

### २२. निष्कासन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

| क्र.सं. | बैंकको नाम र ठेगाना | खाता नं. | खाताको नाम |
|---|---|---|---|
| १. | मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ | ०३५१०२००४०६५३२००००९ | MUKITNATH CAP LTD ARUN VALLEY RIGHT |
| २. | गरिमा विकास बैंक लिमिटेड, ठमेल, काठमाण्डौ | ०९१००१००८३५९६२००००५ | MUKITNATH CAPITAL LTD- ARUN VALLEY RIGHT |

### २३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

### २४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

| | |
|---|---|
| १. | श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ । |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग,कमलादी, काठमाण्डौ । |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, **शाखा कार्यालयहरुः** इटहरी, इलाम, पोखरा नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगंज, धनगढी र जनकपुर । |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |


उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.arunhydro.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।

### २५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ७,९१,४३,२३४/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।

**यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लि., हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं वा फोन नं. ४५४६१०८/०९/४५४६४७० मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।**


हकप्रद शेयरको बिक्री खुल्ला अवधि : निष्कासन खुल्ला मिति : २०७८/१/६ गते निष्कासन बन्द हुने मिति : २०७८/१/२६ गते (बैकिङ्ग समय पश्चात्)
अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
हकप्रद शेयर खरीद दरखास्त फाराम
यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ
हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने
Applicant's Name
Company's Name: Arun Valley Hydropower Development Company Limited
No. of Shares Applied | Call Money per Share | Rs.100 | Amount Deposited
Amount in Words
For Official Use Only: Received by: Shareholder No. Date: Stamp Code No.
चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)


धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.

प्रधान कार्यालय, हात्तिसारमार्ग, कमलादी, काठमाडौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेवसाइटः www.muktinathcapital.com

प्रति शेयर रु.१००/- अंकित दरको ५२,४१,१९७ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

ARUN VALLEY
HYDROPOWER DEVELOPMENT CO. LTD
ESTD. 1997 A.D.
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT

# अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा., वडा नं. ११ थापाथली, काठमाण्डौ
फोन नं. ०१-५१११०९३, फ्याक्स नं. ०१-५१११०३५
इमेलः arunvalley2054@gmail.com वेभसाईटः www.arunhydro.com.np

**हकप्रद शेयरको बिक्री खुल्ला अवधि:**
**निष्काशन खुल्ला मिति: २०७८/१/६ गते**
**निष्काशन बन्द हुने मिति: २०७८/१/२६ गते** (बैंकिङ्ग समय पश्चात्)

**क्रेडिट रेटिङ्ग सम्बन्धी जानकारी**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि, पुतलीसडक, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग मिति पुष १५, २०७७ मा प्राप्त गरेको छ। जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default) भन्ने जनाउंदछ। सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ।

**सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।**

**१ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयरको**

# हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

**कम्पनीको विद्यमान चुक्ता पूँजी रु. १,०४,८२,३९,४००/- मा एक शेयर बराबर नयाँ शुन्य दशमलब पाँच (१ : ०.५) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर मिति २०७७/१२/८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।**

## हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७७/११/२५।

### १. कम्पनीको नाम : अरूण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Arun Valley Hydropower Development Company Limited)।

### २. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

कम्पनीको रजिष्ट्रर्ड ठेगाना का.म.न.पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ। आवश्यक भएमा कम्पनीले रजिष्ट्रर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ।

### ३. कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा. वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल प्रदेश नं. १, संखुवासभा जिल्ला, चैनपुर न.पा. वडा नं. ७ (पिलुवा खोला जलविद्युत आयोजना) र प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउँपालिका वडा नं. १ (काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना) मा अवस्थित छ। सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ।

### ४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

**कम्पनीको संक्षिप्त परिचय** : कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ।

(अ) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड २०५४ साल फागुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०६२ साल भाद्र ८ गतेका दिन पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो।

(आ) कम्पनीमा स्थापना कालमा ८२ जना संस्थापक शेयरधनी रहनु भएको थियो। कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँट गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँट गरिएको थियो। मिति २०६९ भाद्र ०१ गते देखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ।

(इ) कम्पनीले पिलुवाखोलाको पानी उपयोग गरी ३,००० किलोवाट क्षमताको पिलुवाखोला जलविद्युत आयोजना निमार्ण गर्न २०५७ साल कात्तिक महिना देखि कार्य सुरु गरी मिति २०६० श्रावणमा निर्माण कार्य सम्पन्न गरी २०६० साल आश्विन १ गतेदेखि व्यवसायिक उत्पादन गरिरहेको छ। यस आयोजनाले प्रदेश नं. १ को कोशी अंचलका पहाडी जिल्लाहरुमा लोडसेडिंग हटाई भरपर्दो, उपयुक्त भोल्टेजको विद्युतशक्ति आपुर्ति गरी देश निमार्णमा सहयोग गरीरहेको छ। कम्पनीले निमार्ण गरेको पिलुवाखोला आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०५६ साल माघ ९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ। यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि २५ वर्ष सम्मका लागि कायम रहेकोछ। सम्झौताको अवधि पुरा भएपछी दुवै पक्षको सहमतिबाट सम्झौता नविकरण गर्न सकिने व्यवस्था छ।

(ई) कम्पनीले काबेली खोलाको पानी उपयोग गरि प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउँपालिका वडा नं. १ मा ९९४० किलोवाट क्षमता भएको काबेली बी १ क्यासकेड परियोजना मिति २०७६ पुष देखि निर्माण कार्य सुरु गरि रहेको छ। उक्त आयोजनाको निर्माण कार्य २०७८ साल भाद्र मसान्तसम्ममा सम्पन्न गरि २०७८ साल आश्विन १ गते देखि राष्ट्रिय प्रसारण लाईनमा जोडिने लक्ष्य रहेको छ।

**कम्पनीका उद्देश्यहरुः** कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आबद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने। वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरु लिजमा लिई पुनः संचालन गरी, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने।

(च) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :
- अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने।
- आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने।
- इ) विद्युत आयोजनाहरुको पूर्व सम्भाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने।
- ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने।
- उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने।
- ऊ) देशमा बढ्दै गइरहेको सिमेन्टको मागलाई दृष्टिगत गरी आधुनिक सिमेन्ट उद्योगको स्थापना गरी गुणस्तरयुक्त सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने।
- ए) स्वीकृति लिनु पर्नेमा लिई खानी खोजतलास गरी उत्खनन गर्ने।

(छ) कम्पनीको व्यवसाय विस्तार गर्नको लागि जलविद्युतको अतिरिक्त (१) बैंक तथा वित्तीय संस्था, (२) सिमेन्ट उद्योग, (३) खानी तथा खनिज उद्योग तथा (४) भवन निर्माण आदि क्षेत्रमा लगानी गर्ने।

### ५. शेयर पूँजीको संरचना :

**अधिकृत पूँजी** : कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजन गरिएको छ।

**जारी पूँजी** : कम्पनीको जारी पूँजी रु.१,८६,६०,२४,६००/- (अक्षरेपी एक अर्ब छयासी करोड साठ्ठी लाख चौबीस हजार छ सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,८६,६०,२४६ थान साधारण शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पूँजी** : कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- (अक्षरेपी रु. एक अर्ब चार करोड बयासी लाख उनान्न चालिस हजार चार सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,०४,८२,३९४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरण मार्फत रु.५२,४१,१९,७००/- (बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५७,२३,५९,१००/- (अक्षेरुपी एक अर्ब सन्ताउन्न करोड तेइस लाख उनान्न साठ्ठी हजार एक सय मात्र) हुनेछ।

### ६. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४०० /- रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- कायम हुनेछ।

### ७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | अनुभव | समूह |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिबन राज शाक्य | अध्यक्ष | ६४ | नेपाली | बि.ए. | १२२/४१ डल्लु, काठमाण्डौ | • संचालक अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेड - संस्थागत प्रतिनिधि सञ्चालक • अरुण काबेली पावर लि. समेत गरि जलविद्युत क्षेत्रमा १० बर्षको कार्य अनुभव • म्यानेजर पार्टनर - People to People Gmbh,Germany & Namaste B.V.B.A,Belgium • महा सचिव - Nepal Sri-Lanka friendship & Cultural Association - २ वर्ष • सचिव - Buddhist SAARC ३ वर्ष | सर्वसाधारण |
| २. | रमेश प्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ४८ | नेपाली | एम.बि.एस. | कोशी अञ्चल, मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा. वडा नं.११ | • अरुण काबेली पावर लि. - सञ्चालक • जनता बैंक नेपाल लि., - सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड - आयोजना संयोजक • अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेडमा विभिन्न पदमा रहि जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव। | सर्वसाधारण |
| ३. | बिबेक तातेड | सञ्चालक | ४४ | नेपाली | एम.बि.ए. | थापाथली, काठमाण्डौ | • नेपाल विद्युत प्राधिकरण -सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर कम्पनी लिमिटेड - प्राविधिक सञ्चालक (५ वर्ष) • प्रबन्ध निर्देशक - विशाल पलास्टोक्याब इन्डष्ट्रिज प्रा.लि. २००५ देखि हालसम्म • व्यवसाय विकास प्रबन्धक - एस.टि.एम. टेलिकम संचार कं. प्रा.लि. (६ महिना) • व्यवसाय विकास प्रबन्धक - एच.जी.इन्ट. प्रा.लि. (२ वर्ष) • जलविद्युत क्षेत्रमा ५ बर्षको अनुभव। | सर्वसाधारण |
| ४. | सतिश न्यौपाने | सञ्चालक | ४२ | नेपाली | बि.ए. | का.म.न.पा.-३१, काठमाण्डौ | • अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड - सञ्चालक • अपि पावर कम्पनी लिमिटेड - संस्थागत प्रतिनिधि सञ्चालक • कंचनजङ्गा हाउजिङ्ग लि. - सञ्चालक • अपि हाईड्रो मेकानिकल प्रा.लि. - प्रबन्ध निर्देशक • जलविद्युत क्षेत्रमा १० बर्षको अनुभव। | सर्वसाधारण |
| ५. | मिलन खड्का | सञ्चालक | ३१ | नेपाली | बि.बि.एस. | लगनखेल, ललितपुर | • अरुण भ्याली हाईड्रोपावर डे. कम्पनी लिमिटेड - संचालक (२०१७ देखि हालसम्म) • अरुण काबेली पावर लि. - संस्थागत प्रतिनिधि सञ्चालक • अपि हाईड्रो मेकानिकल प्रा.लि. - प्रमुख कार्यकारी अधिकृत (२०१७ देखि हालसम्म) तथा वित्त व्यावस्थापक (२०१४ देखि २०१७ सम्म) • जलविद्युत क्षेत्रमा ३ बर्षको अनुभव। | सर्वसाधारण |

*नोटः* कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन।

यस कम्पनीका सञ्चालकहरु श्री रमेश प्रसाद न्यौपाने, श्री जिवनराज शाक्य र श्री सतिश न्यौपाने समान उद्धेश्यका अर्को कम्पनीमा सञ्चालक पदमा आवद्ध रहनु भएकोले यस कम्पनीको आगामी वार्षिक साधारणसभा गर्दा संचालक पदमा नदोहोरिने प्रतिवद्धता पत्र श्री नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ।

"सूचिकृत संङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ।

**कम्पनीको प्रबन्ध सञ्चालकको विवरण** :

नाम : श्री रमेश प्रसाद न्यौपाने    ठेगाना : कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर उप-म.न.पा. वडा नं.११

अनुभव : • अरुण काबेली पावर लि.-संचालक • जनता बैंक नेपाल लि.-सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड (परियोजना संयोजक (३ वर्ष) • अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेड-कार्यकारी अध्यक्ष • जलविद्युत कम्पनीमा परियोजना व्यवस्थापकदेखि कार्यकारी अध्यक्षको पदमा २० बर्षको अनुभव कार्यरत।

### ८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ। मिति २०६९।०५।०१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ।

कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन। कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ। यस्तो शेयर खरीद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन। तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

### ९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- को १ शेयर बराबर शुन्य दशमलब पाँच (१ :०.५) को अनुपातमा (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ। विद्युत नियमन आयोगबाट रु.९९,८३,२३,२००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न मिति २०७७/०४/१६ गतेमा कम्पनीले पूर्व स्वीकृति प्राप्त गरेको र सोहि पूर्व स्वीकृति बमोजिम कम्पनीले रु.१००/- अंकित दरका ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताको हुन आउने रु.५२,४१,१९,७००/- (अक्षेरपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ।

### १०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिनसम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव पाँच (१:०.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन्।

### ११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को अधिनमा रहि सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ।

### १२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन्। उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताको (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताको दरले आवेदन दिन सक्ने छन्। यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ।

### १३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

**वासलात**

| विवरण | वास्तविक (रु. मा) | | | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| **स्थिर सम्पत्ति** | | | | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४५,१७,७०,००५ | ४७,४४,५४,७४० | ४९,१४,८४,५४७ | ४९,१४,८४,५४७ | २,४७,०६,५१,६८२ | २,४७,०६,५१,६८२ |
| ह्रास कट्टी | (१८,८२,९६,१६१) | (२०,३१,५५,५०८) | (२२,०३,६६,३०५) | (२३,७१,८४,०५०) | (३६,२२,५९,३३३) | (४३,८२,५८,०३१) |
| खुद सम्पत्ति | २६,३४,७३,८४४ | २७,१२,९९,२३२ | २७,११,१८,२४२ | २५,४३,००,४९७ | २,१०,८३,९२,३४९ | २,०३,२३,९३,६५१ |
| परियोजना कार्यप्रगति | ४,७५,२२,०२९ | १०,७२,४१,२३६ | २०,२८,८७,२१६ | १,५१,७२,४०,३९० | १४,८७,७६,००५ | २१,३१,८९,७०२ |
| लगानी | ५५,११,३०,९६४ | ५३,०८,४८,९८५ | ४२,६७,३०,९७१ | ५४,३७,७१,७१५ | ७७,६७,७१,७१५ | ८९,६७,७१,७१५ |
| कुल स्थीर सम्पत्ति | ८६,२१,२६,८३७ | ९०,९३,८९,४५३ | ९०,०७,३६,४२९ | २,३१,५३,१२,६०२ | ३,०३,३९,४०,०६९ | ३,१४,२३,५५,०६८ |
| **चालू सम्पत्ति** | | | | | | |
| प्राप्त हुन बाँकी | २,९५,७८,७०९ | १,०७,२८,७१३ | ९९,७८,५०९ | ९९,७८,५०९ | ६,८२,१७,२४० | ७,११,२९,१७७ |
| ऋण, पेश्की तथा जम्मा | १३,६२,५२,२२२ | १७,४२,४१,२०९ | २८,८२,१३,७४६ | २७,८८,०७,१८० | १५,०१,९५,९११ | १६,६६,०२,५७३ |
| नगद तथा बैंकमा जम्मा रकम | १२,५८,२४० | ७१,०६,४३४ | १,०१,६३,६१३ | १८,००,१३० | ८३,२९,८६३ | ८५,८३,०३३ |
| कुल चालू सम्पत्ति | १६,७०,८९,१७१ | १९,२०,७६,३५६ | ३०,८३,५५,८६८ | २९,०५,८५,८१९ | २२,६७,४३,०२२ | २४,६३,१४,७८३ |
| जम्मा सम्पत्ति | १,०२,९२,१६,००८ | १,१०,१४,६५,८०९ | १,२०,९०,९२,२९७ | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |
| **पूँजी र दायित्व** | | | | | | |
| शेयर पूँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा सञ्चित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| जम्मा | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| ऋण | ५,५३,३०,४९५ | ५,२४,९४,८२९ | ७,६३,४४,५९२ | ८९,५८,५०,८०८ | १,४१,९०,५१,६९६ | १,३५,३०,५८,१६५ |
| अन्य तिर्नुपर्ने | १,६३,१२,४१५ | ३,८३,१८,२३६ | ५,५४,९६,५०१ | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| ऋण तथा दायित्व | ७,१६,४२,९१० | ९,०८,१३,०६५ | १३,१८,४१,०९३ | ९२,६०,४५,८९३ | १,४५,३५,९९,७४९ | १,३९,३५,६५,५४० |
| जम्मा पूँजी तथा दायित्व | १,०२,९२,१६,००८ | १,१०,१४,६५,८०९ | १,२०,९०,९२,२९७ | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु. मा) | | | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| विद्युत बिक्रीबाट आम्दानी | ५,२०,५९,७५६ | ५,४९,७३,०८९ | ६,९२,२१,४०२ | ६,९२,२१,४०२ | ३३,८५,५६,२७५ | ३४,७४,८२,५४१ |
| अन्य आम्दानी | १,८९,९१,९८२ | ४,१९,८७,३२४ | ६,०७,४९,४८८ | ९,१२,०८,३७९ | ९,१९,५६,७४० | १२,९९,३१,६९२ |
| जम्मा आम्दानी | ७,१०,५१,७३८ | ९,६९,६०,४१३ | १२,९९,७०,८९० | १६,०४,२९,७८१ | ४३,०५,१३,०१५ | ४७,७४,१४,२३३ |
| रोयल्टी | १३,६०,३९४ | ८१,०१,४७२ | १,०१,१७,२४७ | १,०१,२२,१४० | १,६५,०२,८३७ | १,६६,८१,३६३ |
| प्रशासकीय खर्च | २,३७,३९,३७३ | ३१,८७,६७७ | ७८,४७,८३२ | ६५,४६,६८८ | ६८,३५,१९६ | ७१,६४,३५७ |
| आयोजना सञ्चालन खर्च | ६५,०१,००४ | ३३,०८,९२२ | ४४,३६,६४२ | ४८,९२,९८४ | १,२१,६७,०५७ | १,२७,७५,४११ |
| सञ्चालन मुनाफा | ३,९४,५०,९६७ | ८,२३,६२,३४२ | १०,७५,६९,१६९ | १३,८८,६७,९६९ | ३९,५०,०७,९२५ | ४४,०७,९३,१०२ |
| ब्याज खर्च | ४१,९३,९२४ | ७२,०५,९०७ | ९४,९१,७५१ | ८०,१७,१६० | ११,५९,१५,९६५ | १४,६१,२८,८७० |
| ह्रास खर्च | १,२४,७२,४६० | १,३०,४५,१८० | १,२३,२१,३९० | १,६८,१७,७४६ | १२,५०,७५,२८३ | ७,५९,९८,६९८ |
| बोनस अघिको नाफा | २,२७,८४,५८३ | ६,२१,११,२५५ | ८,५७,५६,०२८ | ११,४०,३३,०६३ | १५,४०,१६,६७७ | २१,८६,६५,५३४ |
| कर्मचारी बोनस | १२,४५,३९५ | ११,४८,१७४ | ३,३३,०९० | ३,३६,४०० | ३०,८०,३३४ | ४३,७३,३११ |
| बोनस पछिको नाफा | २,१५,३९,१८८ | ६,०९,६३,०८१ | ८,५४,२२,९३८ | ११,३६,९६,६६३ | १५,०९,३६,३४३ | २१,४२,९२,२२३ |
| आयकर | १४,२०,२६६ | ७८,८३,४३५ | १,४८,५३,२३८ | ३,१७,६८,६३३ | २,२४,२०,३६९ | २,४३,७२,०५२ |
| आयकर पछिको नाफा | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ७,०५,६९,७०० | ८,१९,२८,०३० | १२,८५,१५,९७४ | १८,९९,२०,१७१ |
| संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | - | - | ७,०५,६९७ | ८,१९,२८० | १२,८५,१६० | १८,९९,२०२ |
| आयकर पछिको खुद नाफा | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ६९८६४००३ | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| चालु वर्षको नाफा नोक्सान | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ६,९८,६४,००३ | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| गत वर्षसम्मको सञ्चिती | ९,३४,५९,५१३ | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ |
| बोनस शेयर प्रदान | (८,४८,१९,३००) | - | (६,५३,१०,९००) | - | - | - |
| लाभांस कर | - | - | (३२,६५,५४३) | - | - | - |
| सञ्चितीबाट नगद लाभांस वितरण | (४१,९८,३३७) | - | - | (५,२५,४३,३२६) | - | - |
| मौज्दात जगेडा कोष र सञ्चित सारेको | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |

**कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| चुक्ता पूँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा संचित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| जम्मा | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| जम्मा (नेटवर्थ) | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| शेयर संख्या | ९३,३०,१२३ | ९३,३०,१२३ | ९९,८३,२३२ | १,५७,२३,५९१ | १,५७,२३,५९१ | १,५७,२३,५९१ |
| प्रति शेयर नेटवर्थ | १०२.६३ | १०८.३२ | १०७.९१ | १०६.८४ | ११४.९३ | १२६.८९ |
| नेटवर्थमा औषत प्रतिफल | २.१० | ४.९८ | ६.४९ | ४.८३ | ७.०४ | ९.४२ |
| प्रति शेयर आम्दानी | २.१६ | ५.४० | ७.०० | ५.१६ | ८.०९ | ११.९६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | ६.५५ | |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो। उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री कंडेल एण्ड एसोसियट्का चार्टड एकाण्टेण्ट श्री नारायण कंडेलले गर्नु भएको हो।

### १४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भाबित आर्थिक जोखिमहरु :

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** :
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : बजारको जोखिम नरहेको।
कम्पनीको पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्झौता भै सकेको छ। नेपाल विद्युत प्राधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुंदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम** : आयोजना समयमै सम्पन्न नभएमा आयोजनाको निर्माण लगातमा बृद्धि हुने जोखिम रहेको।

(५) **विदेशी विनिमयको जोखिम** : कम्पनीले काबेली बी-१ क्यासकेड जल विद्युत आयोजनाको लागि चाहिने इलेक्ट्रोमेकानिकल उपकरणको खरीद सम्झौता विदेशी मुद्रा (युरो) मा गरेको र आयोजनाका लागि आवश्यक पाइपको खरीद सम्झौता भारतिय रुपैयामा खरीद गरेकाले युरो र भारतिय मुद्राको दरमा बृद्धि भएमा निर्माणाधीन आयोजनाको निर्माण लागतमा बृद्धि हुनाले गर्दा उल्लेखित विदेशी मुद्राको विनिमयको जोखिम रहेको।

(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेकोले सो जोखिम नरहेको।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ।

(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** : कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने।

(९) **सञ्चालन अनुभवको अभाव** : कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ६ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको।

(१०) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम** : उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम भएको व्यवसाय हो। तथापी भविष्यमा अन्य स्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ।

(११) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको।

(१२) **अन्य** : दैबिप्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा निर्माणाधिन आयोजनाको लागत बढ्नुका साथै आम्दानीको स्रोतमा असर पर्ने। जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागि परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ। जलवायु परिर्वतनबाट खोलामा पानीको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्दछ।
**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु** : नरहेको।
**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।**
अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो। कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक छ। यो आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि पूँजी बजारमा कम्पनीको शेयरको मुल्यमा बृद्धि हुनेछ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा** :
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो स्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी। यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पत्ति र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक सम्पती र लस अफ प्रोफिटको विमा समेत गरिएको छ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मुल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

### १५. हकप्रद साधारण शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीद प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन्।

(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।

(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।

(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।

(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।

(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।

(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँट भई कायम बाँडफाँटमा परेको शेयर कित्ता जम्मा गरिनेछ।

(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नुपर्ने छ।

### १६. कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | २८४ | १४४ | १५३ | ५,६०२ |
| २०७५/०७६ | १५४ | ९६ | १११ | ४,३८० |
| २०७६/०७७ | १२३ | ८८ | ९३ | ४,६८२ |
| **महिना** | **अधिकतम शेयर मूल्य (रु.)** | **न्यूनतम शेयर मूल्य (रु.)** | **अन्तिम बजार मूल्य (रु.)** | **शेयर कारोबार संख्या** |
| मंसिर २०७७ | २७५ | २२० | २२३ | ६,२४९ |
| पुष २०७७ | २४० | १९४ | २३४ | ३,४०८ |
| माघ २०७७ | २९७ | २२७ | २९१ | ९,८८६ |

*द्रष्टव्यः* यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

### १७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ।

### १८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ।

### १९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्ट्रर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,
(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ,
(ज) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन।
(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

### २०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

**हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना** : हकप्रद शेयर मार्फत उपलब्ध भएको रकमलाई कम्पनीले निम्म आयोजनाको निर्माणका लागि आवश्यक पर्ने स्वपूँजीमा लगानी गर्ने। कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा प्रदेश नं. १, जिल्ला पाँचथर, हिलिहाङ गाउँपालिका वडा नं. १ मा ९.९४ मे.वा. जडित क्षमता भएको काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निमार्ण गरिरहेको छ। सो आयोजनाको लागि हकप्रद शेयर मार्फत स्वपूँजी जुटाई काम गर्न आवश्यक भएको।

### २१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५२,४१,१९,७००/- (बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले निर्माण निम्न जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ।
- काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निर्माणको लागि - रू. ५२.४१ करोड

### २२. निष्कासन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

| क्र.सं. | बैंकको नाम र ठेगाना | खाता नं. | खाताको नाम |
|---|---|---|---|
| १. | मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ | ०३५१०२००४०६५३२००००९ | MUKITNATH CAP LTD ARUN VALLEY RIGHT |
| २. | गरिमा विकास बैंक लिमिटेड, ठमेल, काठमाण्डौ | ०९१००१००८३५९६२००००५ | MUKITNATH CAPITAL LTD- ARUN VALLEY RIGHT |

### २३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

### २४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

| | |
|---|---|
| १. | श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ। |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग,कमलादी, काठमाण्डौ। |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, **शाखा कार्यालयहरुः** इटहरी, इलाम, पोखरा नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगंज, धनगढी र जनकपुर। |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |


उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.arunhydro.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन्।

### २५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ७,९१,४३,२३४/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं।

**यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लि., हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं वा फोन नं. ४५४६१०८/०९/४५४६४७० मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।**




**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.

प्रधान कार्यालय, हात्तिसारमार्ग, कमलादी, काठमाडौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेवसाइटः www.muktinathcapital.com

प्रति शेयर रु.१००/- अंकित दरको ५२,४१,१९७ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

ARUN VALLEY HYDROPOWER DEVELOPMENT CO. LTD
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT
ESTD. 1997 A.D.

# अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा., वडा नं. ११ थापाथली, काठमाण्डौ
फोन नं. ०१-५१११०९३, फ्याक्स नं. ०१-५१११०३५
इमेलः arunvalley2054@gmail.com वेभसाईटः www.arunhydro.com.np

**हकप्रद शेयरको बिक्री खुल्ला अवधि:**
**निष्काशन खुल्ला मिति: २०७८/१/६ गते**
**निष्काशन बन्द हुने मिति: २०७८/१/२६ गते** (बैकिङ्ग समय पश्चात्)

**सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।**

## १ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयरको

# हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

**क्रेडिट रेटिङ्ग सम्बन्धी जानकारी**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि, पुतलीसडक, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग मिति पुष १५, २०७७ मा प्राप्त गरेको छ। जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default) भन्ने जानउंदछ। सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ।

**कम्पनीको विद्यमान चुक्ता पूँजी रु. १,०४,८२,३९,४००/- मा एक शेयर बराबर नयाँ शुन्य दशमलब पाँच (१ : ०.५) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर मिति २०७७/१२/८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।**

## हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७७/११/२५।

### १. कम्पनीको नाम :
अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Arun Valley Hydropower Development Company Limited)।

### २. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ। आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ।

### ३. कारोवार स्थान :
यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल प्रदेश नं. १, संखुवासभा जिल्ला, चैनपुर न.पा. वडा नं. ७ (पिलुवा खोला जलविद्युत आयोजना) र प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउँपालिका वडा नं. १ (काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना) मा अवस्थित छ। सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ।

### ४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
**कम्पनीको संक्षिप्त परिचय** : कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ।

(अ) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड २०५४ साल फागुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०६२ साल भाद्र ८ गतेका दिन पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो।

(आ) कम्पनीमा स्थापना कालमा ८२ जना संस्थापक शेयरधनी रहनु भएको थियो। कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँट गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँट गरिएको थियो। मिति २०६९ भाद्र ०१ गते देखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ।

(इ) कम्पनीले पिलुवाखोलाको पानी उपयोग गरी ३,००० किलोवाट क्षमताको पिलुवाखोला जलविद्युत आयोजना निमार्ण गर्न २०५७ साल कात्तिक महिना देखि कार्य सुरु गरी मिति २०६० श्रावणमा निर्माण कार्य सम्पन्न गरी २०६० साल आश्विन १ गतेदेखि व्यवसायिक उत्पादन गरिरहेको छ। यस आयोजनाले प्रदेश नं. १ को कोशी अंचलका पहाडी जिल्लाहरुमा लोडसेडिंग हटाई भरपर्दो, उपयुक्त भोल्टेजको विद्युतशक्ति आपुर्ति गरी देश निमार्णमा सहयोग गरीरहेको छ। कम्पनीले निमार्ण गरेको पिलुवाखोला आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०५६ साल माघ ९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ। यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि २५ वर्ष सम्मका लागि कायम रहेकोछ। सम्झौताको अवधि पुरा भएपछी दुवै पक्षको सहमतिबाट सम्झौता नविकरण गर्न सकिने व्यवस्था छ।

(ई) कम्पनीले काबेली खोलाको पानी उपयोग गरि प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउँपालिका वडा नं. १ मा ९९४० किलोवाट क्षमता भएको काबेली बी १ क्यासकेड परियोजना मिति २०७६ पुष देखि निर्माण कार्य सुरु गरि रहेको छ। उक्त आयोजनाको निर्माण कार्य २०७८ साल भाद्र मसान्तसम्ममा सम्पन्न गरि २०७८ साल आश्विन १ गते देखि राष्ट्रिय प्रसारण लाईनमा जोडिने लक्ष्य रहेको छ।

**कम्पनीका उद्देश्यहरुः** कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आबद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने। वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरु लिजमा लिई पुनः संचालन गरी, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने।

(च) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :
- अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने।
- आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने।
- इ) विद्युत आयोजनाहरुको पूर्व सम्भाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने।
- ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने।
- उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने।
- ऊ) देशमा बढ्दै गइरहेको सिमेन्टको मागलाई दृष्टिगत गरी आधुनिक सिमेन्ट उद्योगको स्थापना गरी गुणस्तरयुक्त सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने।
- ए) स्वीकृति लिनु पर्नेमा लिई खानी खोजतलास गरी उत्खनन गर्ने।

(छ) कम्पनीको व्यवसाय विस्तार गर्नको लागि जलविद्युतको अतिरिक्त (१) बैंक तथा वित्तीय संस्था, (२) सिमेन्ट उद्योग, (३) खानी तथा खनिज उद्योग तथा (४) भवन निर्माण आदि क्षेत्रमा लगानी गर्ने।

### ५. शेयर पूँजीको संरचना :
**अधिकृत पूँजी** : कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्व पचास करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजन गरिएको छ।
**जारी पूँजी** : कम्पनीको जारी पूँजी रु.१,८६,६०,२४,६००/- (अक्षरेपी एक अर्व छयासी करोड साठ्ठी लाख चौबीस हजार छ सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,८६,६०,२४६ थान साधारण शेयरमा विभाजन गरिएको छ।
**चुक्ता पूँजी** : कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- (अक्षरेपी रु. एक अर्व चार करोड बयासी लाख उनान्न चालिस हजार चार सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,०४,८२,३९४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरण मार्फत रु.५२,४१,१९,७००/- (बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५७,२३,५९,१००/- (अक्षेरुपी एक अर्व सन्ताउन्न करोड तेइस लाख उनान्न साठ्ठी हजार एक सय मात्र) हुनेछ।

### ६. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :
हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४०० /- रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- कायम हुनेछ।

### ७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :
कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | अनुभव | समूह |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिबन राज शाक्य | अध्यक्ष | ६४ | नेपाली | बि.ए. | १२२/४१ डल्लु, काठमाण्डौ | • संचालक अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेड - संस्थागत प्रतिनिधि सञ्चालक • अरुण काबेली पावर लि. समेत गरि जलविद्युत क्षेत्रमा १० बर्षको कार्य अनुभव • म्यानेजर पार्टनर - People to People Gmbh,Germany & Namaste B.V.B.A,Belgium • महा सचिव - Nepal Sri-Lanka friendship & Cultural Association - २ वर्ष • सचिव - Buddhist SAARC ३ वर्ष | सर्वसाधारण |
| २. | रमेश प्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ४८ | नेपाली | एम.बि.एस. | कोशी अञ्चल, मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा. वडा नं.११ | • अरुण काबेली पावर लि. - सञ्चालक • जनता बैंक नेपाल लि., - सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड - आयोजना संयोजक • अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेडमा विभिन्न पदमा रहि जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव। | सर्वसाधारण |
| ३. | बिबेक तातेड | सञ्चालक | ४४ | नेपाली | एम.बि.ए. | थापाथली, काठमाण्डौ | • नेपाल विद्युत प्राधिकरण -सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर कम्पनी लिमिटेड - प्राविधिक सञ्चालक (५ वर्ष) • प्रबन्ध निर्देशक - विशाल पलास्टोक्याब इन्डष्ट्रिज प्रा.लि. २००५ देखि हालसम्म • व्यवसाय विकास प्रबन्धक - एस.टि.एम. टेलिकम संचार कं. प्रा.लि. (६ महिना) • व्यवसाय विकास प्रबन्धक - एच.जी.इन्ट. प्रा.लि. (२ वर्ष) • जलविद्युत क्षेत्रमा ५ बर्षको अनुभव। | सर्वसाधारण |
| ४. | सतिश न्यौपाने | सञ्चालक | ४२ | नेपाली | बि.ए. | का.म.न.पा.-३१, काठमाण्डौ | • अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड - सञ्चालक • अपि पावर कम्पनी लिमिटेड - संस्थागत प्रतिनिधि सञ्चालक • कंचनजङ्गा हाउजिङ्ग लि. - सञ्चालक • अपि हाईड्रो मेकानिकल प्रा.लि. - प्रबन्ध निर्देशक • जलविद्युत क्षेत्रमा १० बर्षको अनुभव। | सर्वसाधारण |
| ५. | मिलन खड्का | सञ्चालक | ३१ | नेपाली | बि.बि.एस. | लगनखेल, ललितपुर | • अरुण भ्याली हाईड्रोपावर डे. कम्पनी लिमिटेड - संचालक (२०१७ देखि हालसम्म) • अरुण काबेली पावर लि. - संस्थागत प्रतिनिधि सञ्चालक • अपि हाईड्रो मेकानिकल प्रा.लि. - प्रमुख कार्यकारी अधिकृत (२०१७ देखि हालसम्म) तथा वित्त व्यावस्थापक (२०१४ देखि २०१७ सम्म) • जलविद्युत क्षेत्रमा ३ बर्षको अनुभव। | सर्वसाधारण |

*नोटः* कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन।

यस कम्पनीका सञ्चालकहरु श्री रमेश प्रसाद न्यौपाने, श्री जिवनराज शाक्य र श्री सतिश न्यौपाने समान उद्धेश्यका अर्को कम्पनीमा सञ्चालक पदमा आवद्ध रहनु भएकोले यस कम्पनीको आगामी वार्षिक साधारणसभा गर्दा संचालक पदमा नदोहोरिने प्रतिवद्धता पत्र श्री नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ।

"सूचिकृत संङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ।

**कम्पनीको प्रबन्ध सञ्चालकको विवरण :**
नाम : श्री रमेश प्रसाद न्यौपाने ठेगाना : कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर उप-म.न.पा. वडा नं.११
अनुभव : • अरुण काबेली पावर लि.-संचालक • जनता बैंक नेपाल लि.-सञ्चालक (१ वर्ष) • रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड (परियोजना संयोजक (३ वर्ष) • अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेड-कार्यकारी अध्यक्ष • जलविद्युत कम्पनीमा परियोजना व्यवस्थापकदेखि कार्यकारी अध्यक्षको पदमा २० बर्षको अनुभव कार्यरत।

### ८. सञ्चालक समितिको बनौट :
कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ। मिति २०६९।०५।०१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ।

कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन। कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ। यस्तो शेयर खरीद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन। तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

### ९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :
हाल कायम रहेको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- को १ शेयर बराबर शुन्य दशमलब पाँच (१ :०.५) को अनुपातमा (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ। विद्युत नियमन आयोगबाट रु.९९,८३,२३,२००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न मिति २०७७/०४/१६ गतेमा कम्पनीले पूर्व स्वीकृति प्राप्त गरेको र सोहि पूर्व स्वीकृति बमोजिम कम्पनीले रु.१००/- अंकित दरका ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताको हुन आउने रु.५२,४१,१९,७००/- (अक्षेरपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ।

### १०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिनसम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव पाँच (१:०.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन्।

### ११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को अधिनमा रहि सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ।

### १२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :
शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन्। उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताको (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताको दरले आवेदन दिन सक्ने छन्। यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ।

### १३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

**वासलात**

| विवरण | वास्तविक (रु. मा) | | | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| **स्थिर सम्पत्ति** | | | | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४५,१७,७०,००५ | ४७,४४,५४,७४० | ४९,१४,८४,५४७ | ४९,१४,८४,५४७ | २,४७,०६,५१,६८२ | २,४७,०६,५१,६८२ |
| ह्रास कट्टी | (१८,८२,९६,१६१) | (२०,३१,५५,५०८) | (२२,०३,६६,३०५) | (२३,७१,८४,०५०) | (३६,२२,५९,३३३) | (४३,८२,५८,०३१) |
| खुद सम्पत्ति | २६,३४,७३,८४४ | २७,१२,९९,२३२ | २७,११,१८,२४२ | २५,४३,००,४९७ | २,१०,८३,९२,३४९ | २,०३,२३,९३,६५१ |
| परियोजना कार्यप्रगति | ४,७५,२२,०२९ | १०,७२,४१,२३६ | २०,२८,८७,२१६ | १,५१,७२,४०,३९० | १४,८७,७६,००५ | २१,३१,८९,७०२ |
| लगानी | ५५,११,३०,९६४ | ५३,०८,४८,९८५ | ४२,६७,३०,९७१ | ५४,३७,७१,७१५ | ७७,६७,७१,७१५ | ८९,६७,७१,७१५ |
| कुल स्थीर सम्पत्ति | ८६,२१,२६,८३७ | ९०,९३,८९,४५३ | ९०,०७,३६,४२९ | २,३१,५३,१२,६०२ | ३,०३,३९,४०,०६९ | ३,१४,२३,५५,०६८ |
| **चालू सम्पत्ति** | | | | | | |
| प्राप्त हुन बाँकी | २,९५,७८,७०९ | १,०७,२८,७१३ | ९९,७८,५०९ | ९९,७८,५०९ | ६,८२,१७,२४० | ७,११,२९,१७७ |
| ऋण, पेश्की तथा जम्मा | १३,६२,५२,२२२ | १७,४२,४१,२०९ | २८,८२,१३,७४६ | २७,८८,०७,१८० | १५,०१,९५,९१९ | १६,६६,०२,५७३ |
| नगद तथा बैंकमा जम्मा रकम | १२,५८,२४० | ७१,०६,४३४ | १,०१,६३,६१३ | १८,००,१३० | ८३,२९,८६३ | ८५,८३,०३३ |
| कुल चालू सम्पत्ति | १६,७०,८९,१७१ | १९,२०,७६,३५६ | ३०,८३,५५,८६८ | २९,०५,८५,८१९ | २२,६७,४३,०२२ | २४,६३,१४,७८३ |
| जम्मा सम्पत्ति | १,०२,९२,१६,००८ | १,१०,१४,६५,८०९ | १,२०,९०,९२,२९७ | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |
| **पूँजी र दायित्व** | | | | | | |
| शेयर पूँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा सञ्चित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| जम्मा | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| ऋण | ५,५३,३०,४९५ | ५,२४,९४,८२९ | ७,६३,४४,५९२ | ८९,५८,५०,८०८ | १,४१,९०,५१,६९६ | १,३५,३०,५८,१६५ |
| अन्य तिर्नुपर्ने | १,६३,१२,४१५ | ३,८३,१८,२३६ | ५,५४,९६,५०१ | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| ऋण तथा दायित्व | ७,१६,४२,९१० | ९,०८,१३,०६५ | १३,१८,४१,०९३ | ९२,६०,४५,८९३ | १,४५,३५,९९,७४९ | १,३९,३५,६५,५४० |
| जम्मा पूँजी तथा दायित्व | १,०२,९२,१६,००८ | १,१०,१४,६५,८०९ | १,२०,९०,९२,२९७ | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु. मा) | | | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| विद्युत बिक्रीबाट आम्दानी | ५,२०,५९,७५६ | ५,४९,७३,०८९ | ६,९२,२१,४०२ | ६,९२,२१,४०२ | ३३,८५,५६,२७५ | ३४,७४,८२,५४१ |
| अन्य आम्दानी | १,८९,९१,९८२ | ४,१९,८७,३२४ | ६,०७,४९,४८८ | ९,१२,०८,३७९ | ९,१९,५६,७४० | १२,९९,३१,६९२ |
| जम्मा आम्दानी | ७,१०,५१,७३८ | ९,६९,६०,४१३ | १२,९९,७०,८९० | १६,०४,२९,७८१ | ४३,०५,१३,०१५ | ४७,७४,१४,२३३ |
| रोयल्टी | १३,६०,३९४ | ८१,०१,४७२ | १,०१,१७,२४७ | १,०१,२२,१४० | १,६५,०२,८३७ | १,६६,८१,३६३ |
| प्रशासकीय खर्च | २,३७,३९,३७३ | ३१,८७,६७७ | ७८,४७,८३२ | ६५,४६,६८८ | ६८,३५,१९६ | ७१,६४,३५७ |
| आयोजना सञ्चालन खर्च | ६५,०१,००४ | ३३,०८,९२२ | ४४,३६,६४२ | ४८,९२,९८४ | १,२१,६७,०५७ | १,२७,७५,४११ |
| सञ्चालन मुनाफा | ३,९४,५०,९६७ | ८,२३,६२,३४२ | १०,७५,६९,१६९ | १३,८८,६७,९६९ | ३९,५०,०७,९२५ | ४४,०७,९३,१०२ |
| ब्याज खर्च | ४१,९३,९२४ | ७२,०५,९०७ | ९४,९१,७५१ | ८०,१७,१६० | ११,५९,१५,९६५ | १४,६१,२८,८७० |
| ह्रास खर्च | १,२४,७२,४६० | १,३०,४५,१८० | १,२३,२१,३९० | १,६८,१७,७४६ | १२,५०,७५,२८३ | ७,५९,९८,६९८ |
| बोनस अघिको नाफा | २,२७,८४,५८३ | ६,२१,११,२५५ | ८,५७,५६,०२८ | ११,४०,३३,०६३ | १५,४०,१६,६७७ | २१,८६,६५,५३४ |
| कर्मचारी बोनस | १२,४५,३९५ | ११,४८,१७४ | ३,३३,०९० | ३,३६,४०० | ३०,८०,३३४ | ४३,७३,३११ |
| बोनस पछिको नाफा | २,१५,३९,१८८ | ६,०९,६३,०८१ | ८,५४,२२,९३८ | ११,३६,९६,६६३ | १५,०९,३६,३४३ | २१,४२,९२,२२३ |
| आयकर | १४,२०,२६६ | ७८,८३,४३५ | १,४८,५३,२३८ | ३,१७,६८,६३३ | २,२४,२०,३६९ | २,४३,७२,०५२ |
| आयकर पछिको नाफा | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ७,०५,६९,७०० | ८,१९,२८,०३० | १२,८५,१५,९७४ | १८,९९,२०,१७१ |
| संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | - | - | ७,०५,६९७ | ८,१९,२८० | १२,८५,१६० | १८,९९,२०२ |
| आयकर पछिको खुद नाफा | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ६९८६४००३ | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| चालु वर्षको नाफा नोक्सान | २,०१,१८,९२२ | ५,३०,७९,६४६ | ६,९८,६४,००३ | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| गत वर्षसम्मको सञ्चिती | ९,३४,५९,५१३ | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ |
| बोनस शेयर प्रदान | (८,४८,१९,३००) | - | (६,५३,१०,९००) | - | - | - |
| लाभांस कर | - | - | (३२,६५,५४३) | - | - | - |
| सञ्चितीबाट नगद लाभांस वितरण | (४१,९८,३३७) | - | - | (५,२५,४३,३२६) | - | - |
| मौज्दात जगेडा कोष र सञ्चित सारेको | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |

**कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७४/०७५ | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/०७७ | आ.ब.२०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० |
| चुक्ता पूँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा संचित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| जम्मा | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| जम्मा (नेटवर्थ) | ९५,७५,७३,०९८ | १,०१,०६,५२,७४४ | १,०७,७२,५१,२०४ | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| शेयर संख्या | ९३,३०,१२३ | ९३,३०,१२३ | ९९,८३,२३२ | १,५७,२३,५९१ | १,५७,२३,५९१ | १,५७,२३,५९१ |
| प्रति शेयर नेटवर्थ | १०२.६३ | १०८.३२ | १०७.९१ | १०६.८४ | ११४.९३ | १२६.८९ |
| नेटवर्थमा औषत प्रतिफल | २.१० | ४.९८ | ६.४९ | ४.८३ | ७.०४ | ९.४२ |
| प्रति शेयर आम्दानी | २.१६ | ५.४० | ७.०० | ५.१६ | ८.०९ | ११.९६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ६.५५ | | |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो। उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री कंडेल एण्ड एसोसियट्का चार्टड एकाण्टेण्ट श्री नारायण कंडेलले गर्नु भएको हो।

### १४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु :
(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने।
(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** :
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : बजारको जोखिम नरहेको। कम्पनीको पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरीद गर्ने सम्झौता भै सकेको छ। नेपाल विद्युत प्राधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुंदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।
(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम** : आयोजना समयमै सम्पन्न नभएमा आयोजनाको निर्माण लगातमा बृद्धि हुने जोखिम रहेको।
(५) **विदेशी विनिमयको जोखिम** : कम्पनीले काबेली बी-१ क्यासकेड जल विद्युत आयोजनाको लागि चाहिने इलेक्ट्रोमेकानिकल उपकरणको खरीद सम्झौता विदेशी मुद्रा (युरो) मा गरेको र आयोजनाका लागि आवश्यक पाइपको खरीद सम्झौता भारतिय रुपैयामा खरीद गरेकाले युरो र भारतिय मुद्राको दरमा बृद्धि भएमा निर्माणाधीन आयोजनाको निर्माण लागतमा बृद्धि हुनाले गर्दा उल्लेखित विदेशी मुद्राको विनिमयको जोखिम रहेको।
(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेकोले सो जोखिम नरहेको।
(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ।
(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** : कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने।
(९) **सञ्चालन अनुभवको अभाव** : कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ६ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको।
(१०) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम** : उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम भएको व्यवसाय हो। तथापी भविष्यमा अन्य स्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ।
(११) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको।
(१२) **अन्य** : दैबिप्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा निर्माणाधिन आयोजनाको लागत बढ्नुका साथै आम्दानीको स्रोतमा असर पर्ने। जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागि परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी बिमाको व्यवस्था गरिएको छ। जलवायु परिर्वतनबाट खोलामा पानीको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्दछ।
**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु** : नरहेको।
**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।**
अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो। कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक छ। यो आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि पूँजी बजारमा कम्पनीको शेयरको मुल्यमा बृद्धि हुनेछ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो स्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी। यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पत्ति र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक सम्पती र लस अफ प्रोफिटको विमा समेत गरिएको छ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मुल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

### १५. हकप्रद साधारण शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :
(क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीद प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन्।
(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।
(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।
(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।
(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।
(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।
(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँट भई कायम बाँडफाँटमा परेको शेयर कित्ता जम्मा गरिनेछ।
(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नुपर्ने छ।

### १६. कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | २८४ | १४४ | १५३ | ५,६०२ |
| २०७५/०७६ | १५४ | ९६ | १११ | ४,३८० |
| २०७६/०७७ | १२३ | ८८ | ९३ | ४,६८२ |
| **महिना** | **अधिकतम शेयर मूल्य (रु.)** | **न्यूनतम शेयर मूल्य (रु.)** | **अन्तिम बजार मूल्य (रु.)** | **शेयर कारोबार संख्या** |
| मंसिर २०७७ | २७५ | २२० | २२३ | ६,२४९ |
| पुष २०७७ | २४० | १९४ | २३४ | ३,४०८ |
| माघ २०७७ | २९७ | २२७ | २९१ | ९,८८६ |

*द्रष्टव्यः* यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

### १७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :
कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ।

### १८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ।

### १९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :
साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः
(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,
(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ,
(ज) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन।
(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

### २०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :
**हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना** : हकप्रद शेयर मार्फत उपलब्ध भएको रकमलाई कम्पनीले निम्म आयोजनाको निर्माणका लागि आवश्यक पर्ने स्वपूँजीमा लगानी गर्ने। कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा प्रदेश नं. १, जिल्ला पाँचथर, हिलिहाङ गाउँपालिका वडा नं. १ मा ९.९४ मे.वा. जडित क्षमता भएको काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निमार्ण गरिरहेको छ। सो आयोजनाको लागि हकप्रद शेयर मार्फत स्वपूँजी जुटाई काम गर्न आवश्यक भएको।

### २१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :
हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५२,४१,१९,७००/- (बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले निर्माण निम्न जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ।
- काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निर्माणको लागि - रू. ५२.४१ करोड

### २२. निष्कासन बैंक (Bankers to the Issue) सम्बन्धी ब्यवस्था :
यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

| क्र.सं. | बैंकको नाम र ठेगाना | खाता नं. | खाताको नाम |
|---|---|---|---|
| १. | मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ | ०३५१०२००४०६५३२००००९ | MUKITNATH CAP LTD ARUN VALLEY RIGHT |
| २. | गरिमा विकास बैंक लिमिटेड, ठमेल, काठमाण्डौ | ०९१००१००८३५९६२००००५ | MUKITNATH CAPITAL LTD- ARUN VALLEY RIGHT |

### २३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

### २४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

| | |
|---|---|
| १. | श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ। |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग,कमलादी, काठमाण्डौ। |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, **शाखा कार्यालयहरुः** इटहरी, इलाम, पोखरा नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगंज, धनगढी र जनकपुर। |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.arunhydro.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन्।

### २५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :
यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ७,९१,४३,२३४/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं।

**यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लि., हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं वा फोन नं. ४५४६१०८/०९/४५४६४७० मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।**

**दरखास्त फारामको नमूना**

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७८/१/६ गते
निष्कासन बन्द हुने मिति : २०७८/१/२६ गते (बैकिङ्ग समय पश्चात्)

ARUN VALLEY HYDROPOWER DEVELOPMENT CO. LTD
अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड
दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा., वडा नं. ११ थापाथली, काठमाण्डौ
फोन नं. ०१-५१११०९३, फ्याक्स नं. ०१-५१११०३५
इमेलः arunvalley2054@gmail.com वेभसाईटः www.arunhydro.com.np
को

**हकप्रद शेयर खरीद दरखास्त फाराम**

मार्फत
मुक्तिनाथ क्यापिटल लि. MUKTINATH CAPITAL LTD.

| कार्यालय प्रयोजनको लागि | |
|---|---|
| शेयरको विवरण | कित्ता |
| भौतिक | |
| अभौतिक | |
| जम्मा कित्ता | |

सि.नं.
कोड नं.

श्री संचालक समिति,
अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कं. लिमिटेड
थापाथली, काठमाडौं, नेपाल।
महाशय,

शेयरधनी नं. ___ हितग्राही खाता नं. DP ID ___ CLIENT ID ___

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७७/१२/८ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा (भौतिक/अभौतिक) .............. कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको एक शेयर बराबर नयाँ शुन्य दशमलव पाँच शेयर (१ : ०.५) को अनुपातमा ......... कित्ता शेयर खरीद गर्ने हक मेरो/हाम्रो रहेकोमा ......... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक) ......... कित्ता गरि जम्मा ......... कित्ता हकप्रद शेयर खरीद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

| विवरण | भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा) | अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा) | जम्मा शेयर कित्ता |
|---|---|---|---|
| साविक कायम रहेको शेयर कित्ता | | | |
| लिन चाहेको हकप्रद शेयर कित्ता | | | |
| हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता | | | |
| जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता | | | |

हक हस्तान्तरण गरिदिने शेयरधनीको शेयरधनी नं./हितग्राही नं. DP ID ___ Client ID ___ शेयरधनी नं. ___
प्रति शेयर रु.१००/- ले बुझाएको रकम रु. ___ अक्षरमा ___

**Sources of Fund (For Rs. One million and above as per AML/CFT, Direction, 2076 issued by SEBON)**
आयको स्रोत (रु. दश लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ अनुसार)
ब्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) ___

दरखास्त बुझाएको मिति २०७७/ / रसिद/भौचर नं.
चेक खिचिएको बैंकको नाम ___ चेक नं.
रकम बुझाएको बैंक/कम्पनीको नाम ___ ठेगाना
निवेदकको पूरा नाम: नेपालीमा श्री/श्रीमती/सुश्री/नाबालक ___ In English Mr./Mrs./Miss/Minor ___ USE CAPITAL LETTER
ठेगाना / Address: घर नं./वडा नं. House No./Ward no ___ टोल Tole ___ गा.पा./न.पा. RM/Municipality ___ जिल्ला District ___
सम्पर्क ठेगाना ___
PAN No. ___ Phone No. ___ Mobile No. ___
ना.प्र.प.नं./जारी स्थान ___ Email ID ___
बाबुको नाम / Father's Name ___
बाजेको नाम / Grand Father's Name ___
पति/पत्नीको नाम ___
संरक्षकको नाम (नाबालकको हकमा) / Guardian's Name (Incase of minor) ___

I hereby declared that source of this transaction is not from money laundering, terrorist financing, drug addiction, human trafficking or any other illegal activities.

द्रष्टव्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
४. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठीक साँचो हो। यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

**यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ**

मार्फत मुक्तिनाथ क्यापिटल लि. MUKTINATH CAPITAL LTD.

**हकप्रद शेयर खरीद रसिद**
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.
शेयरधनी नं./परिचय नं. ___ DP ID ___ CLIENT ID ___

| | |
|---|---|
| Applicant's Name | |
| Company's Name | Arun Valley Hydropower Development Company Limited |
| No. of Shares Applied | Call Money per Share Rs.100 Amount Deposited |
| Amount in Words | |

For Official Use Only: चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
Received by: Shareholder No.
Date: Stamp Code No.

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः**

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**

प्रधान कार्यालय, हात्तिसारमार्ग, कमलादी, काठमाडौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेवसाइटः www.muktinathcapital.com

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

ARUN VALLEY
HYDROPOWER DEVELOPMENT CO. LTD
ESTD. 1997 A.D.
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT

**अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड**

दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा , वडा नं. ११ थापाथली, काठमाण्डौं
फोन न. ०१–५१११०९३, फ्याक्स नं. ०१–५१११०३५,
इमेल : arunvalley2054@gmail.com वेभसाइट : www.arunhydro.com.np

**को**

**"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"**

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- का दरले शत प्रतिशत भुक्तानी माग गरिएको।

रु. १,०४,८२,३९,४०० बराबरको प्रति शेयर रु.१०० /- अंकित दरका १०,४८,२३९४ कित्ता साधारण शेयरको १ :०.५ (अर्थात विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा रु. ५२,४१,१९,७००/- बराबरको प्रति शेयर रु १००/- अंकित दरका ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्‌घोषणः**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस कम्पनीले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक , काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई पुष १५, २०७७ (डिसेम्बर ३०, २०२०) मा "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औषत जोखिम रहेको "(Issuers with this rating are considered to have moderate risk of default)" भन्ने जनाउँछ । सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मितिः पुष १५, २०७७ (डिसेम्बर ३०, २०२०)
रेटिङ्ग बहाल रहने अवधि मितिः पुष १४, २०७८ (डिसेम्बर २९, २०२१)

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७७/११/२५
**निष्काशन खुल्ला हुने मिति :**२०७८/०१/०६
**निष्काशन बन्द हुने मिति :**२०७८/०१/२६ (**बैंकिङ्ग समय पश्चात**)

**निष्काशन तथा बिक्री प्रबन्धक**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.

**मुक्तिनाथ क्यापिटल लिमिटेड**

हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं ।
फोन नं.: ४५४६१०८, ४५४६१०९
Email: info@muktinathcapital.com
Formerly Known as VIBOR CAPITAL LIMITED Website: www.muktinathcapital.com

**क) संगठित संस्थाको नाम :** अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Arun Valley Hydropower Development Company Limited).

**ख) संगठित संस्थाको रजिष्ट्रर्ड कार्यालय :** कम्पनीको रजिष्टर्ड ठेगाना का. म. न. पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग) कारोवार स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्ट्रर्ड कार्यालय का. म. न. पा., वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल प्रदेश नं.१, संखुवासभा जिल्ला, चैनपुर न.पा. वडा नं. ७ (पिलुवाखोला जलविद्युत आयोजना) र प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउ पालिका वडा नं. १ (काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना) मा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(अ) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड २०५४ साल फागुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा कम्पनीमा जनसहभागीता बिस्तार गर्ने हेतुले २०६२ साल भाद्र ८ गतेका दिन पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

(आ) कम्पनीमा स्थापना कालमा ८२ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको थियो । मिति २०६९ भाद्र ०१ गते देखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

(इ) कम्पनीले पिलुवाखोलाको पानी उपयोग गरी ३,००० किलोवाट क्षमताको पिलुवाखोला जलविद्युत आयोजना निमार्ण गर्न २०५७ साल कात्तिक महिना देखि कार्य सुरु गरी मिति २०६० श्रावणमा निर्माण कार्य सम्पन्न गरी २०६० साल आश्विन १ गते देखि व्यवसायिक उत्पादन गरिरहेको छ । यस आयोजनाले प्रदेश नं. १ को कोशी अंचलका पहाडी जिल्लाहरुमा लोडसेडिंग हटाई भरपर्दो, उपयुक्त भोल्टेजको विद्युतशक्ति आपुर्ति गरी देश निमार्णमा सहयोग गरीरहेको छ । कम्पनीले निर्माण गरेको पिलुवाखोला आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०५६ साल माघ ९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि २५ वर्ष सम्मका लागि कायम रहेकोछ । सम्झौताको अवधि पुरा भएपछी दुवै पक्षको सहमतिबाट सम्झौता नविकरण गर्न सकिने व्यवस्था छ ।

(ई) कम्पनीले काबेली खोलाको पानी उपयोग गरि प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउ पालिका वडा नं. १ मा ९९४० किलोवाट क्षमता भएको काबेली बी १ क्यासकेड परियोजना मिति २०७६ पुष देखि निर्माण कार्य सुरु गरि रहेको छ। उक्त आयोजनाको निर्माण कार्य २०७८ साल भाद्र मसान्त सम्ममा सम्पन्न गरि २०७८ साल आश्विन १ गते देखि राष्ट्रिय प्रसारण लाईनमा जोडिने लक्ष्य रहेको छ।

**कम्पनीका उद्देश्यहरु :**

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत विक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरु लिजमा लिई पून: संचालन गरी, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युत संग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारकको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(च) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक वस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

इ) विद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने।

ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।

उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

ऊ) देशमा बढ्दै गइरहेको सिमेन्टको मागलाई दृष्टिगत गरी आधुनिक सिमेन्ट उद्योगको स्थापना गरी गुणस्तरयुक्त सिमेन्ट उत्पादन गरी बिक्रि वितरण गर्ने ।

ए) स्वीकृति लिनु पर्नेमा लिई खानी खोजतलास गरी उत्खनन गर्ने ।

(छ) कम्पनीको व्यवसाय विस्तार गर्नको लागि जलविद्युतको अतिरिक्त (१) बैंक तथा वित्तिय संस्था, (२) सिमेन्ट उद्योग, (३) खानी तथा खनिज उद्योग तथा (४) भवन निमार्ण आदि क्षेत्रमा लगानी गर्ने ।

## ङ) शेयर पूँजीको संरचना :

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (अक्षरेपी दुई अर्व पचास करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु. १,८६,६०,२४,६००/- (अक्षरेपी एक अर्व छयासी करोड साठ्ठी लाख चौबीस हजार छ सय)) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,८६,६०,२४६ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु. १,०४,८२,३९,४००/- (अक्षरेपी रु. एक अर्व चार करोड बयासी लाख उनान्चालिस हजार चार सय) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,०४,८२,३९४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत रु. ५२,४१,१९,७००/- ( अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- (अक्षेरुपी एक अर्व सन्ताउन्न करोड तेइस लाख उनान्न साठ्ठी हजार एक सय मात्र) हुनेछ ।

## च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. १,०४,८२,३९,४०० /- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- कायम हुनेछ ।

## छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

मिति २०६९ भाद्र ०१ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भएको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । हाल कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागी कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

**२०७७ माघ मसान्त सम्मको आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

| सि.नं. | नाम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | अमर राजा ताम्राकार | काठमाण्डौं-२६ | ३७७३२४ | |
| २. | जिबन राज शाक्य | काठमाण्डौं-१५ | ३१४५४४ | |
| ३. | सुमित्रा देवी न्यौपाने | नया बानेश्वर-३४ | ३९३३७४ | |
| ४. | गोर्खाज फाईनान्स लि. | डिल्लीबजार -३३ | १८७९०७ | |
| ५. | गगन विर सिंह कंसकार | कालिमाटी-१६ | १४६१११ | |
| ६. | गुरु प्रसाद न्यौपाने | नया बानेश्वर-३४ | १७८८०२ | |

## ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- को १ शेयर बराबर शुन्य दशमलब पाँच (१ :०.५) को अनुपातमा (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ । विद्युत नियमन आयोगबाट रु.९९,८३,२३,२००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन

गर्न मिति २०७७/०४/१६ गतेमा कम्पनीले पूर्व स्विकृति प्राप्त गरेको र सोहि पूर्व स्विकृति बमोजिम कम्पनीले रु १००/- अंकित दरका ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताको हुन आउने रु ५२,४१,१९,७००/- (अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजारसात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीको मिति २०७७/०९/०८ गतेमा बसेको २३ औं वार्षिक साधारण सभाबाट पारित आर्थिक वर्ष २०७६/०७७ को ५ प्रतिशत बोनश शेयर समेत थप गरे पश्चात् कायम हुने कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४०० को एक कित्ता बराबर शुन्य दशमलव पाँच (१:०.५) को अनुपातमा हुन आउने जम्मा कित्ता ५२,४१,१९७ बराबर रु.५२,४१,१९,७००/-को हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागी निवेदन गरिएको छ । धितोपत्र निष्काशन गर्नु अघि विद्युत नियमन आयोगबाट पुर्व स्विकृति लिनु पर्ने नियम बनेर लागू भएपछि कम्पनीले आयोग समक्ष निवेदन गरेको थियो । विद्युत नियमन आयोगबाट मिति २०७७/०४/१६ गते रु. ९९ करोड ८३ लाख २३ हजार २ सय चूक्ता पूँजीलाई १:१ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सहमति प्रदान भए बमोजिम कम्पनीले रु १००/- अंकित दरको ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताले हुन आउने ५२,४१,१९,७००/-(अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारणसभा सम्पन्न भएको मिति** :

कम्पनीको २३औं वार्षिक साधारणसभा मिति २०७७/०९/०८ मा सम्पन्न भई हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको छ ।

**ञ) सञ्चालकहरुको परिचय**

**सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

यस कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिबन राज शाक्य | अध्यक्ष | ६४ | नेपाली | बि. ए. | १२२/४१ डल्लु, काठमाण्डौ | -सञ्चालक अरुण भ्याली हाइड्रो पावर डे. कम्पनी लिमिटेड<br>-संस्थागत प्रतिनिधि सञ्चालक अरुण काबेली पावर लि. समेत गरि जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव ।<br>-म्यानेजर पार्टनर-People to People Gmbh,Germany & Namaste B.V.B.A,Belgium<br>महा सचिव-Nepal Sri-Lanka friendship & Cultural Association- (२ वर्ष)<br>-सचिव- Buddhist SAARC - (३ वर्ष) | सर्वसाधारण |
| २. | रमेश प्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ४८ | नेपाली | एम.बि.एस | कोशी अञ्चल,मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं.११ | -अरुण काबेली पावर लि.-सञ्चालक<br>-जनता बैंक नेपाल लि., -सञ्चालक (१ वर्ष)<br>-रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड- आयोजना संयोजक<br>-अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेडमा विभिन्न पदमा रहि जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव । | सर्वसाधारण |
| | | | | | | | नेपाल विद्युत प्राधिकरण-सञ्चालक (१ वर्ष) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | बिबेक तातेड | सञ्चालक | ४४ | नेपाली | एम.बि.ए | थापाथली, काठमाण्डौ | रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड-प्राविधिक सञ्चालक (५ वर्ष) प्रबन्ध निर्देशक- विशाल पलास्टोक्याब इन्डष्ट्रिज प्रा.लि. २००५ देखि हाल सम्म व्यवसाय विकास प्रबन्धक- एस.टि.एम. टेलिकम संचार कं.प्रा.लि.( ६ महिना) व्यवसाय विकास प्रबन्धक- एच.जी.इन्ट. प्रा.लि.(२ वर्ष) जलविद्युत क्षेत्रमा ५ बर्षको अनुभव । | सर्वसाधारण |
| ४. | सतिश न्यौपाने | सञ्चालक | ४२ | नेपाली | बि ए | का.म.न.पा.३१, काठमाण्डौ | -अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड-सञ्चालक -अपि पावर कम्पनी लिमिटेड- संस्थागत प्रतिनिधि सञ्चालक -कंचनजङ्गा हाउजिङ्ग लि. -सञ्चालक -अपि हाईड्रो मेकानिकल प्रा.लि प्रबन्ध निर्देशक जलविद्युत क्षेत्रमा १० बर्षको अनुभव । | सर्वसाधारण |
| ५. | मिलन खड्का | सञ्चालक | ३१ | नेपाली | बि.बि.एस | लगनखेल, ललितपुर | -अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड-सञ्चालक (२०१७ देखि हाल सम्म) -अरुण काबेली पावर लि. -.संस्थागत प्रतिनिधि सञ्चालक - अपि हाईड्रो मेकानिकल प्रा.लि- प्रमुख कार्यकारी अधिकृत (२०१७ देखि हाल सम्म) तथा वित्त व्यावस्थापक (२०१४ देखि २०१७ सम्म) जलविद्युत क्षेत्रमा ३ बर्षको अनुभव । | सर्वसाधारण |

**नोट** : कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन ।

यस कम्पनीका सञ्चालकहरु श्री रमेश प्रसाद न्यौपाने, श्री जिवनराज शाक्य र श्री सतिश न्यौपाने समान उद्धेश्यका अर्को कम्पनीमा संचालक पदमा आवद्ध रहनु भएकोले यस कम्पनीको आगामी वार्षिक साधारणसभा गर्दा संचालक पदमा नदोहोरिने प्रतिवद्धता पत्र श्री नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ।

"सूचिकृत संङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ।

**कम्पनीको प्रबन्ध सञ्चालकको विवरण :**

नाम : श्री रमेश प्रसाद न्यौपाने

ठेगाना : कोशी अञ्चल, मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं.११

अनुभव : -अरुण काबेली पावर लि.-संचालक,
-जनता बैंक नेपाल लि.-संचालक -१ वर्ष,
-रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड -परियोजना संयोजक -३ वर्ष,
-अरुण भ्याली हाइड्रोपावर डे.कम्पनी लिमिटेड- कार्यकारी अध्यक्ष
जलविद्युत कम्पनीमा परियोजना व्यवस्थापक देखि कार्यकारी अध्यक्षको पदमा २० बर्षको अनुभव कार्यरत

**ट) सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । मिति २०६९।०५।०१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीमा हाल विशेषज्ञ संचालक नियुक्त गरिएको छैन । कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलब पाँच(१:०.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को अधिनमा रहि सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**लेखापरिक्षण भएको विगत तीन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण**

**वासलात**

| **विवरण** | **(आ.व. २०७४/०७५)** | **(आ.व. २०७५/०७६)** | **(आ.व. २०७६/०७७)** |
|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४५,१७,७०,००५.०० | ४७,४४,५४,७४०.०० | ४९,१४,८४,५४७.०० |
| ह्रास कट्टी | (१८,८२,९६,१६१.००) | (२०,३१,५५,५०८.००) | (२२,०३,६६,३०५.००) |
| **खुद सम्पत्ती** | **२६,३४,७३,८४४.००** | **२७,१२,९९,२३२.००** | **२७,११,१८,२४२.००** |
| परियोजना कार्यप्रगति | ४,७५,२२,०२९.०० | १०,७२,४१,२३६.०० | २०,२८,८७,२१६.०० |
| लगानी | ५५,११,३०,९६४.०० | ५३,०८,४८,९८५.०० | ४२,६७,३०,९७१.०० |
| **कुल स्थीर सम्पत्ति** | **८६,२१,२६,८३७.००** | **९०,९३,८९,४५३.००** | **९०,०७,३६,४२९.००** |
| **चालू सम्पत्ति** | | | |
| प्राप्त हुन बाँकी | २,९५,७८,७०९.०० | १,०७,२८,७१३.०० | ९९,७८,५०९.०० |
| ऋण, पेश्की तथा जम्मा | १३,६२,५२,२२२.०० | १७,४२,४१,२०९.०० | २८,८२,१३,७४६.०० |
| नगद तथा बैकमा जम्मा रकम | १२,५८,२४०.०० | ७१,०६,४३४.०० | १,०१,६३,६१३.०० |
| **कुल चालू सम्पत्ति** | **१६,७०,८९,१७१.००** | **१९,२०,७६,३५६.००** | **३०,८३,५५,८६८.००** |
| **जम्मा सम्पत्ति** | **१,०२,९२,१६,००८.००** | **१,१०,१४,६५,८०९.००** | **१,२०,९०,९२,२९७.००** |
| **पूँजि र दायित्व** | | | |
| **शेयर पूँजि** | **९३,३०,१२,३००.००** | **९३,३०,१२,३००.००** | **९९,८३,२३,२००.००** |
| जगेडा कोष तथा सञ्चित नाफा | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० | ७,८९,२८,००४.०० |
| **जम्मा** | **९५,७५,७३,०९८.००** | **१,०१,०६,५२,७४४.००** | **१,०७,७२,५१,२०४.००** |

| | | | |
|---|---|---|---|
| अल्पकालिन ऋण | ५,५३,३०,४९५.०० | ५,२४,९४,८२९.०० | ७,६३,४४,५९२.०० |
| अन्य तिर्नुपर्ने | १,६३,१२,४१५.०० | ३,८३,१८,२३६.०० | ५,५४,९६,५०१.०० |
| **ऋण तथा दायित्व** | ७,१६,४२,९१०.०० | ९,०८,१३,०६५.०० | १३,१८,४१,०९३.०० |
| **जम्मा पूँजी तथा दायित्व** | १,०२,९२,१६,००८.०० | १,१०,१४,६५,८०९.०० | १,२०,९०,९२,२९७.०० |

## नाफा नोक्सान हिसाब

| विवरण | (आ.व. २०७४/०७५) | (आ.व. २०७५/०७६) | (आ.व. २०७६/०७७) |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ५,२०,५९,७५६.०० | ५,४९,७३,०८९.०० | ६,९२,२१,४०२.०० |
| अन्य आम्दानी | १,८९,९१,९८२.०० | ४,१९,८७,३२४.०० | ६,०७,४९,४८८.०० |
| **जम्मा आम्दानी** | ७,१०,५१,७३८.०० | ९,६९,६०,४१३.०० | १२,९९,७०,८९०.०० |
| रोयल्टी | १३,६०,३९४.०० | ८१,०१,४७२.०० | १,०१,१७,२४७.०० |
| प्रशासकीय खर्च | २,३७,३९,३७३.०० | ३१,८७,६७७.०० | ७८,४७,८३२.०० |
| आयोजना सञ्चालन खर्च | ६५,०१,००४.०० | ३३,०८,९२२.०० | ४४,३६,६४२.०० |
| **सञ्चालन मुनाफा** | ३,९४,५०,९६७.०० | ८,२३,६२,३४२.०० | १०,७५,६९,१६९.०० |
| ब्याज खर्च | ४१,९३,९२४.०० | ७२,०५,९०७.०० | ९४,९१,७५१.०० |
| ह्रास खर्च | १,२४,७२,४६०.०० | १,३०,४५,१८०.०० | १,२३,२१,३९०.०० |
| **बोनस अघिको नाफा** | २,२७,८४,५८३.०० | ६,२१,११,२५५.०० | ८,५७,५६,०२८.०० |
| कर्मचारी बोनस | १२,४५,३९५.०० | ११,४८,१७४.०० | ३,३३,०९०.०० |
| **बोनस पछिको नाफा** | २,१५,३९,१८८.०० | ६,०९,६३,०८१.०० | ८,५४,२२,९३८.०० |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | २,१५,३९,१८८.०० | ६,०९,६३,०८१.०० | ८,५४,२२,९३८.०० |
| आय कर | १४,२०,२६६.०० | ७८,८३,४३५.०० | १,४८,५३,२३८.०० |
| **आयकर पछिको नाफा** | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ७,०५,६९,७००.०० |
| **संस्थागत समाजिक उत्तरदायित्व व्यवस्था** | – | – | ७,०५,६९७.०० |
| **आयकर पछिको खुद नाफा** | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ६९८६४००३.०० |
| चालु वर्षको नाफा नोक्सान | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ६,९८,६४,००३.०० |
| गत वर्षसम्मको सञ्चिती | ९,३४,५९,५१३.०० | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० |
| बोनस शेयर प्रदान | (८,४८,१९,३००.००) | - | (६,५३,१०,९००.००) |
| लाभांस कर | | | (३२,६५,५४३.००) |
| सञ्चितीबाट नगद लाभांस वितरण | (४१,९८,३३७.००) | - | – |
| **मौज्दात जगेडा कोष र सञ्चित सारेको** | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० | ७,८९,२८,००४.०० |

नोटः लेखापरिक्षकले कम्पनीको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम नभएको भनि राय व्यक्त गर्न असमर्थता (Disclaimer of Opinion) उल्लेख गरिएको छ।

## कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण

### वासलात

| विवरण | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|
| | **आ.ब.०७७/०७८** | **आ.ब.०७८/०७९** | **आ.ब.०७९/०८०** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति (क)** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| भुमी, आयोजना संरचना, उपकरण तथा मेसिनरी | ४९,१४,८४,५४७ | २,४७,०६,५१,६८२ | २,४७,०६,५१,६८२ |
| **न्युन** | | | |
| ह्रास कट्टि | (२३,७१,८४,०५०) | (३६,२२,५९,३३३) | (४३,८२,५८,०३१) |

| | | | |
|---|---|---|---|
| **खुद स्थिर सम्पत्ति** | २५,४३,००,४९७ | २,१०,८३,९२,३४९ | २,०३,२३,९३,६५१ |
| निर्माणाधिन परियोजना | १,५१,७२,४०,३९० | १४,८७,७६,००५ | २१,३१,८९,७०२ |
| लगानी | ५४,३७,७१,७१५ | ७७,६७,७१,७१५ | ८९,६७,७१,७१५ |
| **कुल गैर चालु सम्पत्ति (क)** | २,३१,५३,१२,६०२ | ३,०३,३९,४०,०६९ | ३,१४,२३,५५,०६८ |
| **चालु सम्पत्ति (ख)** | | | |
| प्राप्त हुँन बाँकी रकम | ९९,७८,५०९ | ६,८२,१७,२४० | ७,११,२९,१७७ |
| ऋण, सापटी तथा पेश्की | २७,८८,०७,१८० | १५,०१,९५,९१९ | १६,६६,०२,५७३ |
| नगद तथा बैंक मौज्दात | १८,००,१३० | ८३,२९,८६३ | ८५,८३,०३३ |
| **कुल चालु सम्पत्ति (ख)** | २९,०५,८५,८१९ | २२,६७,४३,०२२ | २४,६३,१४,७८३ |
| **जम्मा सम्पती ((क)+(ख))** | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी (क)** | | | |
| शेयर पूँजी | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा तथा कोषहरु | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| **कुल पूँजी (क)** | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| **तिर्न बाँकी ऋण तथा सापटी (ख)** | ८९,५८,५०,८०८ | १,४१,९०,५१,६९६ | १,३५,३०,५८,१६५ |
| **चालु दायित्व (ग)** | | | |
| तिर्न बाँकी दायित्व | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| **कुल चालु दायित्व (ग)** | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| **कुल पूँजी तथा दायित्व ((क)+(ख)+(ग))** | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |

**नाफा नोक्सान हिसाव प्रक्षेपित**

| विवरण | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|
| | आ.ब.०७७/०७८ | आ.ब.०७८/०७९ | आ.ब.०७९/०८० |
| **आम्दानी :** | | | |
| विद्युत बिक्री आम्दानी | ६,९२,२१,४०२ | ३३,८५,५६,२७५ | ३४,७४,८२,५४१ |
| अन्य आम्दानी | ९,१२,०८,३७९ | ९,१९,५६,७४० | १२,९९,३१,६९२ |
| **कुल आम्दानी** | १६,०४,२९,७८१ | ४३,०५,१३,०१५ | ४७,७४,१४,२३३ |
| **न्यून:** | | | |
| **संचालन खर्च** | | | |
| रोयल्टी | १,०१,२२,१४० | १,६५,०२,८३७ | १,६६,८१,३६३ |
| प्रशासनिक खर्च | ६५,४६,६८८ | ६८,३५,१९६ | ७१,६४,३५७ |
| आयोजना संचालन खर्च | ४८,९२,९८४ | १,२१,६७,०५७ | १,२७,७५,४११ |
| **संचालन मुनाफा** | १३,८८,६७,९६९ | ३९,५०,०७,९२५ | ४४,०७,९३,१०२ |
| **अन्य खर्च** | | | |
| ब्याज खर्च | ८०,१७,१६० | ११,५९,१५,९६५ | १४,६१,२८,८७० |
| ह्रासकट्टी | १,६८,१७,७४६ | १२,५०,७५,२८३ | ७,५९,९८,६९८ |

| | | | |
|---|---|---|---|
| **बोनस अघिको मुनाफा** | **११,४०,३३,०६३** | **१५,४०,१६,६७७** | **२१,८६,६५,५३४** |
| कर्मचारी बोनस व्यवस्था | ३,३६,४०० | ३०,८०,३३४ | ४३,७३,३११ |
| **कर अघिको मुनाफा** | **११,३६,९६,६६३** | **१५,०९,३६,३४३** | **२१,४२,९२,२२३** |
| चालु आयकर | ३,१७६८,६३३ | २,२४,२०,३६९ | २,४३,७२,०५२ |
| स्थगन (डेफर) कर व्यवस्था | - | - | - |
| **कर पछिको मुनाफा** | **८,१९,२८,०३०** | **१२,८५,१५,९७४** | **१८,९९,२०,१७१** |
| सस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | ८,१९,२८० | १२,८५,१६० | १८,९९,२०२ |
| **खुद मुनाफा** | **८,११,०८,७५०** | **१२,७२,३०,८१४** | **१८,८०,२०,९६९** |
| **मुनाफा विनियोजना** | | | |
| चालु वर्षको नाफा | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| अघिल्लो बर्षबाट सारेको | ७.८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ |
| शेयरधनीलाई लाभांश | (५,२५,४३,३२६) | - | - |
| **वासलातमा सारेको** | **१०,७४,९३,४२८** | **२३,४७,२४,२४२** | **४२,२७,४५,२११** |

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

**१) विद्युत विक्रीबाट प्राप्त हुने आम्दानी**

देहाय बमोजिमको परियोजनाबाट कम्पनीको आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।

| क्र.सं. | आयोजना | व्यवसायीक उत्पादन शुरु मिति |
|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | २०६०।०६।०१ |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | २०७८।०६।०१ |

पिलुवा खोला साना जलविद्युत आयोजना (३.०० मे.वा.) बाट हुने आम्दानी आ.व. २०७६/७७ सम्मको वास्तविक आधारमा लिइएको छ। सो पश्चात देहाय बमोजिम उत्पादन प्रक्षेपण गरिएको छ भने काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट हुने आम्दानी सोहि नदीमा संचालन भई रहेको कोबली बी १ जलविद्युत आयोजना (Upstream Project) को गत विगत १५ महिना (२०७६ कार्तिक देखि २०७७ पुष सम्म) को उत्पादनको आधारमा गरिएको छ ।

| क्र.स. | आयोजना | आ.व. २०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० |
|---|---|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | क्षमताको ८७ प्रतिशत | क्षमताको ८७ प्रतिशत | क्षमताको ८७ प्रतिशत |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | - | क्षमताको ९० प्रतिशत | क्षमताको ९० प्रतिशत |

उर्जा बिक्री दर : आयोजनाहरुबाट उत्पादन भएको उर्जाको उर्जा बिक्री दर देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आयोजना | दर रु/kWh |
|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | अनुसुची (क) मा उल्लेख भएको उत्पादनमा<br>३.९० (बैशाख-मंसिर)<br>५.५२ (पुष-चैत्र)<br>अनुसुची (ख) मा उल्लखे भएको उत्पादनमा<br>१.९५ (बैशाख-चैत्र) |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना * | ४.८० (बैशाख-मंसिर)<br>८.४० (पुष-चैत्र) |

*माथि उल्लेखति दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको लागि लागू हुनेछ । व्यवसायिक उत्पादन भएको पहिलो ८ वर्षको लागि सुरु कायम दरमा वार्षिक ३ प्रतिशतले बृद्धि हुनेछ । सो पश्चात दरहरु ५.९५/kWh (बैशाख-मंसिर) र रु १०.४२/kWh (पुष-चैत्र) स्थिर रहनेछ ।

**२) अन्य स्रोतबाट आम्दानी**

नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री वाहेक निम्न स्रोतहरुबाट कम्पनीको आम्दानी हुने अनुमान गरिएको छ ।

| क्र.सं. | आयोजना | आ.व. २०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० |
|---|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंकबाट लाभांस आम्दानी | १२,८६,६१६.०० | १,२८,६६,१६०.०० | १,६०,८२,७००.०० |
| २ | अरुण काबेली पावर लि. बाट लाभांस आम्दानी | - | २,८६,५६,५५५.०० | २,८६,५६,५५५.०० |
| ३ | हिमालय उर्जा विकास क.लि.बाट लाभांस आम्दानी | - | २१,७२,८५५.०० | २१,७२,८५५.०० |
| ४ | रिडि हाइड्रोपावर डेभलपमेण्ट कम्पनीबाट लाभांस आम्दानी | - | ३,८०,७२५.०० | ३,८०,७२५.०० |
| ५ | अन्य कम्पनीबाट लाभांस आम्दानी | ३,००,०००.०० | ५०,००,०००.०० | ३,००,००,०००.०० |
| ६ | घर भाडा | ३,३०,०००.०० | ३,६०,०००.०० | ३,९०,०००.०० |
| ७ | ब्याज आम्दानी | १,११,१३,६५०.०० | १,२२,२५,०१५.०० | १,३४,४७,५१७.०० |
| ८ | लगानी बिक्रीबाट आम्दानी | ७,८१,७८,११३.०० | ३,०२,९५,४३०.०० | ३,८८,०१,३४०.०० |
| | **जम्मा** | **९,१२,०८,३७९.००** | **९,१९,५६,७४०.००** | **१२,९९,३१,६९२.००** |

**३) रोयल्टी**

कम्पनीले देहाय बमोजिमको प्रचलित दर बमोजिम उर्जा विक्रीमा रोयल्टी भुक्तानी गर्ने अनुमान गरिएको छ ।

| क्र.सं. | विवरण | रोयल्टी (जडित क्षमताको आधारमा) | रोयल्टी (उत्पादनको आधारमा) |
|---|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | रु. १०००/ कि.वा. | विद्युत विक्री रकमको १०% |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | रु. १००/ कि.वा. | विद्युत विक्री रकमको २% |

**४) वित्तीय खर्च**

कर्जाको व्याज तल उल्लेखित आधारमा अनुमान गरिएको छ ।

| क्र.सं. | कर्जा | व्याज दर |
|---|---|---|
| १ | ओभर ड्राफ्ट | बेस रेट प्लस २% |
| २ | आयोजना ऋण | बेस रेट प्लस २% |

व्यवसायिक उत्पादन हुने सम्मको व्याजलाई आयोजना लागतको रुपमा जनाइएको छ । व्यवसायिक उत्पादन पछिको व्याजलाई नाफा नोक्सान हिसाबमा जनाइनेछ । बेस रेट मासिक/त्रैमासिक आधारमा परिवर्तन भई रहने भएकोले बेस रेट १० प्रतिशत मानि प्रक्षेपण गरिएको छ।

**५) ह्रास कट्टी/परिशोधन**

ह्रास कट्टी/परिशोधन निम्न बमोजिम नीति अवलम्बन गरिएको छ ।

**क. पिलुवा खोला साना जलविद्युत आयोजना**

पिलुवा खोला साना जलविद्युत आयोजनाको हकमा आयोजनाको अनुमति पत्रको अवधी (३७ बर्ष) मानेर समदर (Straight Line Method) मा ह्रासकट्टी गरिएको छ।

**ख. काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना**

काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा आयोजनाको अनुमति पत्रको अवधी (३० बर्ष) मानेर समदर (Straight Line Method) मा ह्रासकट्टी गरिएको छ।

**ग . शेयर निष्काशन खर्चको परिशोधन**

सर्वसाधारणको शेयर निष्काशन खर्च परियोजना अवधी (३० वर्ष) भित्रमा परिशोधन गरिएको छ ।

**घ. अन्य सम्पत्ती**

अन्य सम्पत्तीमा आयकर ऐन, २०५८ मा उल्लेख भएको दर बमोजिम ह्रासकट्टि गरिनेछ ।

### ६) आयकर

प्रचलित आयकर कानुन बमोजिम जलविद्युत आयोजनालाई व्यवसायिक उत्पादन गरेको पहिलो १० वर्षका लागि १००% र त्यसपछिको ५ वर्षको लागि ५०% आयकर छुटको व्यवस्था गरिएको छ। पिलुवा खोला जलविद्युत आयोजनाको हकमा कर छुटको अवधी समाप्त भई सकेको हुनाले प्रचलित दर (२०%) बमोजिम आयकरको व्यवस्था गरिएको छ भने काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्षको लागि आयकर छुटको व्यवस्था भएकाले सो आम्दानीमा आयकरको व्यवस्था गरिएको छैन।

### ७) प्रस्तावित बोनश/लाभांश

सञ्चालक समितिले कम्पनी आ.व. २०७६/७७ को संचित मुनाफाबाट ५% बोनश शेयर र ०.३७ प्रतिशत (कर प्रयोजनका लागि) नगद लाभांशको प्रस्ताव पारित गरेकाले सोहि बमोजिम लाभांशको व्यवस्था गरिएको छ। सो पछिको आ.व.हरुमा कम्पनीले वितरण गर्ने/गर्न सक्ने बोनश/लाभांश हाल अनुमान गर्न नसकिने भएकोले प्रक्षेपित विवरणमा प्रस्तावित लाभांशको लागि कुनै व्यवस्था गरिएको छैन । सो अवधिको आम्दानीलाई जगेडा कोषमा संचित गरी राखिएको छ ।

### ८) हकप्रद निष्काशन

कम्पनीले हकप्रद निष्काशन वापतको रु ५२.४१ करोड देहाय बमोजिम उपयोग हुनेछ ।

| क्र.सं. | विवरण | रकम (रु. करोडमा) |
|---|---|---|
| १ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | ५२.४१ |
| **जम्मा** | | **५२.४१** |

### ९. दिर्घकालिन ऋण

कम्पनीले काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको निर्माणको लागि बैंक आफ काठमाण्डुको अगुवाईकमा सहवित्तियकरण कर्जा रु १३८.५० करोड उपभोग गर्ने अनुमान गरिएको छ।

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० |
| चुक्ता पुँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा संचित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| **जम्मा** | **९५,७५,७३,०९८** | **१,०१,०६,५२,७४४** | **१,०७,७२,५१,२०४** | **१,६७,९८,५२,५२८** | **१,८०,७०,८३,३४२** | **१,९९,५१,०४,३११** |
| अपलेखन गर्न बांकी खर्च | - | - | - | - | - | - |
| **जम्मा (नेटवर्थ)** | **९५,७५,७३,०९८** | **१,०१,०६,५२,७४४** | **१,०७,७२,५१,२०४** | **१,६७,९८,५२,५२८** | **१,८०,७०,८३,३४२** | **१,९९,५१,०४,३११** |
| शेयर संख्या | ९३,३०,१२३ | ९३,३०,१२३ | ९९,८३,२३२ | १,५७,२३,५९१ | १,५७,२३,५९१ | १,५७,२३,५९१ |
| प्रति शेयर नेटवर्थ | १०२.६३ | १०८.३२ | १०७.९१ | १०६.८४ | ११४.९३ | १२६.८९ |
| नेटवर्थमा औषत प्रतिफल | २.१० | ४.९८ | ६.४९ | ४.८३ | ७.०४ | ९.४२ |
| प्रति शेयर आम्दानी | २.१६ | ५.४० | ७.०० | ५.१६ | ८.०९ | ११.९६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ६.५५ | | |

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री कंडेल एण्ड एसोसियट्का चार्टड एकाण्टेण्ट श्री नारायण कंडेलले गर्नु भएको हो ।

### त) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

यस कम्पनीको आ.व २०७६/७७ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**आ.व.२०७७ आषाढ मसान्तको वासलात**

| विवरण | रकम (रु.) |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४९,१४,८४,५४७.०० |
| ह्रास कट्टी | (२२,०३,६६,३०५.००) |
| **खुद सम्पत्ती** | **२७,११,१८,२४२.००** |
| परियोजना कार्यप्रगति | २०,२८,८७,२१६.०० |

| | |
|---|---|
| लगानी | ४२,६७,३०,९७१.०० |
| **कुल स्थीर सम्पत्ति** | ९०,०७,३६,४२९.०० |
| **चालू सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | ९९,७८,५०९.०० |
| ऋण, पेश्की तथा जम्मा | २८,८२,१३,७४६.०० |
| नगद तथा बैकमा जम्मा रकम | १,०१,६३,६१३.०० |
| **कुल चालू सम्पत्ति** | ३०,८३,५५,८६८.०० |
| **जम्मा सम्पत्ति** | १,२०,९०,९२,२९७.०० |
| **पूँजि र दायित्व** | |
| **शेयर पूँजि** | ९९,८३,२३,२००.०० |
| जगेडा कोष तथा सञ्चित नाफा | ७,८९,२८,००४.०० |
| **जम्मा** | १,०७,७२,५१,२०४.०० |
| अल्पकालिन ऋण | ७,६३,४४,५९२.०० |
| अन्य तिर्नुपर्ने | ५,५४,९६,५०१.०० |
| **ऋण तथा दायित्व** | १३,१८,४१,०९३.०० |
| **जम्मा पूँजि तथा दायित्व** | १,२०,९०,९२,२९७.०० |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ६,९२,२१,४०२.०० |
| अन्य आम्दानी | ६,०७,४९,४८८.०० |
| **जम्मा आम्दानी** | **१२,९९,७०,८९०.००** |
| रोयल्टी | १,०१,१७,२४७.०० |
| प्रशासकीय खर्च | ७८,४७,८३२.०० |
| आयोजना सञ्चालन खर्च | ४४,३६,६४२.०० |
| **सञ्चालन मुनाफा** | **१०,७५,६९,१६९.००** |
| ब्याज खर्च | ९४,९१,७५१.०० |
| ह्रास खर्च | १,२३,२१,३९०.०० |
| **बोनस अघिको नाफा** | **८,५७,५६,०२८.००** |
| कर्मचारी बोनस | ३,३३,०९०.०० |
| **बोनस पछिको नाफा** | ८,५४,२२,९३८.०० |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **८,५४,२२,९३८.००** |
| आय कर | १,४८,५३,२३८.०० |
| **आयकर पछिको नाफा** | **७,०५,६९,७००.००** |
| संस्थागत समाजिक उत्तरदायित्व (CSR) व्यवस्था | ७,०५,६९७.०० |
| **आयकर पछिको खुद नाफा** | **६,९८,६४,००३.००** |
| चलु वर्षको नाफा नोक्सान | ६,९८,६४,००३.०० |
| गत वर्षसम्मको सञ्चिती | ७,७६,४०,४४४.०० |
| बोनस शेयर प्रदान | (६,५३,१०,९००.००) |
| लाभांस कर | (३२,६५,५४३.००) |
| सञ्चितीबाट नगद लाभांस वितरण | - |
| **मौज्दात जगेडा कोष र सञ्चिती सारेको** | ७८,९२८,००४.०० |

**नगद प्रवाहको विवरण (२०७७ आषाढ मसान्त)**

| विवरण | रकम(रु.) |
|---|---|
| चालु वर्षको खुद नाफा (नोक्सानी) | ६,९८,६४,००३.०० |
| **समायोजन :** | |
| ह्रास कट्टी | १,७२,१०,७९५.०० |
| सम्पत्ति विक्री गर्दाको नाफा (नोक्सान) | – |
| **चालु पूँजि परिर्वतन गर्नु अधिको खुद नाफा** | **८,७०,७४,७९८.००** |
| चालु सम्पत्तिमा भएको कमी/वृद्धि | (११,३२,२२,३३१.००) |
| चालु दायित्वमा भएको कमी/वृद्धि | ४,१०,२८,०२८.०० |
| ब्याज भुक्तानी | ९४,९१,७५१.०० |
| **सञ्चालन गतिविधिबाट  नगद प्रवाह** | २,४३,७२,२४६,०० |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| सम्पत्ति खरिद, प्लाण्ट मेशिनरी | (१,७०,२९,८०७.००) |
| सम्पत्ति बिक्री, प्लाण्ट मेशिनरी | - |
| लगानीमा भएको कमी/वृद्धि | ८४,७२,०३४.०० |
| **लगानीमा खुद नगदको प्रयोग** | **(८,५५,७७३.००)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर निष्काशन | ६,५३,१०,९००.०० |
| लाभांश | (६,८५,७६,४४३,.००) |
| ब्याज भुक्तानी | (९४,९१,७५१.००) |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | **(१,२७,५७,२९४.००)** |
| नगदमा भएको कुल परिवर्तन | ३०,५७,१७९.००) |
| गत वर्षको नगदको अवस्था | ७१,०६,४३४.००) |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | **१,०१,६३,६१३.००** |

**त(१) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने :**

आर्थीक वर्ष २०७७/७८ को दोस्रो त्रैमास सम्मको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ।

**आ. व. २०७७ /७८ पुष मसान्तको वासलात**

| विवरण | रकम (रु.) |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ५०,८१,४१,८५७ |
| ह्रास कट्टी | (२३,०२,६४,७६५) |
| **खुद सम्पत्ती** | **२७,८१,७७,०९२** |
| परियोजना कार्यप्रगति | ४०,१९,८०,४४० |
| लगानी | ३३,३२,५६,०४७ |
| **कुल स्थीर सम्पत्ति** | **१,०१,३४,१३,५७९** |
| **चालू सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | **१,१०,६८,१४१** |
| ऋण, पेश्की तथा जम्मा | ३१,६५,३३,१७५ |
| नगद तथा बैकमा जम्मा रकम | १.४०,९०,२५४ |
| **कुल चालू सम्पत्ति** | **३४,१६,९१,५७०** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **१,३५,५१,०५,१४९** |
| **पूँजी र दायित्व** | |
| **शेयर पूँजी** | **९९,८३,२३,२००** |
| जगेडा कोष तथा सञ्चित नाफा | १४,४३,६५,५३८ |
| **जम्मा** | **१,१४,४३,६५,५३८** |
| ऋण | १५,२२,४३,३०१ |
| अन्य तिर्नुपर्ने | ६,०१,७३,११० |
| **ऋण तथा दायित्व** | **२१,२४,१६,४११** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,३५,५१,०५,१४९** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७७ देखि पुष २९, २०७७)**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ३,०४,३३,८५० |
| अन्य आम्दानी | ६,५३,०९,९०७ |
| **जम्मा आम्दानी** | **९,५७,४३,७५७** |
| रोयल्टी | ४३,७०,७७४ |
| प्रशासकीय खर्च | १०,००,०८९ |
| आयोजना सञ्चालन खर्च | २४,३१,५५० |
| **सञ्चालन मुनाफा** | **८,७९,४१,३४४** |
| ब्याज खर्च | ६,५६९ |
| ह्रास खर्च | ५९,७४,३२१ |
| **बोनस अघिको नाफा** | **८,१९,६०,४५४** |
| कर्मचारी बोनस | १,६६,५४६ |
| **बोनस पछिको नाफा** | **८,१७,९३,९०८** |
| आय कर | १,३०,५३,४२१ |
| **आयकर पछिको नाफा** | **६,८७,४०,४८७** |
| संस्थागत समाजिक उत्तरदायित्व (CSR) व्यवस्था | ६,८७,४०५ |
| **खुद मुनाफा** | **६,८०,५३,०८२** |
| चलु वर्षको नाफा नोक्सान | ६,८०,५३,०८२ |
| गत वर्षसम्मको सञ्चिती | ७,८९,२८,००४ |
| बोनस शेयर प्रदान | - |
| लाभांस कर | (२६,१५,५४८) |
| सञ्चितीबाट नगद लाभांस वितरण | - |
| **मौज्दात जगेडा कोष र सञ्चिती सारेको** | **१४,४३,६५,५३८** |

त(२) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित आर्थिक जोखिमहरु :**

**(१) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
–नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

**(२) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने । परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

**(३) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको । (कम्पनीको पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको छ । नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

**(४) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :** आयोजना समयमै सम्पन्न नभएमा आयोजनाको निर्माण लगातमा बृद्धि हुने जोखिम रहेको ।

**(५) विदेशी विनिमयको जोखिम :** कम्पनीले काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको लागि चाहिने इलेक्ट्रोमेकानिकल उपकरणको खरिद सम्झौता विदेशी मुद्रा (युरो) मा गरेको र आयोजनाका लागि आवश्यक पाइपको खरिद सम्झौता भारतिय रुपैयामा खरिद गरेकाले युरो र भारतिय मुद्राको दरमा बृद्धि भएमा निर्माणाधीन आयोजनाको निर्माण लागतमा बृद्धि हुनाले गर्दा उल्लेखित विदेशी मुद्राको विनिमयको जोखिम रहेको ।

**(६) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेकोले सो जोखिम नरहेको ।

**(७) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ ।

**(८) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

**(९) सञ्चालन अनुभवको अभाव:** कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ६ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको ।

**(१०) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य स्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

**(११) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम:** कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तैयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको ।

**(१२) अन्य :** दैबिप्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा निर्माणाधिन आयोजनाको लागत बढ्नुका साथै आम्दानीको स्रोतमा असर पर्ने । जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागी परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतनबाट खोलामा पानिको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्तछ ।

**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।** नरहेको ।

**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।**

अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक छ । यो आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि पूँजी बजारमा कम्पनीको शेयरको मुल्यमा बृद्धि हुनेछ ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो स्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ । दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पती र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक सम्पती र लस अफ प्रोफिटको विमा समेत गरिएको छ ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कम्पनीको रजिष्ट्रर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौ तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :**

प्रत्याभुत नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

यो विवरण पत्र तयार पर्दाका बखतसम्ममा कम्पनीको कारोवारमा तात्विक असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिद–प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने छ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछ :-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,

(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था जि. पौड्याल एण्ड एसोसियटस रहेको छ । आर्थिक बर्ष २०७६/०७७ को लेखापरिक्षकको प्रतिवेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ ।

ख) कम्पनीको कम्पनी सचिवमा श्रीमती रन्जु अधिकारी रहनु भएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ पुरक भएको व्यहोरा व्यवसायीक संस्था श्री कंडेल एण्ड एसोसिएट, चार्टड एकाउण्टेण्टस्‌ले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१) हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

हकप्रद शेयर मार्फत उपलब्ध भएको रकमलाई कम्पनीले निम्म आयोजनाको निर्माणका लागि आवश्यक पर्ने स्वपुँजीमा लगानी गर्ने

क) कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा प्रदेश नं. १, जिल्ला पाँचथर, हिलिहाङ् गाउँपालिका वडा नं. १ मा ९.९४ मे.वा. जडित क्षमता भएको काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निमार्ण गरिरहेको छ । सो आयोजनाको लागि हकप्रद शेयर मार्फत स्वपूँजी जुटाई काम गर्न आवश्यक भएको ।

**२) हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) कम्पनीले निर्माण गरि रहेको काबेली बी–१ क्यासकेड जलविद्युत आयोजना निर्माणको कुल लागत १९७.९२ करोड रूपैंया रहेकोमा बैंक तथा वित्तिय संस्थाले सो लागतको ७० प्रतिशत अर्थात रू १३८.५० करोड लगानी गर्ने र बाँकी रू ५९.४२ करोड स्वपुँजीको लगानी हुने अनुमान गरिएको छ । हकप्रद शेयरको निष्काशनबाट प्राप्त रू ५२.४१ करोड यस आयोजना निर्माण कार्यमा लगानी गरिने भएकोले यो हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिन्छ ।

**३) निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५२,४१,१९,७००/- ( बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) अरुण भ्याली हाईड्रोपावर डेभ्लपमेन्ट कम्पनी लिमिटेडले निमार्ण निम्न जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ ।

- काबेली बी–१ क्यासकेड जलविद्युत आयोजना निर्माणको लागि - रू ५२.४१ करोड

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र विक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ । |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग,कमलादी, काठमाण्डौ । |
| ३ | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरु: इटहरी, इलाम, पोखरा-नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगंज, धनगढी र जनकपुर । |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री अरुण भ्याली हाईड्रोपावर डेभ्लपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.arunhydro.com.np वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु मुक्तिनाथ क्यापिटल लिमिटेड तथा अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Bankers to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ र गरिमा विकास बैंक लिमिटेडलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**
यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनीको रहेको छ ।
साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संचालकहरु संचालक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**
कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था हाल सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि, पुतलीसडक, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग मिति पुष १५, २०७७ मा प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default) भन्ने जानउंदछ। सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक वर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | २८४ | १४४ | १५३ | ५६०२ |
| २०७५/०७६ | १५४ | ९६ | १११ | ४३८० |
| २०७६/०७७ | १२३ | ८८ | ९३ | ४६८२ |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| मंसिर २०७७ | २७५ | २२० | २२३ | ६२४९ |
| पुष २०७७ | २४० | १९४ | २३४ | ३४०८ |
| माघ २०७७ | २९७ | २२७ | २९१ | ९८८६ |

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री जिवनराज शाक्य | अध्यक्ष | |
| २. | श्री रमेश प्रसाद न्यौपाने | प्रबन्ध संचालक | |
| ३. | श्री विवेक तातेड | संचालक | |
| ४. | श्री मिलन खड्का | संचालक | |
| ५. | श्री सतिश न्यौपाने | संचालक | |

**स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

ARUN VALLEY
HYDROPOWER DEVELOPMENT CO. LTD
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT
ESTD. 1997 A.D.

**अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड**

दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा , वडा नं. ११ थापाथली, काठमाण्डौं
फोन न. ०१–५१११०९३, फ्याक्स नं. ०१–५१११०३५,
इमेल : arunvalley2054@gmail.com वेभसाइट : www.arunhydro.com.np

**को**

**"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"**

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- का दरले शत प्रतिशत भुक्तानी माग गरिएको।

रु. १,०४,८२,३९,४०० बराबरको प्रति शेयर रु.१०० /- अंकित दरका १०,४८,२३९४ कित्ता साधारण शेयरको १ :०.५ (अर्थात विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा रु. ५२,४१,१९,७००/- बराबरको प्रति शेयर रु १००/- अंकित दरका ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस कम्पनीले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक , काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई पुष १५, २०७७ (डिसेम्बर ३०, २०२०) मा "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औषत जोखिम रहेको "(Issuers with this rating are considered to have moderate risk of default)" भन्ने जनाउँछ । सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मितिः पुष १५, २०७७ (डिसेम्बर ३०, २०२०)
रेटिङ्ग बहाल रहने अवधि मितिः पुष १४, २०७८ (डिसेम्बर २९, २०२१)

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७७/११/२५
**निष्काशन खुल्ला हुने मिति :**२०७८/०१/०६
**निष्काशन बन्द हुने मिति :**२०७८/०१/२६ (**बैंकिङ्ग समय पश्चात**)

**निष्काशन तथा बिक्री प्रबन्धक**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.

**मुक्तिनाथ क्यापिटल लिमिटेड**

हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं ।
फोन नं.: ४५४६१०८, ४५४६१०९
Email: info@muktinathcapital.com
Formerly Known as VIBOR CAPITAL LIMITED Website: www.muktinathcapital.com

**क) संगठित संस्थाको नाम :** अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (Arun Valley Hydropower Development Company Limited).

**ख) संगठित संस्थाको रजिष्ट्रर्ड कार्यालय :** कम्पनीको रजिष्टर्ड ठेगाना का. म. न. पा. वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग) कारोवार स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्ट्रर्ड कार्यालय का. म. न. पा., वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं र आयोजना स्थल प्रदेश नं.१, संखुवासभा जिल्ला, चैनपुर न.पा. वडा नं. ७ (पिलुवाखोला जलविद्युत आयोजना) र प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउ पालिका वडा नं. १ (काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना) मा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(अ) नेपालमा रहेको अपार जलस्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान, संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड २०५४ साल फागुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा कम्पनीमा जनसहभागीता बिस्तार गर्ने हेतुले २०६२ साल भाद्र ८ गतेका दिन पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

(आ) कम्पनीमा स्थापना कालमा ८२ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको थियो । मिति २०६९ भाद्र ०१ गते देखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

(इ) कम्पनीले पिलुवाखोलाको पानी उपयोग गरी ३,००० किलोवाट क्षमताको पिलुवाखोला जलविद्युत आयोजना निमार्ण गर्न २०५७ साल कात्तिक महिना देखि कार्य सुरु गरी मिति २०६० श्रावणमा निर्माण कार्य सम्पन्न गरी २०६० साल आश्विन १ गते देखि व्यवसायिक उत्पादन गरिरहेको छ । यस आयोजनाले प्रदेश नं. १ को कोशी अंचलका पहाडी जिल्लाहरुमा लोडसेडिंग हटाई भरपर्दो, उपयुक्त भोल्टेजको विद्युतशक्ति आपुर्ति गरी देश निमार्णमा सहयोग गरीरहेको छ । कम्पनीले निर्माण गरेको पिलुवाखोला आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०५६ साल माघ ९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि २५ वर्ष सम्मका लागि कायम रहेकोछ । सम्झौताको अवधि पुरा भएपछी दुवै पक्षको सहमतिबाट सम्झौता नविकरण गर्न सकिने व्यवस्था छ ।

(ई) कम्पनीले काबेली खोलाको पानी उपयोग गरि प्रदेश नं. १ जिल्ला पाँचथर हिलिहाङ गाउ पालिका वडा नं. १ मा ९९४० किलोवाट क्षमता भएको काबेली बी १ क्यासकेड परियोजना मिति २०७६ पुष देखि निर्माण कार्य सुरु गरि रहेको छ। उक्त आयोजनाको निर्माण कार्य २०७८ साल भाद्र मसान्त सम्ममा सम्पन्न गरि २०७८ साल आश्विन १ गते देखि राष्ट्रिय प्रसारण लाईनमा जोडिने लक्ष्य रहेको छ।

**कम्पनीका उद्देश्यहरु :**

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार कार्य गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत विक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्न स्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरु लिजमा लिई पूनः संचालन गरी, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युत संग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारकको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(च) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक वस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

इ) विद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने।

ई) नविकरणिय ऊर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।

उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

ऊ) देशमा बढ्दै गइरहेको सिमेन्टको मागलाई दृष्टिगत गरी आधुनिक सिमेन्ट उद्योगको स्थापना गरी गुणस्तरयुक्त सिमेन्ट उत्पादन गरी बिक्रि वितरण गर्ने ।

ए) स्वीकृति लिनु पर्नेमा लिई खानी खोजतलास गरी उत्खनन गर्ने ।

(छ) कम्पनीको व्यवसाय विस्तार गर्नको लागि जलविद्युतको अतिरिक्त (१) बैंक तथा वित्तिय संस्था, (२) सिमेन्ट उद्योग, (३) खानी तथा खनिज उद्योग तथा (४) भवन निमार्ण आदि क्षेत्रमा लगानी गर्ने ।

## ङ) शेयर पूँजीको संरचना :

**<u>अधिकृत पूँजी :</u>** कम्पनीको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (अक्षरेपी दुई अर्व पचास करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**<u>जारी पूँजी :</u>** कम्पनीको जारी पूँजी रु. १,८६,६०,२४,६००/- (अक्षरेपी एक अर्व छयासी करोड साठ्ठी लाख चौबीस हजार छ सय)) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,८६,६०,२४६ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**<u>चुक्ता पूँजी :</u>** कम्पनीको चुक्ता पूँजी रु. १,०४,८२,३९,४००/- (अक्षरेपी रु. एक अर्व चार करोड बयासी लाख उनान्चालिस हजार चार सय) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,०४,८२,३९४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत रु. ५२,४१,१९,७००/- ( अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- (अक्षेरुपी एक अर्व सन्ताउन्न करोड तेइस लाख उनान्न साठ्ठी हजार एक सय मात्र) हुनेछ ।

## च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. १,०४,८२,३९,४०० /- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,५७,२३,५९,१००/- कायम हुनेछ ।

## छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

मिति २०६९ भाद्र ०१ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भएको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । हाल कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागी कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

**२०७७ माघ मसान्त सम्मको आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

| सि.नं. | नाम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | अमर राजा ताम्राकार | काठमाण्डौं-२६ | ३७७३२४ | |
| २. | जिबन राज शाक्य | काठमाण्डौं-१५ | ३१४५४४ | |
| ३. | सुमित्रा देवी न्यौपाने | नया बानेश्वर-३४ | ३९३३७४ | |
| ४. | गोर्खाज फाईनान्स लि. | डिल्लीबजार -३३ | १८७९०७ | |
| ५. | गगन विर सिंह कंसकार | कालिमाटी-१६ | १४६१११ | |
| ६. | गुरु प्रसाद न्यौपाने | नया बानेश्वर-३४ | १७८८०२ | |

## ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.१,०४,८२,३९,४००/- को १ शेयर बराबर शुन्य दशमलब पाँच (१ :०.५) को अनुपातमा (अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ५२,४१,१९७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ । विद्युत नियमन आयोगबाट रु.९९,८३,२३,२००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन

गर्ने मिति २०७७/०४/१६ गतेमा कम्पनीले पूर्व स्विकृति प्राप्त गरेको र सोहि पूर्व स्विकृति बमोजिम कम्पनीले रु १००/- अंकित दरका ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताको हुन आउने रु ५२,४१,१९,७००/- (अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजारसात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

कम्पनीको मिति २०७७/०९/०८ गतेमा बसेको २३ औं वार्षिक साधारण सभाबाट पारित आर्थिक वर्ष २०७६/०७७ को ५ प्रतिशत बोनश शेयर समेत थप गरे पश्चात् कायम हुने कम्पनीको चुक्ता पूँजी रु.१,०४,८२,३९,४०० को एक कित्ता बराबर शुन्य दशमलव पाँच (१:०.५) को अनुपातमा हुन आउने जम्मा कित्ता ५२,४१,१९७ बराबर रु.५२,४१,१९,७००/-को हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागी निवेदन गरिएको छ। धितोपत्र निष्काशन गर्नु अघि विद्युत नियमन आयोगबाट पुर्व स्विकृति लिनु पर्ने नियम बनेर लागू भएपछि कम्पनीले आयोग समक्ष निवेदन गरेको थियो । विद्युत नियमन आयोगबाट मिति २०७७/०४/१६ गते रु. ९९ करोड ८३ लाख २३ हजार २ सय चूक्ता पूँजीलाई १:१ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सहमति प्रदान भए बमोजिम कम्पनीले रु १००/- अंकित दरको ९९,८३,२३२ कित्ता मध्ये प्रथम चरणमा ५२,४१,१९७ कित्ताले हुन आउने ५२,४१,१९,७००/-(अक्षरेपी बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिने छ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारणसभा सम्पन्न भएको मिति** :

कम्पनीको २३औं वार्षिक साधारणसभा मिति २०७७/०९/०८ मा सम्पन्न भई हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको छ।

**ञ) सञ्चालकहरुको परिचय**

**सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

यस कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ।

| सि.नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|---|---|
| १. | जिबन राज शाक्य | अध्यक्ष | ६४ | नेपाली | बि. ए. | १२२/४१ डल्लु, काठमाण्डौ | -सञ्चालक अरुण भ्याली हाइड्रो पावर डे. कम्पनी लिमिटेड<br>-संस्थागत प्रतिनिधि सञ्चालक अरुण काबेली पावर लि. समेत गरि जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव ।<br>-म्यानेजर पार्टनर-People to People Gmbh,Germany & Namaste B.V.B.A,Belgium<br>महा सचिव-Nepal Sri-Lanka friendship & Cultural Association- (२ वर्ष)<br>-सचिव- Buddhist SAARC - (३ वर्ष) | सर्वसाधारण |
| २. | रमेश प्रसाद न्यौपाने | प्रबन्ध सञ्चालक | ४८ | नेपाली | एम.बि.एस | कोशी अञ्चल,मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं.११ | -अरुण काबेली पावर लि.-सञ्चालक<br>-जनता बैंक नेपाल लि., -सञ्चालक (१ वर्ष)<br>-रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड- आयोजना संयोजक<br>-अरुण भ्याली हाइड्रोपावर डे. कम्पनी लिमिटेडमा विभिन्न पदमा रहि जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव । | सर्वसाधारण |
| | | | | | | | नेपाल विद्युत प्राधिकरण-सञ्चालक (१ वर्ष) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | बिबेक तातेड | सञ्चालक | ४४ | नेपाली | एम.बि.ए | थापाथली, काठमाण्डौ | रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड-प्राविधिक सञ्चालक (५ वर्ष) प्रबन्ध निर्देशक- विशाल पलास्टोक्याब इन्डष्ट्रिज प्रा.लि. २००५ देखि हाल सम्म व्यवसाय विकास प्रबन्धक- एस.टि.एम. टेलिकम संचार कं.प्रा.लि.( ६ महिना) व्यवसाय विकास प्रबन्धक- एच.जी.इन्ट. प्रा.लि.(२ वर्ष) जलविद्युत क्षेत्रमा ५ बर्षको अनुभव । | सर्वसाधारण |
| ४. | सतिश न्यौपाने | सञ्चालक | ४२ | नेपाली | बि ए | का.म.न.पा.३१, काठमाण्डौ | -अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड-सञ्चालक -अपि पावर कम्पनी लिमिटेड- संस्थागत प्रतिनिधि सञ्चालक -कंचनजङ्गा हाउजिङ्ग लि. -सञ्चालक -अपि हाईड्रो मेकानिकल प्रा.लि प्रबन्ध निर्देशक जलविद्युत क्षेत्रमा १० बर्षको अनुभव । | सर्वसाधारण |
| ५. | मिलन खड्का | सञ्चालक | ३१ | नेपाली | बि.बि.एस | लगनखेल, ललितपुर | -अरुण भ्याली हाईड्रोपावर डे.कम्पनी लिमिटेड-सञ्चालक (२०१७ देखि हाल सम्म) -अरुण काबेली पावर लि. -.संस्थागत प्रतिनिधि सञ्चालक - अपि हाईड्रो मेकानिकल प्रा.लि- प्रमुख कार्यकारी अधिकृत (२०१७ देखि हाल सम्म) तथा वित्त व्यावस्थापक (२०१४ देखि २०१७ सम्म) जलविद्युत क्षेत्रमा ३ बर्षको अनुभव । | सर्वसाधारण |

**नोट** : कम्पनीमा हाल विशेषज्ञ सञ्चालक नियुक्त गरिएको छैन ।

यस कम्पनीका सञ्चालकहरु श्री रमेश प्रसाद न्यौपाने, श्री जिवनराज शाक्य र श्री सतिश न्यौपाने समान उद्धेश्यका अर्को कम्पनीमा संचालक पदमा आवद्ध रहनु भएकोले यस कम्पनीको आगामी वार्षिक साधारणसभा गर्दा संचालक पदमा नदोहोरिने प्रतिवद्धता पत्र श्री नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरिएको छ।

"सूचिकृत संङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ।

**कम्पनीको प्रबन्ध सञ्चालकको विवरण :**

नाम : श्री रमेश प्रसाद न्यौपाने

ठेगाना : कोशी अञ्चल, मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं.११

अनुभव : -अरुण काबेली पावर लि.-संचालक,
-जनता बैंक नेपाल लि.-संचालक -१ वर्ष,
-रिडी हाइड्रोपावर डे. कम्पनी लिमिटेड -परियोजना संयोजक -३ वर्ष,
-अरुण भ्याली हाइड्रोपावर डे.कम्पनी लिमिटेड- कार्यकारी अध्यक्ष
जलविद्युत कम्पनीमा परियोजना व्यवस्थापक देखि कार्यकारी अध्यक्षको पदमा २० बर्षको अनुभव कार्यरत

**ट) सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम पाँच जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । मिति २०६९।०५।०१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीमा हाल विशेषज्ञ संचालक नियुक्त गरिएको छैन । कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलब पाँच(१:०.५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को अधिनमा रहि सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**लेखापरिक्षण भएको विगत तीन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण**

**वासलात**

| **विवरण** | **(आ.व. २०७४/०७५)** | **(आ.व. २०७५/०७६)** | **(आ.व. २०७६/०७७)** |
|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४५,१७,७०,००५.०० | ४७,४४,५४,७४०.०० | ४९,१४,८४,५४७.०० |
| ह्रास कट्टी | (१८,८२,९६,१६१.००) | (२०,३१,५५,५०८.००) | (२२,०३,६६,३०५.००) |
| **खुद सम्पत्ती** | **२६,३४,७३,८४४.००** | **२७,१२,९९,२३२.००** | **२७,११,१८,२४२.००** |
| परियोजना कार्यप्रगति | ४,७५,२२,०२९.०० | १०,७२,४१,२३६.०० | २०,२८,८७,२१६.०० |
| लगानी | ५५,११,३०,९६४.०० | ५३,०८,४८,९८५.०० | ४२,६७,३०,९७१.०० |
| **कुल स्थीर सम्पत्ति** | **८६,२१,२६,८३७.००** | **९०,९३,८९,४५३.००** | **९०,०७,३६,४२९.००** |
| **चालू सम्पत्ति** | | | |
| प्राप्त हुन बाँकी | २,९५,७८,७०९.०० | १,०७,२८,७१३.०० | ९९,७८,५०९.०० |
| ऋण, पेश्की तथा जम्मा | १३,६२,५२,२२२.०० | १७,४२,४१,२०९.०० | २८,८२,१३,७४६.०० |
| नगद तथा बैकमा जम्मा रकम | १२,५८,२४०.०० | ७१,०६,४३४.०० | १,०१,६३,६१३.०० |
| **कुल चालू सम्पत्ति** | **१६,७०,८९,१७१.००** | **१९,२०,७६,३५६.००** | **३०,८३,५५,८६८.००** |
| **जम्मा सम्पत्ति** | **१,०२,९२,१६,००८.००** | **१,१०,१४,६५,८०९.००** | **१,२०,९०,९२,२९७.००** |
| **पूँजि र दायित्व** | | | |
| **शेयर पूँजि** | **९३,३०,१२,३००.००** | **९३,३०,१२,३००.००** | **९९,८३,२३,२००.००** |
| जगेडा कोष तथा सञ्चित नाफा | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० | ७,८९,२८,००४.०० |
| **जम्मा** | **९५,७५,७३,०९८.००** | **१,०१,०६,५२,७४४.००** | **१,०७,७२,५१,२०४.००** |

| | | | |
|---|---|---|---|
| अल्पकालिन ऋण | ५,५३,३०,४९५.०० | ५,२४,९४,८२९.०० | ७,६३,४४,५९२.०० |
| अन्य तिर्नुपर्ने | १,६३,१२,४१५.०० | ३,८३,१८,२३६.०० | ५,५४,९६,५०१.०० |
| **ऋण तथा दायित्व** | ७,१६,४२,९१०.०० | ९,०८,१३,०६५.०० | १३,१८,४१,०९३.०० |
| **जम्मा पूँजी तथा दायित्व** | १,०२,९२,१६,००८.०० | १,१०,१४,६५,८०९.०० | १,२०,९०,९२,२९७.०० |

**नाफा नोक्सान हिसाब**

| विवरण | (आ.व. २०७४/०७५) | (आ.व. २०७५/०७६) | (आ.व. २०७६/०७७) |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ५,२०,५९,७५६.०० | ५,४९,७३,०८९.०० | ६,९२,२१,४०२.०० |
| अन्य आम्दानी | १,८९,९१,९८२.०० | ४,१९,८७,३२४.०० | ६,०७,४९,४८८.०० |
| **जम्मा आम्दानी** | ७,१०,५१,७३८.०० | ९,६९,६०,४१३.०० | १२,९९,७०,८९०.०० |
| रोयल्टी | १३,६०,३९४.०० | ८१,०१,४७२.०० | १,०१,१७,२४७.०० |
| प्रशासकीय खर्च | २,३७,३९,३७३.०० | ३१,८७,६७७.०० | ७८,४७,८३२.०० |
| आयोजना सञ्चालन खर्च | ६५,०१,००४.०० | ३३,०८,९२२.०० | ४४,३६,६४२.०० |
| **सञ्चालन मुनाफा** | ३,९४,५०,९६७.०० | ८,२३,६२,३४२.०० | १०,७५,६९,१६९.०० |
| ब्याज खर्च | ४१,९३,९२४.०० | ७२,०५,९०७.०० | ९४,९१,७५१.०० |
| ह्रास खर्च | १,२४,७२,४६०.०० | १,३०,४५,१८०.०० | १,२३,२१,३९०.०० |
| **बोनस अघिको नाफा** | २,२७,८४,५८३.०० | ६,२१,११,२५५.०० | ८,५७,५६,०२८.०० |
| कर्मचारी बोनस | १२,४५,३९५.०० | ११,४८,१७४.०० | ३,३३,०९०.०० |
| **बोनस पछिको नाफा** | २,१५,३९,१८८.०० | ६,०९,६३,०८१.०० | ८,५४,२२,९३८.०० |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | २,१५,३९,१८८.०० | ६,०९,६३,०८१.०० | ८,५४,२२,९३८.०० |
| आय कर | १४,२०,२६६.०० | ७८,८३,४३५.०० | १,४८,५३,२३८.०० |
| **आयकर पछिको नाफा** | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ७,०५,६९,७००.०० |
| **संस्थागत समाजिक उत्तरदायित्व व्यवस्था** | – | – | ७,०५,६९७.०० |
| **आयकर पछिको खुद नाफा** | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ६९८६४००३.०० |
| चालु वर्षको नाफा नोक्सान | २,०१,१८,९२२.०० | ५,३०,७९,६४६.०० | ६,९८,६४,००३.०० |
| गत वर्षसम्मको सञ्चिती | ९,३४,५९,५१३.०० | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० |
| बोनस शेयर प्रदान | (८,४८,१९,३००.००) | - | (६,५३,१०,९००.००) |
| लाभांस कर | | | (३२,६५,५४३.००) |
| सञ्चितीबाट नगद लाभांस वितरण | (४१,९८,३३७.००) | - | – |
| **मौज्दात जगेडा कोष र सञ्चित सारेको** | २,४५,६०,७९८.०० | ७,७६,४०,४४४.०० | ७,८९,२८,००४.०० |

नोटः लेखापरिक्षकले कम्पनीको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम नभएको भनि राय व्यक्त गर्न असमर्थता (Disclaimer of Opinion) उल्लेख गरिएको छ।

**कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण**

**वासलात**

| विवरण | प्रक्षेपित (रु. मा) | | |
|---|---|---|---|
| | **आ.ब.०७७/०७८** | **आ.ब.०७८/०७९** | **आ.ब.०७९/०८०** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति (क)** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| भुमी, आयोजना संरचना, उपकरण तथा मेसिनरी | ४९,१४,८४,५४७ | २,४७,०६,५१,६८२ | २,४७,०६,५१,६८२ |
| **न्युन** | | | |
| ह्रास कट्टि | (२३,७१,८४,०५०) | (३६,२२,५९,३३३) | (४३,८२,५८,०३१) |

| | | | |
|---|---|---|---|
| **खुद स्थिर सम्पत्ति** | २५,४३,००,४९७ | २,१०,८३,९२,३४९ | २,०३,२३,९३,६५१ |
| निर्माणाधिन परियोजना | १,५१,७२,४०,३९० | १४,८७,७६,००५ | २१,३१,८९,७०२ |
| लगानी | ५४,३७,७१,७१५ | ७७,६७,७१,७१५ | ८९,६७,७१,७१५ |
| **कुल गैर चालु सम्पत्ति (क)** | २,३१,५३,१२,६०२ | ३,०३,३९,४०,०६९ | ३,१४,२३,५५,०६८ |
| **चालु सम्पत्ति (ख)** | | | |
| प्राप्त हुँन बाँकी रकम | ९९,७८,५०९ | ६,८२,१७,२४० | ७,११,२९,१७७ |
| ऋण, सापटी तथा पेश्की | २७,८८,०७,१८० | १५,०१,९५,९१९ | १६,६६,०२,५७३ |
| नगद तथा बैंक मौज्दात | १८,००,१३० | ८३,२९,८६३ | ८५,८३,०३३ |
| **कुल चालु सम्पत्ति (ख)** | २९,०५,८५,८१९ | २२,६७,४३,०२२ | २४,६३,१४,७८३ |
| **जम्मा सम्पती ((क)+(ख))** | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी (क)** | | | |
| शेयर पूँजी | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा तथा कोषहरु | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| **कुल पूँजी (क)** | १,६७,९८,५२,५२८ | १,८०,७०,८३,३४२ | १,९९,५१,०४,३११ |
| **तिर्न बाँकी ऋण तथा सापटी (ख)** | ८९,५८,५०,८०८ | १,४१,९०,५१,६९६ | १,३५,३०,५८,१६५ |
| **चालु दायित्व (ग)** | | | |
| तिर्न बाँकी दायित्व | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| **कुल चालु दायित्व (ग)** | ३,०१,९५,०८५ | ३,४५,४८,०५३ | ४,०५,०७,३७५ |
| **कुल पूँजी तथा दायित्व ((क)+(ख)+(ग))** | २,६०,५८,९८,४२१ | ३,२६,०६,८३,०९१ | ३,३८,८६,६९,८५१ |

**नाफा नोक्सान हिसाव प्रक्षेपित**

| **विवरण** | **प्रक्षेपित (रु. मा)** | | |
|---|---|---|---|
| | **आ.ब.०७७/०७८** | **आ.ब.०७८/०७९** | **आ.ब.०७९/०८०** |
| **आम्दानी :** | | | |
| विद्युत बिक्री आम्दानी | ६,९२,२१,४०२ | ३३,८५,५६,२७५ | ३४,७४,८२,५४१ |
| अन्य आम्दानी | ९,१२,०८,३७९ | ९,१९,५६,७४० | १२,९९,३१,६९२ |
| **कुल आम्दानी** | १६,०४,२९,७८१ | ४३,०५,१३,०१५ | ४७,७४,१४,२३३ |
| **न्यून:** | | | |
| **संचालन खर्च** | | | |
| रोयल्टी | १,०१,२२,१४० | १,६५,०२,८३७ | १,६६,८१,३६३ |
| प्रशासनिक खर्च | ६५,४६,६८८ | ६८,३५,१९६ | ७१,६४,३५७ |
| आयोजना संचालन खर्च | ४८,९२,९८४ | १,२१,६७,०५७ | १,२७,७५,४११ |
| **संचालन मुनाफा** | १३,८८,६७,९६९ | ३९,५०,०७,९२५ | ४४,०७,९३,१०२ |
| **अन्य खर्च** | | | |
| ब्याज खर्च | ८०,१७,१६० | ११,५९,१५,९६५ | १४,६१,२८,८७० |
| ह्रासकट्टी | १,६८,१७,७४६ | १२,५०,७५,२८३ | ७,५९,९८,६९८ |

| | | | |
|---|---|---|---|
| **बोनस अघिको मुनाफा** | **११,४०,३३,०६३** | **१५,४०,१६,६७७** | **२१,८६,६५,५३४** |
| कर्मचारी बोनस व्यवस्था | ३,३६,४०० | ३०,८०,३३४ | ४३,७३,३११ |
| **कर अघिको मुनाफा** | **११,३६,९६,६६३** | **१५,०९,३६,३४३** | **२१,४२,९२,२२३** |
| चालु आयकर | ३,१७,६८,६३३ | २,२४,२०,३६९ | २,४३,७२,०५२ |
| स्थगन (डेफर) कर व्यवस्था | - | - | - |
| **कर पछिको मुनाफा** | **८,१९,२८,०३०** | **१२,८५,१५,९७४** | **१८,९९,२०,१७१** |
| सस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | ८,१९,२८० | १२,८५,१६० | १८,९९,२०२ |
| **खुद मुनाफा** | **८,११,०८,७५०** | **१२,७२,३०,८१४** | **१८,८०,२०,९६९** |
| **मुनाफा विनियोजना** | | | |
| चालु वर्षको नाफा | ८,११,०८,७५० | १२,७२,३०,८१४ | १८,८०,२०,९६९ |
| अघिल्लो बर्षबाट सारेको | ७.८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ |
| शेयरधनीलाई लाभांश | (५,२५,४३,३२६) | - | - |
| **वासलातमा सारेको** | **१०,७४,९३,४२८** | **२३,४७,२४,२४२** | **४२,२७,४५,२११** |

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

**१) विद्युत विक्रीबाट प्राप्त हुने आम्दानी**

देहाय बमोजिमको परियोजनाबाट कम्पनीको आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।

| **क्र.सं.** | **आयोजना** | **व्यवसायीक उत्पादन शुरु मिति** |
|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | २०६०।०६।०१ |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | २०७८।०६।०१ |

पिलुवा खोला साना जलविद्युत आयोजना (३.०० मे.वा.) बाट हुने आम्दानी आ.व. २०७६/७७ सम्मको वास्तविक आधारमा लिइएको छ। सो पश्चात देहाय बमोजिम उत्पादन प्रक्षेपण गरिएको छ भने काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट हुने आम्दानी सोहि नदीमा संचालन भई रहेको कोबली बी १ जलविद्युत आयोजना (Upstream Project) को गत विगत १५ महिना (२०७६ कार्तिक देखि २०७७ पुष सम्म) को उत्पादनको आधारमा गरिएको छ ।

| **क्र.स.** | **आयोजना** | **आ.व. २०७७/०७८** | **आ.व.२०७८/०७९** | **आ.व.२०७९/८०** |
|---|---|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | क्षमताको ८७ प्रतिशत | क्षमताको ८७ प्रतिशत | क्षमताको ८७ प्रतिशत |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | - | क्षमताको ९० प्रतिशत | क्षमताको ९० प्रतिशत |

उर्जा बिक्री दर : आयोजनाहरुबाट उत्पादन भएको उर्जाको उर्जा बिक्री दर देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **आयोजना** | **दर रु/kWh** |
|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | अनुसुची (क) मा उल्लेख भएको उत्पादनमा<br>३.९० (बैशाख-मंसिर)<br>५.५२ (पुष-चैत्र)<br>अनुसुची (ख) मा उल्लखे भएको उत्पादनमा<br>१.९५ (बैशाख-चैत्र) |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना * | ४.८० (बैशाख-मंसिर)<br>८.४० (पुष-चैत्र) |

*माथि उल्लेखति दर व्यवसायिक उत्पादन भएको पहिलो वर्षको लागि लागू हुनेछ । व्यवसायिक उत्पादन भएको पहिलो ८ वर्षको लागि सुरु कायम दरमा वार्षिक ३ प्रतिशतले बृद्धि हुनेछ । सो पश्चात दरहरु ५.९५/kWh (बैशाख-मंसिर) र रु १०.४२/kWh (पुष-चैत्र) स्थिर रहनेछ ।

**२) अन्य स्रोतबाट आम्दानी**

नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री वाहेक निम्न स्रोतहरुबाट कम्पनीको आम्दानी हुने अनुमान गरिएको छ ।

| क्र.सं. | आयोजना | आ.व. २०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० |
|---|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंकबाट लाभांस आम्दानी | १२,८६,६१६.०० | १,२८,६६,१६०.०० | १,६०,८२,७००.०० |
| २ | अरुण काबेली पावर लि. बाट लाभांस आम्दानी | - | २,८६,५६,५५५.०० | २,८६,५६,५५५.०० |
| ३ | हिमालय उर्जा विकास क.लि.बाट लाभांस आम्दानी | - | २१,७२,८५५.०० | २१,७२,८५५.०० |
| ४ | रिडि हाइड्रोपावर डेभलपमेण्ट कम्पनीबाट लाभांस आम्दानी | - | ३,८०,७२५.०० | ३,८०,७२५.०० |
| ५ | अन्य कम्पनीबाट लाभांस आम्दानी | ३,००,०००.०० | ५०,००,०००.०० | ३,००,००,०००.०० |
| ६ | घर भाडा | ३,३०,०००.०० | ३,६०,०००.०० | ३,९०,०००.०० |
| ७ | ब्याज आम्दानी | १,११,१३,६५०.०० | १,२२,२५,०१५.०० | १,३४,४७,५१७.०० |
| ८ | लगानी बिक्रीबाट आम्दानी | ७,८१,७८,११३.०० | ३,०२,९५,४३०.०० | ३,८८,०१,३४०.०० |
| **जम्मा** | | **९,१२,०८,३७९.००** | **९,१९,५६,७४०.००** | **१२,९९,३१,६९२.००** |

**३) रोयल्टी**

कम्पनीले देहाय बमोजिमको प्रचलित दर बमोजिम उर्जा विक्रीमा रोयल्टी भुक्तानी गर्ने अनुमान गरिएको छ ।

| क्र.सं. | विवरण | रोयल्टी (जडित क्षमताको आधारमा) | रोयल्टी (उत्पादनको आधारमा) |
|---|---|---|---|
| १ | पिलुवा खोला जलविद्युत आयोजना | रु. १०००/ कि.वा. | विद्युत विक्री रकमको १०% |
| २ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | रु. १००/ कि.वा. | विद्युत विक्री रकमको २% |

**४) वित्तीय खर्च**

कर्जाको व्याज तल उल्लेखित आधारमा अनुमान गरिएको छ ।

| क्र.सं. | कर्जा | व्याज दर |
|---|---|---|
| १ | ओभर ड्राफ्ट | बेस रेट प्लस २% |
| २ | आयोजना ऋण | बेस रेट प्लस २% |

व्यवसायिक उत्पादन हुने सम्मको व्याजलाई आयोजना लागतको रुपमा जनाइएको छ । व्यवसायिक उत्पादन पछिको व्याजलाई नाफा नोक्सान हिसाबमा जनाइनेछ । बेस रेट मासिक/त्रैमासिक आधारमा परिवर्तन भई रहने भएकोले बेस रेट १० प्रतिशत मानि प्रक्षेपण गरिएको छ।

**५) ह्रास कट्टी/परिशोधन**

ह्रास कट्टी/परिशोधन निम्न बमोजिम नीति अवलम्बन गरिएको छ ।

**क. पिलुवा खोला साना जलविद्युत आयोजना**

पिलुवा खोला साना जलविद्युत आयोजनाको हकमा आयोजनाको अनुमति पत्रको अवधी (३७ बर्ष) मानेर समदर (Straight Line Method) मा ह्रासकट्टी गरिएको छ।

**ख. काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना**

काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा आयोजनाको अनुमति पत्रको अवधी (३० बर्ष) मानेर समदर (Straight Line Method) मा ह्रासकट्टी गरिएको छ।

**ग . शेयर निष्काशन खर्चको परिशोधन**

सर्वसाधारणको शेयर निष्काशन खर्च परियोजना अवधी (३० वर्ष) भित्रमा परिशोधन गरिएको छ ।

**घ. अन्य सम्पत्ती**

अन्य सम्पत्तीमा आयकर ऐन, २०५८ मा उल्लेख भएको दर बमोजिम ह्रासकट्टि गरिनेछ ।

## ६) आयकर

प्रचलित आयकर कानुन बमोजिम जलविद्युत आयोजनालाई व्यवसायिक उत्पादन गरेको पहिलो १० वर्षका लागि १००% र त्यसपछिको ५ वर्षको लागि ५०% आयकर छुटको व्यवस्था गरिएको छ। पिलुवा खोला जलविद्युत आयोजनाको हकमा कर छुटको अवधी समाप्त भई सकेको हुनाले प्रचलित दर (२०%) बमोजिम आयकरको व्यवस्था गरिएको छ भने काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्षको लागि आयकर छुटको व्यवस्था भएकाले सो आम्दानीमा आयकरको व्यवस्था गरिएको छैन।

## ७) प्रस्तावित बोनश/लाभांश

सञ्चालक समितिले कम्पनी आ.व. २०७६/७७ को संचित मुनाफाबाट ५% बोनश शेयर र ०.३७ प्रतिशत (कर प्रयोजनका लागि) नगद लाभांशको प्रस्ताव पारित गरेकाले सोहि बमोजिम लाभांशको व्यवस्था गरिएको छ। सो पछिको आ.व.हरुमा कम्पनीले वितरण गर्ने/गर्न सक्ने बोनश/लाभांश हाल अनुमान गर्न नसकिने भएकोले प्रक्षेपित विवरणमा प्रस्तावित लाभांशको लागि कुनै व्यवस्था गरिएको छैन । सो अवधिको आम्दानीलाई जगेडा कोषमा संचित गरी राखिएको छ ।

## ८) हकप्रद निष्काशन

कम्पनीले हकप्रद निष्काशन वापतको रु ५२.४१ करोड देहाय बमोजिम उपयोग हुनेछ ।

| क्र.सं. | विवरण | रकम (रु. करोडमा) |
|---|---|---|
| १ | काबेली बी-१ क्यासकेड जलविद्युत आयोजना | ५२.४१ |
| **जम्मा** | | **५२.४१** |

## ९. दिर्घकालिन ऋण

कम्पनीले काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको निर्माणको लागि बैंक आफ काठमाण्डुको अगुवाईकमा सहवित्तियकरण कर्जा रु १३८.५० करोड उपभोग गर्ने अनुमान गरिएको छ।

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० |
| चुक्ता पुँजी | ९३,३०,१२,३०० | ९३,३०,१२,३०० | ९९,८३,२३,२०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० | १,५७,२३,५९,१०० |
| जगेडा कोष तथा संचित नाफा | २,४५,६०,७९८ | ७,७६,४०,४४४ | ७,८९,२८,००४ | १०,७४,९३,४२८ | २३,४७,२४,२४२ | ४२,२७,४५,२११ |
| **जम्मा** | **९५,७५,७३,०९८** | **१,०१,०६,५२,७४४** | **१,०७,७२,५१,२०४** | **१,६७,९८,५२,५२८** | **१,८०,७०,८३,३४२** | **१,९९,५१,०४,३११** |
| अपलेखन गर्न बांकी खर्च | - | - | - | - | - | - |
| **जम्मा (नेटवर्थ)** | **९५,७५,७३,०९८** | **१,०१,०६,५२,७४४** | **१,०७,७२,५१,२०४** | **१,६७,९८,५२,५२८** | **१,८०,७०,८३,३४२** | **१,९९,५१,०४,३११** |
| शेयर संख्या | ९३,३०,१२३ | ९३,३०,१२३ | ९९,८३,२३२ | १,५७,२३,५९१ | १,५७,२३,५९१ | १,५७,२३,५९१ |
| प्रति शेयर नेटवर्थ | १०२.६३ | १०८.३२ | १०७.९१ | १०६.८४ | ११४.९३ | १२६.८९ |
| नेटवर्थमा औषत प्रतिफल | २.१० | ४.९८ | ६.४९ | ४.८३ | ७.०४ | ९.४२ |
| प्रति शेयर आम्दानी | २.१६ | ५.४० | ७.०० | ५.१६ | ८.०९ | ११.९६ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ६.५५ | | |

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री कंडेल एण्ड एसोसियट्का चार्टड एकाण्टेण्ट श्री नारायण कंडेलले गर्नु भएको हो ।

## त) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

यस कम्पनीको आ.व २०७६/७७ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**आ.व.२०७७ आषाढ मसान्तको वासलात**

| विवरण | रकम (रु.) |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ४९,१४,८४,५४७.०० |
| ह्रास कट्टी | (२२,०३,६६,३०५.००) |
| **खुद सम्पत्ती** | **२७,११,१८,२४२.००** |
| परियोजना कार्यप्रगति | २०,२८,८७,२१६.०० |

| | |
|---|---|
| लगानी | ४२,६७,३०,९७१.०० |
| **कुल स्थीर सम्पत्ति** | ९०,०७,३६,४२९.०० |
| **चालू सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | ९९,७८,५०९.०० |
| ऋण, पेश्की तथा जम्मा | २८,८२,१३,७४६.०० |
| नगद तथा बैकमा जम्मा रकम | १,०१,६३,६१३.०० |
| **कुल चालू सम्पत्ति** | ३०,८३,५५,८६८.०० |
| **जम्मा सम्पत्ति** | १,२०,९०,९२,२९७.०० |
| **पूँजि र दायित्व** | |
| **शेयर पूँजि** | ९९,८३,२३,२००.०० |
| जगेडा कोष तथा सञ्चित नाफा | ७,८९,२८,००४.०० |
| **जम्मा** | १,०७,७२,५१,२०४.०० |
| अल्पकालिन ऋण | ७,६३,४४,५९२.०० |
| अन्य तिर्नुपर्ने | ५,५४,९६,५०१.०० |
| **ऋण तथा दायित्व** | १३,१८,४१,०९३.०० |
| **<u>जम्मा पूँजि तथा दायित्व</u>** | १,२०,९०,९२,२९७.०० |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ६,९२,२१,४०२.०० |
| अन्य आम्दानी | ६,०७,४९,४८८.०० |
| **जम्मा आम्दानी** | १२,९९,७०,८९०.०० |
| रोयल्टी | १,०१,१७,२४७.०० |
| प्रशासकीय खर्च | ७८,४७,८३२.०० |
| आयोजना सञ्चालन खर्च | ४४,३६,६४२.०० |
| **सञ्चालन मुनाफा** | १०,७५,६९,१६९.०० |
| ब्याज खर्च | ९४,९१,७५१.०० |
| ह्रास खर्च | १,२३,२१,३९०.०० |
| **बोनस अघिको नाफा** | ८,५७,५६,०२८.०० |
| कर्मचारी बोनस | ३,३३,०९०.०० |
| **बोनस पछिको नाफा** | ८,५४,२२,९३८.०० |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | ८,५४,२२,९३८.०० |
| आय कर | १,४८,५३,२३८.०० |
| **आयकर पछिको नाफा** | ७,०५,६९,७००.०० |
| संस्थागत समाजिक उत्तरदायित्व (CSR) व्यवस्था | ७,०५,६९७.०० |
| **आयकर पछिको खुद नाफा** | ६,९८,६४,००३.०० |
| चलु वर्षको नाफा नोक्सान | ६,९८,६४,००३.०० |
| गत वर्षसम्मको सञ्चिती | ७,७६,४०,४४४.०० |
| बोनस शेयर प्रदान | (६,५३,१०,९००.००) |
| लाभांस कर | (३२,६५,५४३.००) |
| सञ्चितीबाट नगद लाभांस वितरण | – |
| **मौज्दात जगेडा कोष र सञ्चिती सारेको** | ७८,९२८,००४.०० |

**नगद प्रवाहको विवरण (२०७७ आषाढ मसान्त)**

| विवरण | रकम(रु.) |
|---|---|
| चालु वर्षको खुद नाफा (नोक्सानी) | ६,९८,६४,००३.०० |
| **समायोजन :** | |
| ह्रास कट्टी | १,७२,१०,७९५.०० |
| सम्पत्ति विक्री गर्दाको नाफा (नोक्सान) | – |
| **चालु पूँजि परिर्वतन गर्नु अघिको खुद नाफा** | **८,७०,७४,७९८.००** |
| चालु सम्पत्तिमा भएको कमी/वृद्धि | (११,३२,२२,३३१.००) |
| चालु दायित्वमा भएको कमी/वृद्धि | ४,१०,२८,०२८.०० |
| ब्याज भुक्तानी | ९४,९१,७५१.०० |
| **सञ्चालन गतिविधिबाट  नगद प्रवाह** | २,४३,७२,२४६,०० |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| सम्पत्ति खरिद, प्लाण्ट मेशिनरी | (१,७०,२९,८०७.००) |
| सम्पत्ति बिक्री, प्लाण्ट मेशिनरी | - |
| लगानीमा भएको कमी/वृद्धि | ८४,७२,०३४.०० |
| **लगानीमा खुद नगदको प्रयोग** | **(८,५५,७७३.००)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर निष्काशन | ६,५३,१०,९००.०० |
| लाभांश | (६,८५,७६,४४३,.००) |
| ब्याज भुक्तानी | (९४,९१,७५१.००) |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | **(१,२७,५७,२९४.००)** |
| नगदमा भएको कुल परिवर्तन | ३०,५७,१७९.००) |
| गत वर्षको नगदको अवस्था | ७१,०६,४३४.००) |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | १,०१,६३,६१३.०० |

**त(१) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने :**

आर्थीक वर्ष २०७७/७८ को दोस्रो त्रैमास सम्मको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ।

**आ. व. २०७७ /७८ पुष मसान्तको वासलात**

| विवरण | रकम (रु.) |
|---|---|
| **स्थिर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ५०,८१,४१,८५७ |
| ह्रास कट्टी | (२३,०२,६४,७६५) |
| **खुद सम्पत्ती** | **२७,८१,७७,०९२** |
| परियोजना कार्यप्रगति | ४०,१९,८०,४४० |
| लगानी | ३३,३२,५६,०४७ |
| **कुल स्थीर सम्पत्ति** | **१,०१,३४,१३,५७९** |
| **चालू सम्पत्ति** | |
| प्राप्त हुन बाँकी | **१,१०,६८,१४१** |
| ऋण, पेश्की तथा जम्मा | ३१,६५,३३,१७५ |
| नगद तथा बैकमा जम्मा रकम | १.४०,९०,२५४ |
| **कुल चालू सम्पत्ति** | **३४,१६,९१,५७०** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **१,३५,५१,०५,१४९** |
| **पूँजी र दायित्व** | |
| **शेयर पूँजी** | **९९,८३,२३,२००** |
| जगेडा कोष तथा सञ्चित नाफा | १४,४३,६५,५३८ |
| **जम्मा** | **१,१४,४३,६५,५३८** |
| ऋण | १५,२२,४३,३०१ |
| अन्य तिर्नुपर्ने | ६,०१,७३,११० |
| **ऋण तथा दायित्व** | **२१,२४,१६,४११** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,३५,५१,०५,१४९** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७७ देखि पुष २९, २०७७)**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ३,०४,३३,८५० |
| अन्य आम्दानी | ६,५३,०९,९०७ |
| **जम्मा आम्दानी** | **९,५७,४३,७५७** |
| रोयल्टी | ४३,७०,७७४ |
| प्रशासकीय खर्च | १०,००,०८९ |
| आयोजना सञ्चालन खर्च | २४,३१,५५० |
| **सञ्चालन मुनाफा** | **८,७९,४१,३४४** |
| ब्याज खर्च | ६,५६९ |
| ह्रास खर्च | ५९,७४,३२१ |
| **बोनस अघिको नाफा** | **८,१९,६०,४५४** |
| कर्मचारी बोनस | १,६६,५४६ |
| **बोनस पछिको नाफा** | **८,१७,९३,९०८** |
| आय कर | १,३०,५३,४२१ |
| **आयकर पछिको नाफा** | **६,८७,४०,४८७** |
| संस्थागत समाजिक उत्तरदायित्व (CSR) व्यवस्था | ६,८७,४०५ |
| **खुद मुनाफा** | **६,८०,५३,०८२** |
| चलु वर्षको नाफा नोक्सान | ६,८०,५३,०८२ |
| गत वर्षसम्मको सञ्चिती | ७,८९,२८,००४ |
| बोनस शेयर प्रदान | - |
| लाभांस कर | (२६,१५,५४८) |
| सञ्चितीबाट नगद लाभांस वितरण | - |
| **मौज्दात जगेडा कोष र सञ्चिती सारेको** | **१४,४३,६५,५३८** |

त(२) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित आर्थिक जोखिमहरु :**

**(१) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
–नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

**(२) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने । परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

**(३) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको । (कम्पनीको पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको छ । नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

**(४) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :** आयोजना समयमै सम्पन्न नभएमा आयोजनाको निर्माण लगातमा बृद्धि हुने जोखिम रहेको ।

**(५) विदेशी विनिमयको जोखिम :** कम्पनीले काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको लागि चाहिने इलेक्ट्रोमेकानिकल उपकरणको खरिद सम्झौता विदेशी मुद्रा (युरो) मा गरेको र आयोजनाका लागि आवश्यक पाइपको खरिद सम्झौता भारतिय रुपैयामा खरिद गरेकाले युरो र भारतिय मुद्राको दरमा बृद्धि भएमा निर्माणाधीन आयोजनाको निर्माण लागतमा बृद्धि हुनाले गर्दा उल्लेखित विदेशी मुद्राको विनिमयको जोखिम रहेको ।

**(६) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : पिलुवा खोला जलविद्युत आयोजना र काबेली बी-१ क्यासकेड जलविद्युत आयोजनाको हकमा कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेकोले सो जोखिम नरहेको ।

**(७) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आएमा यो परियोजना निर्माणमा असर पर्नेछ ।

**(८) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

**(९) सञ्चालन अनुभवको अभाव:** कम्पनीको व्यवस्थापन समुहले यो परियोजना भन्दा अगावै ६ वटा परियोजना निर्माण गरि संचालन गरिसकेको हुदाँ सञ्चालकहरुको अनुभवको अभावको कारणले जोखिम नरहेको ।

**(१०) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य स्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

**(११) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम**: कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तैयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको ।

**(१२) अन्य :** दैबिप्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा निर्माणाधिन आयोजनाको लागत बढ्नुका साथै आम्दानीको स्रोतमा असर पर्ने । जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागी परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतनबाट खोलामा पानिको वाहावमा थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवड हुन सक्तछ ।

**देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।** नरहेको ।

**पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।**

अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयरको बजार मुल्य, लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक छ । यो आयोजनाको निर्माण पुरा भई संचालनमा आएपछि पूँजी बजारमा कम्पनीको शेयरको मुल्यमा बृद्धि हुनेछ ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो स्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ । दैविप्रकोप, अग्नी आदीबाट भौतिक सम्पती र आम्दानीमा हुन सक्ने जोखिम न्यूनिकरण गर्न कम्पनीले भौतिक सम्पती र लस अफ प्रोफिटको विमा समेत गरिएको छ ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**
कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा १५ कार्यदिन भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**
कम्पनीको रजिष्ट्रर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौ तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :**
प्रत्याभुत नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
“धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिन भित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**
यो विवरण पत्र तयार पर्दाका बखतसम्ममा कम्पनीको कारोवारमा तात्विक असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिद–प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने छ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछ :-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यबस्था भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,

(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ।

(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन।

(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था जि. पौड्याल एण्ड एसोसियटस रहेको छ। आर्थिक बर्ष २०७६/०७७ को लेखापरिक्षकको प्रतिवेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ।

ख) कम्पनीको कम्पनी सचिवमा श्रीमती रञ्जु अधिकारी रहनु भएको छ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ पुरक भएको व्यहोरा व्यवसायीक संस्था श्री कंडेल एण्ड एसोसिएट, चार्टड एकाउण्टेण्टस्ले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१) हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

हकप्रद शेयर मार्फत उपलब्ध भएको रकमलाई कम्पनीले निम्म आयोजनाको निर्माणका लागि आवश्यक पर्ने स्वपुँजीमा लगानी गर्ने

क) कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा प्रदेश नं. १, जिल्ला पाँचथर, हिलिहाङ् गाउँपालिका वडा नं. १ मा ९.९४ मे.वा. जडित क्षमता भएको काबेली बी १ क्यासकेड जलविद्युत आयोजना निमार्ण गरिरहेको छ । सो आयोजनाको लागि हकप्रद शेयर मार्फत स्वपूँजी जुटाई काम गर्न आवश्यक भएको ।

**२) हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) कम्पनीले निर्माण गरि रहेको काबेली बी–१ क्यासकेड जलविद्युत आयोजना निर्माणको कुल लागत १९७.९२ करोड रूपैंया रहेकोमा बैंक तथा वित्तिय संस्थाले सो लागतको ७० प्रतिशत अर्थात रू १३८.५० करोड लगानी गर्ने र बाँकी रू ५९.४२ करोड स्वपुँजीको लगानी हुने अनुमान गरिएको छ । हकप्रद शेयरको निष्काशनबाट प्राप्त रू ५२.४१ करोड यस आयोजना निर्माण कार्यमा लगानी गरिने भएकोले यो हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिन्छ ।

**३) निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.५२,४१,१९,७००/- ( बाउन्न करोड एकचालिस लाख उन्नाइस हजार सात सय मात्र) अरुण भ्याली हाईड्रोपावर डेभ्लपमेन्ट कम्पनी लिमिटेडले निमार्ण निम्न जलविद्युत आयोजनाको निर्माण कार्यमा उपयोग गरिनेछ ।

- काबेली बी–१ क्यासकेड जलविद्युत आयोजना निर्माणको लागि - रू ५२.४१ करोड

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र विक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौ । |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग,कमलादी, काठमाण्डौ । |
| ३ | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरुः इटहरी, इलाम, पोखरा-नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगंज, धनगढी र जनकपुर । |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसारमार्ग, कमलादी, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री अरुण भ्याली हाईड्रोपावर डेभ्लपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.arunhydro.com.np वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु मुक्तिनाथ क्यापिटल लिमिटेड तथा अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Bankers to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ र गरिमा विकास बैंक लिमिटेडलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**
यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनीको रहेको छ ।
साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संचालकहरु संचालक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**
कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था हाल सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि, पुतलीसडक, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)]" रेटिङ्ग मिति पुष १५, २०७७ मा प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default) भन्ने जानउंदछ। सो ग्रेडिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS)- देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक वर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७४/०७५ | २८४ | १४४ | १५३ | ५६०२ |
| २०७५/०७६ | १५४ | ९६ | १११ | ४३८० |
| २०७६/०७७ | १२३ | ८८ | ९३ | ४६८२ |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| मंसिर २०७७ | २७५ | २२० | २२३ | ६२४९ |
| पुष २०७७ | २४० | १९४ | २३४ | ३४०८ |
| माघ २०७७ | २९७ | २२७ | २९१ | ९८८६ |

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री जिवनराज शाक्य | अध्यक्ष | |
| २. | श्री रमेश प्रसाद न्यौपाने | प्रबन्ध संचालक | |
| ३. | श्री विवेक तातेड | संचालक | |
| ४. | श्री मिलन खड्का | संचालक | |
| ५. | श्री सतिश न्यौपाने | संचालक | |

**स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।